वर्ष १०    अङ्क ३६    २०८१ माघ

# संसद् दर्पण



संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

# संसद दर्पण

वर्ष १० अङ्क ३६ २०८१ माघ

## प्रकाशन समिति

| | |
|---|---|
| सहसचिव बविता मिश्र | -संयोजक |
| उपसचिव गोपाल सिग्देल | -सदस्य |
| उपसचिव सावित्रा शर्मा (सूचना अधिकारी) | -सदस्य |
| उपसचिव विकास बोहरा | -सदस्य |
| उपसचिव अनन्तप्रसाद कोइराला (सहायक प्रवक्ता) | -सदस्य |
| उपसचिव सुरेश राज सेढाई | -सदस्य |
| पूर्व सहसचिव मुरारी महत | -विज्ञ-सदस्य |
| शाखा अधिकृत बिमला रावल | -सदस्य |
| शाखा अधिकृत पवन महत | -सदस्य |
| शाखा अधिकृत सीता पोखेल | -सदस्य-सचिव |

## सहयोगी

कम्प्युटर अपरेटर अरुणा भण्डारी

नायब सुब्बा सरोज गोपाल डि.सी

**संघीय संसद सचिवालय**

**सिंहदरबार, काठमाडौं।**

**प्रकाशन** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

www.parliament.gov.np

information_section@parliament.gov.np

फोनः ०१-४२००२१०, ०१-४२००१२४, ०१-४२००८५

**मुद्रण** : संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

**प्रकाशन** : २०८१ माघ (Jan/Feb 2024)

## सम्पादकीय

संसदीय अभ्यास र परम्पराको संस्थागत स्मरणलाई सुव्यवस्थित गर्दै यस संघीय संसद सचिवालयले आवधिक तथा नियमित प्रकाशन गर्दै आएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले परिभाषित गरेका सार्वजनिक निकायले हरेक तीन तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्ने दायित्व रहन्छ। सोही दायित्व अनुरूप सो ऐनको दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण समावेश गरी २०७२ सालदेखि यस सचिवालयले संसद दर्पण त्रैमासिक रूपमा नियमित प्रकाशन गर्दै आएको छ । सोही बमोजिम २०८१ साल कार्तिक १ देखि पुस मसान्तसम्मका गतिविधि समेटी संसद दर्पणको यो अंक प्रकाशन गरिएको छ ।

यस अकंको खण्ड एकमा संघीय संसद अन्तर्गत प्रतिनिधि सभा, राष्ट्रिय सभा, दुवै सभा अन्तर्गतका विषयगत समिति र संयुक्त समिति तथा संघीय संसदका पदाधिकारीका क्रियाकलाप समेटिएका छन् । खण्ड दुईमा संघीय संसद सचिवालयका विभिन्न महाशाखा, शाखा, इकाइ तथा सचिवालयका नियमित गतिविधि समावेश गरिएको छ । त्यसैगरी, खण्ड तीनमा थप जानकारीमूलक विपयवस्तु प्रकाशन गर्ने अभ्यासको निरन्तरता स्वरुप महिला तथा सामाजिक मामिला समिति, अध्ययन तथा अनुसन्धान शाखा र कर्मचारी प्रशासन शाखासँग सम्बन्धित परिचयमूलक सामग्री प्रकाशन गरिएको छ।

यस प्रकाशनलाई सङ्ग्रहणीय र पठनीय बनाउन सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले निर्दिष्ट गरेका विषयका अतिरिक्त थप जानकारीमूलक संसदीय सामग्री आगामी प्रकाशनमा समेट्ने प्रयास गर्नेछौं। अन्त्यमा, यस प्रकाशनका सम्बन्धमा सम्बन्धित सबैको रचनात्मक सुझाव एवम् सहयोगको अपेक्षा गर्दछौं।

**२०८१ माघ** **प्रकाशन समिति**

# विषय सूची

## खण्ड-एक

## संघीय संसद


१.१ संघीय संसदका कामकारबाही........................................................१

१.१.१ प्रतिनिधि सभा........................................................१

१.१.२ राष्ट्रिय सभा........................................................२

१.२ संसदीय समितिका कामकारबाही........................................................२

१.२.१ संघीय संसदका संयुक्त समितिका गतिविधि........................................................२

१.२.१.१ ससंदीय सुनुवाइ समिति........................................................२

१.२.२ प्रतिनिधि सभाका समितिका गतिविधि........................................................३

१.२.२.१ अर्थ समिति........................................................३

१.२.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति........................................................७

१.२.२.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति........................................................९

१.२.२.४ कानून, न्याय तथा मानव अधिकार समिति........................................................१०

१.२.२.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति........................................................१६

१.२.२.६ महिला तथा सामाजिक मामिला समिति........................................................१८

१.२.२.७ राज्य व्यवस्था तथा सुशासन समिति........................................................२१

१.२.२.८ पूर्वाधार विकास समिति........................................................२८

१.२.२.९ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति........................................................३४

१.२.२.१० सार्वजनिक लेखा समिति........................................................५३

१.२.३ राष्ट्रिय सभाका समितिका गतिविधि........................................................५४

१.२.३.१ विकास, आर्थिक मामिला तथा सुशासन समिति........................................................५४

१.२.३.२ विधायन व्यवस्थापन समिति........................................................६१

१.२.३.३ सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति........................................................६२

१.२.३.४ सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति........................................ ६७
१.३ संघीय संसदका पदाधिकारीका गतिविधि.................................................................७३
१.३.१ सम्माननीय सभामुख ..................................................................................... ७३
१.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष ................................................................. ८०
१.३.३ माननीय उपसभामुख.......................................................................................८६
१.३.४ राष्ट्रिय सभाका माननीय उपाध्यक्ष ................................................................. ८८

## खण्ड-दुई

## संघीय संसद सचिवालय

२.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि...................................................... ९२
२.१.१ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा) ........................................................ ९२
२.१.१.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)........................................................ ९३
२.१.१.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा)..................................................... ९३
२.१.२ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा)..........................................................९४
२.१.२.१ कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) ........................................................... ९४
२.१.२.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा)......................................................... ९४
२.१.३ विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा)..................................................... ९५
२.१.३.१ विधेयक शाखा (राष्ट्रिय सभा).....................................................................९५
२.१.४ प्रशासन महाशाखा.......................................................................................... ९५
२.१.४.१ कर्मचारी प्रशासन शाखा ............................................................................. ९६
२.१.५.२ सूचना तथा अभिलेख व्यवस्थापन शाखा.....................................................१०२
२.१.५.३ आर्थिक प्रशासन शाखा ..............................................................................१०५
२.१.६ सांसद सुविधा व्यवस्थापन महाशाखा ...........................................................१०६
२.१.६.१ सांसद सुविधा व्यवस्थापन शाखा ...............................................................१०६

२.१.६.२ संसदीय दल समन्वय शाखा......१०७
२.१.७ आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा......१०७
२.१.७.१ आन्तरिक सेवा तथा योजना शाखा......१०७
२.१.८ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा......१०९
२.१.८.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा......११०
२.१.९ प्रविधि व्यवस्थापन महाशाखा......११३
२.१.९.१ सूचना प्रविधि शाखा......११४
२.१.९.२ विद्युत शाखा......११४
२.१.९.३ मुद्रण तथा प्रकाशन शाखा......११५
२.१.९.४ श्रव्य/दृश्य शाखा......११५
२.१.१० कानूनी परामर्श महाशाखा......११६
२.१.१०.१ कानूनी परामर्श शाखा......११६
२.१.११ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा......११७
२.१.११.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा......११७
२.१.११.२ नागरिक सम्बन्ध शाखा......११७
२.१.१२ मानव संसाधन विकास महाशाखा......११८
२.१.१२.१ संसदीय प्रशिक्षण शाखा......११८
२.१.१२.२ कर्मचारी प्रशिक्षण शाखा......११९
२.१.१२.३ प्रदेश सभा सम्पर्क तथा समन्वय शाखा......१२१

**खण्ड-तीन**

**विविध**

३.१.१ महिला तथा सामाजिक मामिला समितिको परिचय......१२२
३.१.२ कर्मचारी प्रशासन शाखाको परिचय......१४०
३.१.३ संसदीय अध्ययन तथा अनुसन्धान शाखाको परिचय......१५०

# खण्ड-एक
# संघीय संसद

## १.१ संघीय संसदका कामकारबाही

संघीय संसदका दुवै सभा प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट मिति २०८१ कार्तिक १ गतेदेखि पुस मसान्तसम्मको अवधिमा भएका कामकारबाहीलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### १.१.१ प्रतिनिधि सभा

यस अवधिमा प्रतिनिधि सभाको अधिवेशन चालू रहेको थिएन। २०८१ कार्तिक ३ गते प्रतिनिधि सभा सदस्य रवि लामिछाने कास्की जिल्ला अदालतको पक्राउ अनुमतिबमोजिम फौजदारी कसूरको अनुसन्धानको क्रममा पक्राउ पर्नुभएको ब्यहोराको सूचना प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (२) को प्रयोजनको लागि र २०८१ पुस ८ गते प्रतिनिधि सभा सदस्य माननीय रवि लामिछाने विरुद्ध कास्की जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २२बमोजिम मुद्दा

दायर भएकोले सोही ऐनको दफा २७ को कानूनी व्यवस्थाको प्रयोजनको लागि सम्माननीय सभामुखको निर्देशानुसार सूचना प्रकाशनसम्बन्धी कार्यसम्पादन भएको थियो ।

### १.१.२ राष्ट्रिय सभा

संघीय संसद, राष्ट्रिय सभाको यस अवधिमा कुनै पनि बैठक बसेको छैन।

## १.२ संसदीय समितिका कामकारबाही

संघीय संसदका संयुक्त र दुवै सभा अन्तर्गत गरी जम्मा १६ वटा विषयगत समितिहरू रहेका छन्। यस अवधिमा समितिहरुबाट समितिको बैठक बसी निर्णय गर्ने, निर्देशन दिने, स्थलगत अनुगमन गर्ने लगायतका कार्यहरु भएका छन्।

### १.२.१ संघीय संसदका संयुक्त समितिका गतिविधि

संघीय संसद अन्तर्गत जम्मा २ वटा संयुक्त समिति रहेका छन्। २०८१ कार्तिक १ देखि पुस मसान्तसम्म समितिहरुबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

#### १.२.१.१ ससंदीय सुनुवाइ समिति

**२०८१ कार्तिक १२**

- सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित व्यक्तिहरुका सम्बन्धमा प्राप्त उजुरीहरु खोली समितिका माननीय सदस्यहरुलाई वितरण गरिएको थियो।
- बेल्जियमका लागि प्रस्तावित राजदूत एवं सर्वोच्च अदालतको प्रस्तावित न्यायाधीशहरूले पेश गरेको कार्ययोजना समितिका माननीय सदस्यहरुलाई वितरण गरिएको थियो।
- बेल्जियमका लागि प्रस्तावित राजदूत एवं सर्वोच्च अदालतको प्रस्तावित न्यायाधीशहरूको संसदीय सुनुवाइ प्रक्रिया अगाडि बढाउन सचिवालयबाट तयार भएको कार्यतालिका परिमार्जन सहित पारित गरिएको थियो।

### १.२.२ प्रतिनिधि सभाका समितिका गतिविधि

प्रतिनिधि सभाअन्तर्गत जम्मा १० वटा विषयगत समिति रहेका छन्। उक्त समितिहरुले २०८१ कार्तिक १ देखि पुस मसान्तसम्म सम्पन्न गरेको मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### १.२.२.१ अर्थ समिति

**२०८१ कार्तिक २५**

- समितिका सभापति माननीय सन्तोष चालिसेको सभापतित्वमा बसेको समितिको बैठकमा समितिमा विचाराधीन रहेको ५ वटा विधेयकका सन्दर्भमा विधेयकमाथिको छलफललाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन अर्को बैठकमा अर्थ मन्त्रीसहितको उपस्थितिमा छलफल गर्ने निर्णय भएको थियो।

**२०८१ मङ्सिर २६**

- समितिको यस बैठकमा माननीय अर्थमन्त्रीले मुलुकको अर्थतन्त्रको समग्र वस्तुस्थिति र परिसूचकहरूको विषयमा समितिलाई जानकारी गराउनुका साथै समितिमा विचाराधीन विधेयकहरूलाई टुङ्ग्याउन समितिले राखे बैठकहरूमा उच्च प्राथमिकताका साथ समय दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

**२०८१ पुस १**

- समितिको यस बैठकमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८२ को उपनियम(१) बमोजिम गणपूरक संख्या भन्दा कम भएकोले उक्त नियमको उपनियम (२) बमोजिम २०८१ पुस ०२ गते बिहान ११:०० बजेसम्मका लागि स्थगित भएको थियो।

**२०८१ पुस २**

- समितिको बैठकमा प्रतिनिधि सभा नियमावली,२०७९ को नियम १८२ को उपनियम (१) बमोजिम गणपूरक संख्या भन्दा कम भएकोले उक्त नियमको

उपनियम (२)बमोजिम अर्को बैठक २०८१ पुस ०२ गते ११:४५ बजे बस्ने गरी स्थगित भएको थियो।

- पहिलो सत्रमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक अवधारणा सम्बन्धमा अर्थ सचिवले जानकारी दिनुभएको थियो ।तत पश्चात सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्तावकर्ता माननीय दामोदर पौडेल बैरागी, माननीय माधव सापकोटा र माननीय सोविता गौतमले आफूले प्रस्ताव गरेका संशोधनका ब्यहोरा, संशोधन राख्नुपर्ने कारण र समग्र विधेयकका बारेमा धारणा सहित संशोधन प्रस्तुत गर्नुभएको थियो । संशोधनकर्ता माननीयहरूले प्रस्ताव गर्नुभएका संशोधनमाथि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयको धारणा व्यक्त गर्नुभएको थियो ।
- दोस्रो सत्र अन्तर्गत सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि विषय विज्ञ एवं समितिका सदस्यहरुबीच छलफल भएको थियो ।
- संशोधन प्रस्ताव प्रस्तुत गर्न बाँकी संशोधनकर्ता माननीयहरूसँग मिति २०८१।०९।०७ गते बिहान ११:०० बजे बस्ने बैठकमा छलफल गर्ने गरी बैठक स्थगित भएको थियो।

## २०८१ पुस ७

- समितिको उक्त बैठकको पहिलो सत्रअन्तर्गत सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्तावकर्ता माननीय रणेन्द्र बराइलीले आफूले प्रस्ताव गरेका संशोधनका ब्यहोरा, संशोधन राख्नुपर्ने कारण र समग्र विधेयकका बारेमा धारणासहित संशोधन प्रस्तुत गर्नुभएको थियो । संशोधनकर्ता माननीयले प्रस्ताव गर्नुभएका संशोधनमाथि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयको धारणा व्यक्त गर्नुभएको थियो ।

- दोस्रो सत्र अन्तर्गत सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि अर्थ मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा विधेयकमाथिको दफावार छलफल प्रारम्भ भएको थियो। छलफलको क्रममा संशोधनका लागि प्रस्तावित दफाहरू, राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८०सम्बन्धी प्रतिवेदनमा छलफल भई दफावार छलफल समाप्त भएको थियो। छलफलका क्रममा सहमति भएका विषयहरू समेटी मिति २०८१।०९।११ गते बिहान ११:०० बजे बस्ने बैठकमा समिति सचिवालयले प्रतिवेदनको मस्यौदा पेश गरी प्रतिवेदनमाथि छलफल हुने गरी बैठक स्थगित भएको थियो।

**२०८१ पुस ११**

- समितिको यस बैठकमा सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा समिति सचिवालयले पेश गरेको प्रतिवेदनको मस्यौदामाथि छलफल भई बहुमतबाट पारित भएको थियो। उक्त प्रतिवेदनलाई प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२१बमोजिम प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भएको थियो ।

**२०८१ पुस १६**

- समितिको यस बैठकमा  माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालयका सचिव लगायत अन्य पदाधिकारीहरूको उपस्थितिमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल सम्पन्न भएको थियो।

## २०८१ पुस १८

- समितिको यस बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा भन्सार विभागका महानिर्देशक एवं भन्सार कार्यालयका प्रमुखहरूसँग छलफल भई देहायबमोजिमको निर्णय भएको थियो।
- भन्सार महसुल ऐन, २०८१ सँग दोहोरो परेका कारण भन्सार विधेयकबाट हटाउनुपर्ने र भन्सार महसुल ऐन, २०८१ सँग तादात्म्यता कायम गर्नका लागि परिमार्जन गर्नुपर्ने दफाहरू र परिमार्जन गर्नुपर्ने ब्यहोरा समेत स्पष्ट खुल्ने गरी दफावार रूपमा ५ (पाँच) दिनभित्र समितिमा विवरण पेश गर्न अर्थ मन्त्रालय र भन्सार विभागलाई निर्देशन दिने।

## २०८१ पुस १९

- समितिको उक्त बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा नेपाल समुन्द्रपार निकासी पैठारी संघ र नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग छलफल सम्पन्न भएको थियो।

## २०८१ पुस २८

- समितिको यस बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका सम्बन्धमा समितिका माननीय, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्श र नेपाल उद्योग परिसंघका प्रतिनिधिहरुसँग छलफल सम्पन्न भएको थियो।

## २०८१ पुस २९

- समितिको यस बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका

सम्बन्धमा व्यवसायिक कृषक एवंम सम्बद्ध पक्षहरुसँग छलफल सम्पन्न भएको थियो।

साथै, समितिको बैठक व्यवस्थापन तथा सञ्चालनका अलावा समिति सचिवालयसँग सम्बन्धित अन्य दैनिक कार्यहरु, आन्तरिक र बाह्य पत्राचारहरु, समन्वय अन्य नियमित व्यवस्थापकीय कार्यहरु निरन्तर रूपमा सम्पादन भएको।

## १.२.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

### २०८१ पुस १८

- समितिको यस बैठकमा सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.व २०८१/८२ को कार्यक्रम तथा हालसम्मको प्रगति विषयमा छलफल हुँदा माननीय मन्त्रीबाट मन्त्रालयको कार्यक्रम र प्रगतिबारे जानकारी गराउनु भएको थियो। सो सम्बन्धमा समितिका एघार जना माननीय सदस्यहरुले जिज्ञासा एवं धारणा राखुभएको थियो।छलफलका क्रममा माननीय मन्त्रीबाट माननीय सदस्यहरुको जिज्ञासाहरुलाई सम्बोधन गरिएको थियो। तत्पश्चात मन्त्रालयसँग सम्बन्धित बाँकी विषयहरुमा आगामी बैठकमा थप छलफल गर्ने गरी बैठक स्थगित भएको थियो।

### २०८१ पुस १९

- समितिको यस बैठकमा  सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग नेपाल पर्यटन बोर्डको कार्यक्रम, कार्ययोजना तथा हालसम्मको प्रगति विषयमा छलफल हुँदा मन्त्रालयका सहसचिवबाट नेपाल पर्यटन बोर्डको स्थापना, उद्देश्य तथा हालसम्मको प्रगतिबारे प्रस्तुतिकरण भएको थियो। सो सम्बन्धमा समितिका ९ जना माननीय सदस्यहरुले जिज्ञासा एवं धारणा राखुभएको थियो।माननीय मन्त्री, मन्त्रालयका सचिव तथा नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशकबाट माननीय सदस्यहरुको जिज्ञासाहरुलाई सम्बोधन गरिएको

थियो।मन्त्रालयसँग सम्बन्धित बाँकी विषयहरुमा आगामी बैठकमा थप छलफल गर्ने गरी बैठक स्थगित भएको थियो।

## २०८१ पुस २३

- समितिको यस बैठकमा सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल वायु सेवा निगमको विमान सञ्चालन, व्यवस्थापन तथा सेवा सञ्चालनका सम्बन्धमा छलफल हुँदा नेपाल वायु सेवा निगमबाट कार्यकारी अध्यक्षले सो सम्बन्धमा प्रस्तुतीकरण गर्नु भएको थियो। उक्त विषयमा समितिका ११ जना माननीय सदस्यहरुले जिज्ञासा एवं धारणा राख्नुभएको थियो। मन्त्रालय र नेपाल वायु सेवा निगमसँग सम्बन्धित विषयहरुमा समितिको यस बैठकमा समय अभावका कारण छलफल टुंगोमा पुग्न नसकेकोले यही २०८१ ०९/२५ गते अर्को बैठक बस्नेगरी बैठक स्थगित भएको थियो।

## २०८१ पुस २५

- अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको यस बैठकमा माननीय सँस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्री, मन्त्रालयका सचिव र नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्षसँग नेपाल वायु सेवा निगमको विमान सञ्चालन व्यवस्थापन तथा सेवा सञ्चालनका सम्बन्धमा सम्बन्धमा छलफल भएको थियो।

छलफल पश्चात समितिबाट देहायबमोजिमको निर्णय भयो :

- सँस्कृति, पर्यटन र नागरिक उड्डयन तीनै क्षेत्रको वृहत्तर विकासका लागि मन्त्रालयको समग्र नीतिगत, संरचनागत र व्यवस्थापकीय सुधार गर्न कार्यान्वयनयोग्य कार्ययोजना यथाशीघ्र निर्माण गरी सो को जानकारी समितिलाई गराउने,

- विविध जाति, भाषा, धर्म र सँस्कृतिसँग सम्बन्धित सम्पदाहरुको संरक्षण गर्न नेपालमा जातीय र धार्मिक संग्रहालयहरुको निर्माण कार्यलाई तिव्रता दिई पर्यटन प्रवर्द्धनमा जोड दिने,

- मन्त्रालय अन्तर्गत सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालित विभिन्न आयोजना एवं निकायहरुको उपलब्धि र प्रभावकारिताबारे अध्ययन गरी सो को जानकारी समितिलाई उपलब्ध गराउने,
- पुरातात्विक सम्पदा उत्खनन्को कार्यलाई नियमित, मितव्ययी र परिणाममूलक बनाइ कार्य सम्पादनमा जोड दिने,
- भैरहवा र पोखरा अन्तराष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि सम्वद्ध निकायहरुवीच सम्झौता, समन्वय एवं पहलकदमी लिने,
- नेपाल वायुसेवा निगमको व्यावसायिक योजनालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई सोको प्रगति समयसमयमा समितिमा पेश गर्ने,
- राष्ट्रिय महत्व, सुरक्षा र आर्थिक विकासका दृष्टिबाट अत्यावश्यक निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई शीघ्र अघि बढाउन नेपाल सरकार र सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने,
- पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि बजारीकरण योजनासहितको रणनीतिक कार्ययोजना यथाशीघ्र निर्माण गरी सो को जानकारी समितिलाई उपलब्ध गराउने।

### १.२.२.३ उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

**२०८१ पुस २३**

- समितिको यस बैठकमा विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, वाणिज्य तथा आपूर्ति सचिव गोविन्द बहादुर कार्की तथा कानून न्याय संसदीय मामिला मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल राष्ट्र बैंकका प्रतिनिधिसँग प्रारम्भिक छलफल भएको थियो।

**२०८१ पुस २४**

- समितिको आजको बैठकमा विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा उपसमितिबाट तयार भएको प्रारम्भिक प्रतिवेदनमाथि छलफल भएको थियो। बैठकमा भएको छलफलका आधारमा बिधेयकका विभिन्न दफाहरूमा सहमति नभएका विषयमा उपसमितिबाट छलफल गरी समितिको बैठकमा प्रतिवेदन पेश गर्ने गरी निर्णय भएको थियो।

मिति २०८१ मङ्सिर ६ देखि ८ गतेसम्म मकवानपुर र धनुषा जिल्लाहरूमा रहेका केही उद्योगहरुको स्थलगत अनुगमनका साथै बाग्मती र मधेश प्रदेशसभाका उद्योगसँग सम्बन्धित विषय हेर्ने समितिका माननीयहरूसँग छलफल एवं अन्तर्क्रिया कार्यक्रम भएको थियो। साथै, जिल्ला प्रशासन कार्यालय, जनकपुरधाममा "वैदेशिक रोजगारीमा गएका युवाहरूले भोग्नु परेको समस्या र समाधानका उपाय" विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको थियो।

## १.२.२.४ कानून, न्याय तथा मानव अधिकार समिति

**२०८१ कात्तिक ३०**

- समितिको यस बैठकमा समितिले गर्ने स्थलगत अनुगमन तथा समितिका कामकारबाहीका विषयमा छलफल भएको थियो । छलफलमा माननीय सोबिता गौतम, माननीय रन्जु कुमारी झा, माननीय शेर बहादुर कुँवर, माननीय प्रतिक्षा तिवारी, माननीय नैनकला थापा र माननीय जीवन परियारले आ-आफ्ना धारणा राखुभएको थियो । छलफलका क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव मान बहादुर अर्यालले समेत आफ्नो धारणा राखुभएको थियो।

छलफलपश्चात् देहायबमोजिम निर्णय भएको थियो। -

(क) प्रहरी हिरासतमा रहेका थुनुवाहरूलाई नेपालको संविधानले सुनिश्चित गरेको मैलिक हकको कार्यान्वयन तथा मानवअधिकारको अवस्थाका सम्बन्धमा

२०८१ साल मङ्सिर ९ गतेदेखि १२ गतेसम्म मधेश प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गरी समितिसमक्ष सुझावसहितको प्रतिवेदन पेस गर्न देहायबमोजिमको ६ सदस्यीय उपसमिति गठन गरिएको थियो।

- माननीय बिमला सुवेदी
- माननीय पुष्प बहादुर शाह
- माननीय रन्जु कुमारी झा
- माननीय नागिना यादव
- माननीय प्रतिक्षा तिवारी
- माननीय शेर बहादुर कुँवर

समितिका सभापति तथा उपसमितिका माननीयहरूसँग समन्वय गरी समिति सचिवालयले उपसमितिको स्थलगत अनुगमन कार्यक्रम तय गर्ने एवम् उपसमितिले आफ्नो संयोजक आफै चयन गर्न सक्ने साथै कार्यविधि आफैले बनाइ लागू गर्ने ।

(ख) निर्णयको उपबुँदा (क)बमोजिम गठित उपसमितिले गर्ने स्थलगत अनुगमनको समय अवधिभित्रको कुनै दिन वा समयमा उपसमितिले मधेश प्रदेशको राजधानी रहेको धनुषा जिल्लाको जनकपुरधाममा "संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौती" का विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने । उक्त अन्तरक्रिया कार्यक्रममा प्रदेश सभाका सदस्य, प्रदेश सरकारका प्रतिनिधि, कानून व्यवसायी, स्थानीय तहका जनप्रतिनिधि, विज्ञ, सरोकारवाला एवम् पत्रकारलगायतलाई आमन्त्रण गर्ने ।

(ग) प्रहरी हिरासतमा रहेका थुनुवाहरूलाई नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकको कार्यान्वयन तथा मानवअधिकारको अवस्थाका सम्बन्धमा २०८१ साल मङ्सिर १८ गतेदेखि २१ गतेसम्म लुम्बिनी प्रदेशका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ र बाँके जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन गरी समितिसमक्ष

सुझावसहितको प्रतिवेदन पेस गर्न देहायबमोजिमका ६ सदस्यीय उपसमिति गठन गरिएको थियो।

- माननीय बिमला सुवेदी
- माननीय जीवन परियार
- माननीय पूर्ण बहादुर घर्ती
- माननीय चन्द्र बहादुर विश्वकर्मा
- माननीय ध्रुव बहादुर प्रधान
- माननीय  सोबिता गौतम

समितिका सभापति तथा उपसमितिका माननीयहरूसँग समन्वय गरी समिति सचिवालयले उपसमितिको स्थलगत अनुगमन कार्यक्रम तय गर्ने एवम् उपसमितिले आफ्नो संयोजक आफै चयन गर्न सक्ने साथै कार्यविधि आफैले बनाइ लागू गर्ने

(घ) निर्णयको उपबुँदा (ग)बमोजिम गठित उपसमितिले गर्ने स्थलगत अनुगमनको समय अवधिभित्रको कुनै दिन वा समयमा उपसमितिले लुम्बिनी प्रदेशको राजधानी रहेको दाङ जिल्लाको देउखुरीमा "संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौती" का विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने । उक्त अन्तरक्रिया कार्यक्रममा प्रदेश सभाका सदस्य, प्रदेश सरकारका प्रतिनिधि, कानून व्यवसायी, स्थानीय तहका जनप्रतिनिधि, विज्ञ, सरोकारवाला एवम् पत्रकारलगायतलाई आमन्त्रण गर्ने ।

माननीयहरूबाट प्राप्त सुझावका आधारमा समितिको आगामी बैठकका कार्यसूची/ एजेन्डा तय हुने जानकारी गराउँदै सभापतिले बैठक अन्त्य गर्नुभएको थियो ।

## २०८१ पुस ७

- समितिको यस बैठकमा  केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा  कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित दफा ६४ माथि केन्द्रित भई संशोधन प्रस्तावकर्ता माननीयहरूको संशोधन प्रस्ताव र समितिका माननीयहरूको धारणासहित छलफल भएको थियो ।

- सर्वप्रथम माननीय कानून, न्याय तथा संसदीय ममिला मन्त्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभयो भने मन्त्रालयका सचिव उदयराज सापकोटाले थप प्रष्ट पार्नुभएको थियो । तत्पश्चात् छलफलका क्रममा समितिका माननीयहरू- नागिना यादव, प्रतिक्षा तिवारी, सुशिला थिङ, रन्जु कुमारी झा, पूर्ण बहादुर घर्ती, चन्द्र बहादुर विश्वकर्मा, रामकुमार राई, जीवन परियार, सुहाङ्ग नेम्वाङ्ग र नैनकला थापाले आ-आफ्ना धारणा राखुभएको थियो । त्यसपछि कानून, न्याय तथा संसदीय ममिला मन्त्री अजय कुमार चौरसिया, मन्त्रालयका सचिव उदयराज सापकोटा र सहसचिव मानबहादुर अर्यालले सरकारको तर्फबाट आ-आफ्ना धारणा राखुभएको थियो।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा छलफल गर्नुपर्ने भनी पहिचान भएका दफाहरूमा समितिको अर्को बैठकमा छलफल हुने जानकारी गराउँदै सभापतिले समितिको बैठक अन्त्य गर्नुभएको थियो ।

## २०८१ पुस ९

- समितिको आजको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित दफाहरू- १२ र ४४ माथि केन्द्रित भई संशोधन प्रस्तावकर्ता माननीयहरूको संशोधन प्रस्ताव र समितिका माननीयहरूको धारणासहित छलफल भएको थियो ।
- सर्वप्रथम माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभयो भने मन्त्रालयका सचिव डा. रोशन पोखेलले थप प्रष्ट पार्नुभएको थियो। तत्पश्चात् छलफलका क्रममा समितिका माननीयहरू- महेश कुमार बतौला, रन्जु कुमारी झा, ध्रुव बहादुर प्रधान, नागिना यादव, रामकुमार राई, सुशिला थिङ, नैनकला थापा, प्रतिक्षा तिवारी, चन्द्र बहादुर वि. क., सुहाङ्ग नेम्वाङ्ग र जीवन परियारले आ-आफ्ना धारणा राखुभएको थियो । त्यसपछि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेल र माननीय कानून, न्याय

तथा संसदीय ममिला मन्त्री अजय कुमार चौरसियाले सरकारको तर्फबाट आ-आफ्ना धारणा राख्नुभएको थियो।

- समितिको यस बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल हुँदा छलफलपश्चात् निष्कर्षमा पुगेका विषयहरूलाई सोहीबमोजिम समितिले ग्रहण गरी निष्कर्षमा पुग्ने र थप छलफल गर्नुपर्ने भनी पहिचान भएका दफाहरूमा समितिको अर्को बैठकमा छलफल हुने जानकारी गराउँदै सभापतिले समितिको बैठक अन्त्य गर्नुभएको थियो ।

## २०८१ पुस १८

- समितिको यस बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित दफा ९ माथि केन्द्रित भई संशोधन प्रस्तावकर्ता माननीयहरूको संशोधन प्रस्ताव र समितिका माननीयहरूको धारणासहित छलफल भएको थियो ।
- सर्वप्रथम माननीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभयो भने मन्त्रालयका सचिव दिपककुमार खरालले समेत आफ्नो धारणा राख्नुभएको थियो । तत्पश्चात् छलफलका क्रममा समितिका माननीयहरू- शेरबहादुर देउवा, महेश कुमार बर्तौला, प्रतिक्षा तिवारी, सन्तोष परियार, रन्जु कुमारी झा, जीवन परियार, चन्द्र बहादुर वि. क., सुशिला थिङ, नैनकला थापा र सुहाङ्ग नेम्वाङ्गले आ-आफ्ना धारणा राख्नुभएको थियो ।
- छलफलका क्रममा माननीय कानून, न्याय तथा संसदीय ममिला मन्त्री अजय कुमार चौरसिया, माननीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी र मन्त्रालयका सचिव तथा अन्य पदाधिकारीहरूले समेत आ-आफ्ना धारणा राख्नुभएको थियो।
- समितिको यस बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल हुँदा छलफलपश्चात् निष्कर्षमा पुगेका विषयहरू सोहीबमोजिम हुने जानकारी गराउँदै सभापतिले समितिको बैठक अन्त्य गर्नुभएको थियो ।

## २०८१ पुस २९

- समितिको यस बैठकमा  केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा  सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित दफा २०, २१ र ७३ माथि संशोधन प्रस्तावकर्ता माननीयहरूको संशोधन प्रस्ताव र समितिका माननीयहरूको धारणासहित छलफल भएको थियो।
- सर्वप्रथम माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभयो भने मन्त्रालयका सचिव राधिका अर्याल र कानून, न्याय तथा संसदीय ममिला मन्त्रालयका सहसचिव हुमबहादुर के. सी. ले समेत आ-आफ्ना धारणा राख्नुभयो तत्पश्चात् छलफलका क्रममा समितिका माननीयहरू- नागिना यादव, पूर्णबहादुर घर्ती, शेर बहादुर कुँवर, रन्जु कुमारी झा, प्रतिक्षा तिवारी, नैनकला थापा, महेश कुमार बर्तौला, सोबिता गौतमले आ-आफ्ना धारणा राख्नुभएको थियो ।
- समितिको यस बैठकमा  केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल हुँदा छलफलपश्चात् निष्कर्षमा पुगेका विषयहरू सोहीबमोजिम हुने जानकारी गराउँदै सभापतिले समितिको बैठक अन्त्य गर्नुभएको थियो ।

**समितिको स्थलगत अनुगमन र अन्तर्क्रिया कार्यक्रमः**

- समितिको २०८१ कात्तिक ३० गते बसेको ४९ औं बैठकको निर्णयबमोजिम गठित उपसमितिले २०८१ मङ्सिर ९ गतेदेखि १२ गतेसम्म मधेश प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन तथा २०८१ मङ्सिर ११ गते मधेश प्रदेशको राजधानी रहेको जनकपुरधाममा "संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौती"का विषयमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

- समितिको २०८१ कात्तिक ३० गते बसेको ४९ औं बैठकको निर्णयबमोजिम गठित उपसमितिले २०८१ मङ्सिर १८ गतेदेखि २१ गतेसम्म लुम्बिनी प्रदेशका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ र बाँके जिल्लामा रहेका प्रहरी हिरासतको स्थलगत अनुगमन तथा २०८१ मङ्सिर १९ गते लुम्बिनी प्रदेशको राजधानी रहेको दाङ जिल्लाको देउखुरीमा "संघीय संसदले बनाएको ऐन/कानून कार्यान्वयनका चुनौती"का विषयमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

### १.२.२.५ कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

**२०८१ पुस १७**

- भूमिसम्बन्धी समस्या समाधान गर्नका लागि आवश्यक पर्ने कार्यविधिहरु तयार गर्ने र ऐन तथा नियमावलीमा रहेका विषय संशोधन गर्नुपर्ने विषय संशोधन गर्ने प्रक्रिया अगाडि बढाइ सहज वातावरण बनाउने कार्य तत्काल गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई निर्देशन दिएको,
- भूमि समस्या समाधान आयोगको काम प्रभावकारी रुपमा सम्पादन गर्न जिल्ला समिति गठनको काम तत्काल अगाडि बढाइ यथाशीघ्र कार्य सम्पादन गर्न नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई निर्देशन दिएको,
- भूमिसम्बन्धी अव्यवस्थित बसोबास र सुकुम्वासी समस्या समाधान गर्नको लागि समय तालिका नै बनाइ कार्य सम्पादन गर्ने वातावरण मिलाउन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र भूमि समस्या समाधान आयोगलाई निर्देशन दिएको,
- भूमिसम्बन्धी रहेका विविध कानूनी, नीतिगत तथा अन्तरमन्त्रालयगत समन्वयबाट सहज गर्नुपर्ने विषयमा आवश्यक छलफल गरी कार्य वातावरण सहज बनाउँनको लागि यस समितिका आगामी बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण, वन तथा वातावरण, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग थप छलफल गर्ने निर्णय भएको थियो।

## २०८१ पुस १९

- नेपालमा जलबायु परिवर्तनको असर न्यूनीकरण गर्ने सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबाट समन्वयात्मक तवरबाट कार्य सम्पादन गर्ने वातावरण मिलाउन तथा आगामी कोप-३० लगायतका अन्तर्राष्ट्रियस्तरका फोरमहरुमा नेपालबाट सबै पक्षको सन्तुलित तवरबाट सहभागिता गराउने र दिगो विकासका लक्ष्यलाई ठोस योगदान पुऱ्याउन सक्नेगरी कार्ययोजनासहित अगाडि बढ्न मन्त्रालयलाई निर्देशन गरेको,
- नेपालले ठूला औद्योगिक राष्ट्रहरुको तुलनामा विश्वव्यापी जलवायु परिवर्तनका कारण न्यून मात्रामा उत्सर्जित हरितगृह ग्यास तथा कार्बन संचिती वृद्धिवापत प्राप्त गर्ने क्षतिपूर्तिको प्रभावकारिता र यसको बितरण तथा उपयोगमा दक्षता अभिवृद्धि गरी कार्यसम्पादनलाई व्यवस्थित गराउने सम्बन्धमा आगामी दिनमा यस समितिमा वन तथा वातावरण, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण, कृषि तथा पशुपंक्षी विकास, भौतिक पूर्वाधार तथा यातायात, अर्थ, परराष्ट्र मन्त्रालय, गाउँ पालिका महासंघ, नगरपालिका महासंघ र यस क्षेत्रमा रहेका विषय विज्ञ समेतको सहभागितामा छलफल गरी समन्वयात्मक रुपमा कार्य सम्पादनमा सहजता ल्याउने सम्बन्धमा छलफल गर्ने निर्णय भएको,
- नेपालले प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण, वन पैदावरको दिगो उपयोग मार्फत कार्बन संञ्चिति वृद्धिबाट सन् २०२० देखि हालसम्म प्राप्त भएको क्षतिपूर्तिको रकम र सो को उपयोगको अवस्थाको यथार्थ विवरण यस समितिमा १५ दिनभित्र उपलब्ध गराउन अर्थ र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको।

- यस समितिको सहभागितामा दाङ्ग, प्युठान जिल्लाको गुठी जग्गामा बसोवास गर्ने पीडित किसानहरुको समस्याका सम्बन्धमा गुठीयार र गुठीसँग सम्बन्धित किसानहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने र कास्की जिल्लामा अन्नपूर्ण संरक्षण क्षेत्र एवं ढोरपाटन शिकार आरक्ष आसपासका क्षेत्रहरुमा रहेका जङ्गली जनावरहरु बाघ,

भालु, बाँदर, बँदेल लगायतका जनावरहरु तथा पर्या-पर्यावरणसम्बन्धी समस्याका विषयमा सम्बन्धित निकायहरुसँग यही मिति २०८१ पुस २५ देखि ३० सम्म माननीय सभापति सहितको सहभागितामा स्थलगत अनुगमन गरिएको थियो ।

### १.२.२.६ महिला तथा सामाजिक मामिला समिति

**२०८१ पुस ४**

- आज २०८१ असोज ४ गते बसेको समितिको बैठकमा मिति २०८१/०६/०७ गतेको CEDAW को आधारभूत सिफारिस नं. ३९ सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव र आदिवासी जनजाति महिला मञ्चका प्रतिनिधिहरु बीचमा छलफल भएको थियो ।
- रुपन्देही, कपिलवस्तु, पाल्पा, स्याङ्जा लगायतका जिल्लामा रहेका बाल सुधार गृह, बाल आश्राम, वृद्धाश्रम तथा लैंङ्गिक हिंसाका आश्रय स्थल (Shelter Homes), स्थानीय न्यायिक समितिहरुको अनुगमन पश्चात अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न यही पुस १० गते देखि १३ गतेसम्म यस समितिबाट माननीय सभापति किरण कुमार साहको नेतृत्वमा एउटा टोली उक्त जिल्लाहरुको भ्रमणमा जाने निर्णय गरिएको थियो। उक्त समूहमा देहायबमोजिमका माननीय सदस्यहरु रहने समेत निर्णय गरिएको थियो।
    - किरण कुमार साह - सभापति,
    - आशा बि. क. - सदस्य,
    - ईश्वर बहादुर रिजाल - सदस्य,
    - उमरावती देवी - सदस्य,
    - बिना देवी - सदस्य,
    - विन्दवासिनी कंसाकार - सदस्य
    - सुशिला सिर्पाइली ठकुरी - सदस्य।

## २०८१ पुस ५

- आज बसेको बैठकमा समितिले गठन गरेका २ वटा उपसमितिहरु समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मूल्यांकन उपसमिति र वार्षिक प्रतिवेदन तयारी उपसमिति को कार्य प्रगति समीक्षा सम्बन्धमा छलफल भएको थियो । साथै यस समितिको सबलीकरण तथा समसामयिक विषयमा पूर्व मुख्य सचिव लीलादेवी गड्तौलाले आफ्नो राय प्रस्तुत गर्नुभएको थियो ।
- समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मूल्यांकन उपसमितिको कार्य प्रगति सम्बन्धमा परामर्शका लागि पूर्व महान्यायधिवक्ता मुक्ति प्रधान तथा सामाजिक परिचालिकाहरुको व्यवस्थापन सम्बन्धमा परामर्श गर्नका लागि पूर्व मुख्य सचिव लीलादेवी गड्तौलाबाट ३ वटा बैठकमा आ-आफ्नो प्रस्तुति सम्पन्न गर्ने गरी विशेषज्ञको सेवा लिने र सचिवालयको नियमानुसार विज्ञहरुलाई सुविधा उपलब्ध गराउने विषयमा समेत निर्णय भएको थियो ।

## २०८१ पुस ७

- समितिको बैठकमा लैंगिक अल्पसंख्यक समुदायहरुको पहिचान (तेस्रो लिंगी, ट्रान्सजेन्डर/पारलिंगी), अधिकार र समावेशीकरण सम्बन्धमा छलफल भएको थियो । छलफलमा संविधान सभा सदस्य सुनील बाबु पन्त, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । उक्त बैठकमा मितिनी नेपाल, परिचय समाज, समर्पण सभ्य समाज, मायाको पहिचान नेपाल, Blue Diamond Society, Inclusive Forum, Federation of Sexual and Gender Minority, Queer Youth Nepal, Dalit Readers का प्रतिनिधिहरुले लैंगिक अल्पसंख्यक समुदायहरुको पहिचान (तेस्रो लिंगी, ट्रान्सजेन्डर/पारलिंगी), अधिकार र समावेशीकरण सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भएको थियो । तत्पश्चात् समितिका माननीय सदस्यहरुले सो विषयमा विभिन्न जिज्ञासा राख्नु भएको र जिज्ञासालाई सम्बन्धित जिम्मेवार व्यक्तिहरुले प्रष्ट पार्नु भएको थियो ।

**२०८१ पुस ८**

- आज बसेको समितिको बैठकमा आत्महत्या रोकथाम सम्बन्धमा तत्कालीन महिला तथा सामाजिक समितिबाट मिति २०७७/०३/१६ गते भएको निर्देशन कार्यान्वयन सम्बन्धमा विभिन्न मन्त्रालयले गरेको कार्य प्रगतिबारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग र कोशिशका प्रतिनिधिहरुको उपस्थितिमा छलफल भएको थियो।

**२०८१ पुस २६**

- समितिको बैठकमा समानुपातिक प्रतिनिधित्वको वर्तमान अवस्था र कार्यान्वयनको मूल्यांकन सम्बन्धमा गृह मन्त्रालयका सचिव एवम् प्रतिनिधिहरुको उपस्थितिमा छलफल भएको थियो।
- समानुपातिक प्रतिनिधित्वको वर्तमान अवस्था र कार्यान्वयनको मूल्यांकन विषयमा समितिले अनुसन्धान गर्ने र अनुसन्धान तथा प्रकाशनका लागि दातृ निकायसँग सहकार्य गर्ने निर्णय भएको थियो।

## १.२.२.७ राज्य व्यवस्था तथा सुशासन समिति

### २०८१ कार्तिक १२

- समितिको यस बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल प्रारम्भ भएको थियो । उक्त विधेयकका सम्बन्धमा नेपाल सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधिको रुपमा उपस्थित माननीय गृह मन्त्रीले विधेयक ल्याउनु पर्नाको कारण र औचित्यका सम्बन्धमा आफ्नो धारणा राखुभएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न समितिका माननीय सदस्य हृदयराम थानीको संयोजकत्वमा देहायबमोजिमका माननीय सदस्यहरु रहनु भएको उपसमिति गठन गर्ने निर्णय गरिएको थियो।
- हृदयराम थानी **(संयोजक)**
- अशोक कुमार राई
- चन्दा कार्की (भण्डारी)
- दिलेन्द्र प्रसाद बडू
- प्रकाश अधिकारी
- बुद्धिमान तामाङ्ग
- रघुजी पन्त
- राजेन्द्र प्रसाद पाण्डे
- लिलानाथ श्रेष्ठ
- सरिता प्रसाई
- सर्वेन्द्र नाथ शुक्ला
- हितराज पाण्डे

### २०८१ कार्तिक २६

- समितिको यस बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरूसँग छलफल भएको थियो ।

## २०८१ कार्तिक ३०

- समितिको यस बैठकमा  अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा बाँकी रहेका संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्तावका बारेमा धारणा प्रस्तुत गर्नुभएको थियो ।
- प्रस्तुत विधेयकलाई राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदन, माननीय सदस्यहरुले राख्नुभएको संशोधन प्रस्ताव समेतको विस्तृत अध्ययन सहित दफाबार छलफल गरी १५ दिन भित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी उपसमितिमा पठाउने निर्णय गरिएको थियो।

## २०८१ मङ्सिर २३

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुसँग छलफलमा रहेको समितिको यस बैठकमा  प्रस्तुत विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनुहुने करिव ४० जना माननीय सदस्यहरुलाई संशोधन प्रस्तावको दर्ताक्रम अनुसार आमन्त्रण गरिएकोमा समितिमा उपस्थित हुने ८ जना माननीय सदस्यहरुले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।
- समितिको विविध कार्यसूची अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्न गठित उपसमितिको म्याद थपको पत्रबमोजिम उपसमितिलाई थप म्याद उपलब्ध गराउने निर्णय गरिएको थियो।

## २०८१ मङ्सिर २५

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुमध्ये

समितिको यस बैठकमा उपस्थित हुनुहुने ९ जना माननीय सदस्यहरुले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

- समितिको आगामी बैठकमा लोक सेवा आयोगका अध्यक्ष एवम् सम्पूर्ण पदाधिकारीहरुलाई आमन्त्रण गर्ने गरी उक्त बैठकको अन्त्य भएको थियो।

## २०८१ मङ्सिर २६

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि छलफल रहेको समितिको यस बैठकमा लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले लोक सेवा आयोगको समग्र कार्यप्रगति र आगामी रणनीतिको बारेमा समितिलाई जानकारी गराउनुभएको थियो।
- समितिको आगामी बैठकमा संशोधन प्रस्तावकर्ताहरुसँग छलफल गर्ने गरी बैठक स्थगित भएको थियो।

## २०८१ मङ्सिर २७

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु मध्ये समितिको यस बैठकमा उपस्थित हुनुहुने ८ जनाले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

## २०८१ पुस ३

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुसँग छलफलमा रहेको समितिको यस बैठकमा उपस्थित हुनुहुने २९ जना संशोधनकर्ता माननीय सदस्यहरुमध्ये २४ जनाले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

## २०८१ पुस ४

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुसँग छलफलमा रहेको समितिको यस बैठकमा उपस्थित हुनुहुने ४ (चार) जना संशोधनकर्ता माननीय सदस्यहरूले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

## २०८१ पुस ८

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुसँग छलफलमा रहेको समितिको यस बैठकमा उपस्थित हुनुहुने २६ जना संशोधनकर्ता माननीय सदस्यहरुमध्ये २३ जनाले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

## २०८१ पुस ९

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सम्बन्धमा विज्ञसँग छलफल रहेको समितिको यस बैठकमा नेपाल सरकारका पूर्व विशिष्ट पदाधिकारी एवम् विज्ञ प्रशासकहरुलाई आमन्त्रण गरिएको थियो । विज्ञको रुपमा उपस्थित लोक सेवा आयोगका पूर्व अध्यक्ष उमेश प्रसाद मैनाली, नेपाल सरकारका पूर्व मुख्य सचिव डा. विमल कोइराला र संविधानसभा सदस्य एवम् नेपाल सरकारका पूर्व सचिव जनकराज जोशी समेतले निजामती सेवाको समग्र अवस्थाको चित्रण गर्दै प्रस्तुत विधेयकमा सुधार गर्नुपर्ने विषयमा सुझाब दिनुभएको थियो।

### २०८१ पुस ११

- समितिको यस बैठकमा सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० का सम्बन्धमा संसदमा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका मुख्य/प्रमुख सचेतक र सचेतकहरुसँग छलफल राखिएको थियो। समितिको बैठकमा उपस्थित हुनुहुने माननीय सदस्यहरुले प्रस्तुत विधेयकमा गर्नु पर्ने सुधार एवम् संशोधन गर्नुपर्ने विषयका सम्बन्धमा आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो।

### २०८१ पुस १२

- सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुसँग छलफलमा रहेको समितिको यस बैठकमा उपस्थित हुनुहुने ४ जना संशोधनकर्ता माननीय सदस्यहरु मध्ये ३ जनाले समिति समक्ष आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

### २०८१ पुस १८

- भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा छलफल गर्न गठित उपसमितिको प्रतिवेदनमाथि छलफलमा रहेको समितिको यस बैठकमा उपसमितिले समितिको मिति २०८१ पुस ३ गते बसेको बैठकमा पेश गरेको प्रतिवेदन समितिले सर्वसम्मतिले पारित गर्ने निर्णय भएको थियो।
- समितिको आजको बैठकले पारित गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरिएको थियो।

## २०८१ पुस १९

- "सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" सम्बन्धमा लोक सेवा आयोगका अध्यक्ष तथा पदाधिकारीहरुसँग छलफलमा रहेको समितिको यस बैठकमा लोक सेवा आयोगका प्रमुख तथा सबै पदाधिकारीहरुको उपस्थिति रहेको थियो। लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले समिति समक्ष प्रस्तुत विधेयक एवम् संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुले राख्नु भएको संशोधन प्रस्तावमा सुझाब दिदै निजामती सेवा र यसको समग्र विषयको बारेमा समिति समक्ष लोक सेवा आयोगका तर्फबाट आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

## २०८१ पुस २२

- समितिको यस बैठकमा राज्य व्यवस्था तथा सुशासन समितिमा विभिन्न मितिमा प्राप्त भएका निवेदन/उजुरीहरूका सम्बन्धमा छलफल भएको थियो । समितिमा रहेका निवेदन/उजुरीहरूको वारेमा अध्ययन गरी टुङ्गो लगाउन उपसमिति गठन गर्ने र उपसमितिमा रहनुहुने माननीय सदस्यहरूको नाम पछि तोक्ने निर्णय भएको थियो ।

## २०८१ पुस २६

- समितिको यस बैठकमा "संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" का सम्बन्धमा निजामती कर्मचारीसँग सम्वन्धित विभिन्न ट्रेड युनियनका पदाधिकारीहरुसँग छलफल भएको थियो। बैठकमा उपस्थित ट्रेड युनियनका पदाधिकारीहरुले प्रस्तावित विधेयकमा आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

## २०८१ पुस २८

- समितिको यस बैठकमा "संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" का सम्बन्धमा विभिन्न संवैधानिक आयोगका पदाधिकारीहरूसँग छलफल भएको थियो। बैठकमा उपस्थित संवैधानिक आयोगका प्रमुखहरुले निजामती सेवामा आरक्षण लगायत समग्र विधेयकका सन्धर्भमा आयोगका तर्फबाट आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी छलफल गर्न गठित उपसमितिको बैठकका निर्णयः**

## २०८१ मङ्सिर २१

- उप समितिको यस बैठकमा समितिको मिति २०८१ कार्तिक ३० गते बसेको ४३ औं बैठकले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकलाई विस्तृत छलफल गरी १५ दिन भित्र प्रतिवेदन सहित समितिमा पेश गर्ने गरी उपसमितिमा पठाएकोमा देशमा चलेको उपनिर्वाचनको कारण समय अभाव भएकोले समयमै बैठक बसी विधेयकमा छलफल गर्न नसकिएकोले म्याद थपका लागि राज्य व्यवस्था तथा सुशासन समितिमा पत्राचार गर्ने।

## २०८१ पुस १

- भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न गठित उप समितिको यस बैठकमा विज्ञको रुपमा आमन्त्रित माधव पौडेल समेतको उपस्थितिमा प्रस्तुत विधेयकमा छलफल गरिएको थियो।
- प्रस्तुत विधेयकमा उपसमितिले तयार पारेको प्रतिवेदनको मस्यौदा माथि छलफल गर्दै विधेयक एवम् राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदन

समेतमा सामान्य परिमार्जन गरी विधेयक उपमसतिबाट सर्वसम्मतिले पारित गरिएको थियो।

- उपसमितिले सर्वसम्मतिले पारित गरेको प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्ने गरी बैठक स्थगित भएको थियो।

### २०८१ पुस २

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न गठित उप समितिको यस बैठकमा विज्ञको रुपमा आमन्त्रित माधव पौडेल समेतको उपस्थितिमा प्रस्तुत विधेयक, विधायन व्यवस्थापन समितिको प्रतिवेदन एवम् माननीय सदस्यहरुले राख्नुभएको संशोधन प्रस्ताव माथि छलफल गरिएको थियो।

- प्रस्तुत विधेयकमा उपसमितिले तयार पारेको प्रतिवेदनको मस्यौदा माथि छलफल गर्दै विधेयक एवम् राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदन समेतमा सामान्य परिमार्जन गरी विधेयक उपसमितिबाट सर्वसम्मतिले पारित गरिएको थियो।
- उपसमितिले सर्वसम्मतिले पारित गरेको प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्ने गरी बैठक स्थगित भएको थियो।

## १.२.२.८ पूर्वाधार विकास समिति

### २०८१ पुस ७

विद्युत विधेयक, २०८० माथि ६१ वटा समूहमा ९६ जना माननीय सदस्यहरुको संशोधन प्रस्ताव प्राप्त भएको थियो। समितिको यस बैठकमाः

- माननीय अमृतलाल राजवंशी, माननीय सराज अहमद फारुकी, माननीय अच्युत प्रसाद मैनाली, माननीय शान्ती चौधरी, माननीय ईश्वरी घर्ती, माननीय तारा लामा

तामाङको समूहबाट माननीय अच्युत प्रसाद मैनालीले संशोधन प्रस्तावको बारेमा जानकारी दिनुभएको थियो।

- माननीय अम्मर बहादुर थापाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय रघुजी पन्तले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय रामहरि खतिवडाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय राम प्रकाश चौधरीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- समितिको आगामी बैठक विद्युत विधेयक, २०८० माथि संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्ने गरी स्थगित भएको थियो।

## २०८१ पुस ८

विद्युत विधेयक, २०८० माथि ६१ वटा समूहमा ९६ जना माननीय सदस्यहरुको संशोधन प्रस्ताव प्राप्त भएको थियो । समितिको यस बैठकमा

- माननीय नारायण प्रसाद आचार्य, माननीय बलराम अधिकारी, माननीय अम्बर बहादुर रायमाझी समूहबाट माननीय अम्बर बहादुर रायमाझी र नारायण प्रसाद आचार्यले संशोधन प्रस्तावको बारेमा जानकारी दिनुभएको थियो।
- माननीय गगनकुमार थापा, माननीय अर्जुननरसिंह केसी, माननीय जीवन परियार, माननीय प्रतिमा गौतम, माननीय ऐन बहादुर शाही, माननीय कुसुमदेवी थापा, समूहको तर्फबाट संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय सुनिता बराललले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।

- माननीय रामकुमार राईले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय मिना तामाङ्गले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय ज्ञान बहादुर शाहीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- समितिको अर्को बैठक विद्युत विधेयक, २०८०, माथि संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्ने गरी यो बैठक स्थगित भएको थियो।

## २०८१ पुस ९

विद्युत विधेयक, २०८० माथि ६१ वटा समूहमा ९६ जना माननीय सदस्यहरुको संशोधन प्रस्ताव प्राप्त भएको थियो । समितिको यस बैठकमाः

- माननीय डा. अमरेश कुमार सिंहले संशोधन प्रस्तावको बारेमा जानकारी दिनुभएको थियो।
- माननीय गगनकुमार थापा, माननीय अर्जुननरसिंह केसी, माननीय जीवन परियार, माननीय प्रतिमा गौतम, माननीय ऐन बहादुर शाही, माननीय कुसुमदेवी थापाको समूहबाट माननीय गगन थापा र माननीय कुसुम थापाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय जनार्दन शर्माले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय सुमना श्रेष्ठ, माननीय रवि लामिछाने, माननीय डोल प्रसाद अर्याल, माननीय गणेश पराजुली, माननीय सोबिता गौतम, माननीय शिशिर खनाल, माननीय तोसिमा कार्की, माननीय चन्दा कार्की, माननीय विन्दवासिनी कंसाकार, माननीय असिम शाह, माननीय लक्ष्मी तिवारी, माननीय मनिष झा, माननीय शिव नेपाली, माननीय अशोक कुमार चौधरी, माननीय विनिता कठायत, माननीय निशा डाँगी, माननीय स्वर्णीम वाग्लेको समूहबाट माननीय लक्ष्मी तिवारीले र माननीय

विन्दवासिनी कंसाकारले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।

- माननीय संञ्जय कुमार गौतमले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय इश्वरी घर्ती, माननीय सराज अहमद फारुकी, माननीय तारा लामा तामाङको समूहबाट माननीय शान्ती चौधरी र सराज अहमद फारुकीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।

## २०८१ पुस ११

विद्युत विधेयक, २०८० माथि ६१ वटा समूहमा ९६ जना माननीय सदस्यहरुको संशोधन प्रस्ताव प्राप्त भएको थियो। समितिको यस बैठकमा

- माननीय अमृतलाल राजवंशी, माननीय सराज अहमद फारुकी, माननीय अच्युत प्रसाद मैनाली, माननीय शान्ती चौधरी, माननीय इश्वरी घर्ती, माननीय तारा लामा तामाङको समूहबाट माननीय अमृतलाल राजवंशीले संशोधन प्रस्तावको बारेमा जानकारी दिनुभएको थियो।
- माननीय गगनकुमार थापा, माननीय अर्जुननरसिंह केसी, माननीय जीवन परियार, माननीय प्रतिमा गौतम, माननीय ऐन बहादुर शाही, माननीय कुसुमदेवी थापाको समूहबाट माननीय अर्जुननरसिंह के.सी.ले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय गोकुल बास्कोटाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय सुमना श्रेष्ठ, माननीय रवि लामिछाने, माननीय डोल प्रसाद अर्याल, माननीय गणेश पराजुली, माननीय सोबिता गौतम, माननीय शिशिर खनाल, माननीय तोसिमा कार्की, माननीय चन्दा कार्की, माननीय विन्दवासिनी कंसाकार, माननीय असिम शाह, माननीय लक्ष्मी तिवारी, माननीय मनिष झा, माननीय शिव नेपाली,

माननीय अशोक कुमार चौधरी, माननीय विनिता कठायत, माननीय निशा डाँगी, माननीय स्वर्णीम वाग्लेको समूहबाट माननीय गणेश पराजुली, डोल प्रसाद अर्याल र माननीय मनिष झाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।

- माननीय दामोदर पौडेल बैरागीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय दिपा शर्माले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय राम प्रकाश चौधरीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय रोशन कार्कीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय सूर्य प्रसाद ढकाल, माननीय भगवती चौधरी, माननीय बासुदेव घिमिरे, माननीय लाल प्रसाद साँवा लिम्बू, माननीय तारा लामा तामाङ, माननीय मन बहादुर गुरुङको समूहबाट माननीय लाल प्रसाद साँवा लिम्बूले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो ।
- माननीय राजेन्द्र लिङ्देन, माननीय बुद्धिमान तामाङ, माननीय धवल शम्सेर ज.ब.रा, माननीय विना लामा, माननीय अनिशा नेपाली, माननीय विना जैसवाल, माननीय दिपक बहादुर सिंहको समूहबाट माननीय विना जैसवालले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- समितिको अर्को बैठकमा विद्युत विधेयक, २०८० माथि संशोधनकर्ता बाँकी माननीय सदस्यहरुसँग छलफल गर्ने गरी यो बैठक स्थगित भएको थियो।

## २०८१ पुस १२

विद्युत विधेयक, २०८० माथि ६१ वटा समूहमा ९६ जना माननीय सदस्यहरुको संशोधन प्रस्ताव प्राप्त भएको थियो । समितिको यस बैठकमाः

- माननीय सुमना श्रेष्ठ, माननीय रवि लामिछाने, माननीय डोल प्रसाद अर्याल, माननीय गणेश पराजुली, माननीय सोबिता गौतम, माननीय शिशिर खनाल, माननीय तोसिमा कार्की, माननीय चन्दा कार्की, माननीय विन्दवासिनी कंसाकार, माननीय असिम शाह, माननीय लक्ष्मी तिवारी, माननीय मनिष झा, माननीय शिव नेपाली, माननीय अशोक कुमार चौधरी, माननीय विनिता कठायत, माननीय निशा डाँगी, माननीय स्वर्णीम वाग्लेको समूहबाट अशोक कुमार चौधरी, चन्दा कार्की, सुमना श्रेष्ठले संशोधन प्रस्तावको बारेमा जानकारी दिनुभएको थियो।
- माननीय चन्द्र बहादुर विश्वकर्माले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय दुर्गा राईले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय प्रेम सुवालले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय सूर्य प्रसाद ढकाल, माननीय भगवती चौधरी, माननीय बासुदेव घिमिरे, माननीय लाल प्रसाद साँवा लिम्बू, माननीय तारा लामा तामाङ, माननीय मन बहादुर गुरुङको समूहबाट माननीय मन बहादुर गुरुङले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो ।
- माननीय महेश कुमार बर्तौलाले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय श्याम कुमार घिमिरे, माननीय नगिना यादव, माननीय सिता कुमारी यादवको समूहबाट माननीय नागिना यादवले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- माननीय राम प्रकाश चौधरीले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।

- माननीय सूर्यमान तामाङ (दोङ) ले संशोधन प्रस्तावको बारेमा समितिलाई जानकारी दिनुभएको थियो।
- समितिको अर्को बैठकमा जलस्रोत विधेयकसँग सम्बन्धित विज्ञहरुसँग छलफल गर्ने गरी उक्त बैठक स्थगित भएको थियो।

**पुस १६ गते**

समितिको कार्य सञ्चालनका लागि सुव्यवस्थित रुपमा सञ्चालन गर्न देहायबमोजिमको उपसमिति गठन गर्ने र समितिसमक्ष कार्यतालिका (क्यालेण्डर) को मस्यौदा प्रस्तुत गर्नेः

कार्यावधिः कार्य प्रारम्भ गरेको मितिले सात दिन।

कार्यक्षेत्र : समितिको वार्षिक क्यालेण्डर निर्माण गर्ने।

उपसमितिः- क्यालेण्डर निर्माण उपसमिति

१. माननीय शक्ति बहादुर बस्नेत - संयोजक

२. माननीय निशा डाँगी - सदस्य

३. माननीय प्रेम बहादुर महर्जन - सदस्य

४. माननीय दिनेश कुमार यादव - सदस्य

### १.२.२.९ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

यस अवधिमा समितिका ११ बैठकहरु बसेका थिए। समितिका उक्त बैठकहरुमा विद्यालय शिक्षा विधेयक, २०८०, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, २०८०, राष्ट्रिय सूचना आयोग र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भए गरेका काम कारबाही, समस्या तथा चुनौतीजस्ता विषयमा छलफल भएको थियो। यी विषयहरुका सम्बन्धमा समितिबाट भएका बैठक तथा निर्णयसम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

**२०८१ मङ्सिर १९**

विद्यालय शिक्षा विधेयक, २०८० माथि छलफल गर्न समितिका माननीय सभापति अम्मरबहादुर थापाको सभापतित्वमा बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान

तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको यस बैठकमा विधेयकका सम्बन्धमा उठेका विभिन्न सवालहरुका सम्बन्धमा देहाय वमोजिमका सदस्यहरुले आ-आफ्नो धारणा राखु भएको थियो।

- माननीय सुमना श्रेष्ठ
- माननीय विनिता कुमारी सिंह
- माननीय सरिता भुसाल
- माननीय महिन्द्र राय यादव
- माननीय दिपा शर्मा
- माननीय प्रभु हजारा
- माननीय ज्ञानु वस्नेत सुवेदी
- माननीय छविलाल विश्वकर्मा

**निर्णयः**

समितिको यस बैठकमा  समिति परामर्श उपसमितिले पेश गरेको देहाय वमोजिम समितिको बैठक/कार्यक्रमसम्बन्धी कार्ययोजना स्वीकृत गर्ने निर्णय भएको थियो।

| मिति | समय | विषय |
|---|---|---|
| २०८१ मङ्सिर २० | १:०० | सूचनामा नागरिकको पहुँचका लागि आयोगले खेलेको भूमिका, समस्या तथा चुनौती र भावी कार्यदिशाका सम्बन्धमा राष्ट्रिय सूचना आयोगसँग छलफल। |
| २०८१ मङ्सिर २३ | २:०० | विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफल। |
| २०८१ मङ्सिर २४ | १:०० | विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफल। |
| २०८१ मङ्सिर २५ | ७:४५-२:०० | विद्यालय शिक्षा विधेयकका सम्बन्धमा दलका प्रमुख सचेतकहरुसँग अन्तर्क्रिया |
| २०८१ मङ्सिर २६ | ११:००-२:०० | विद्यालय शिक्षा विधेयकका सम्बन्धमा विज्ञहरुसँग छलफल। |
| २०८१ मङ्सिर २७ | १:०० | औषधिको उत्पादन, वितरण तथा गुणस्तरका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल। |

२६ गते समितिसमक्ष सुझाव पेश गर्नुहुने देहायका विज्ञहरुका अतिरिक्त शिक्षासँग सम्बन्धित अन्य विज्ञहरुको समेत पहिचान गरी आमन्त्रण गर्न सचिवालयलाई निर्देशन दिनेः

- प्रा. डा. केदार भक्त माथेमा
- डा. ब्रजेश पन्त
- प्रा. डा. विद्यानाथ कोइराला
- प्रा. डा. मिन बहादुर विष्ट
- टिका भट्टराई
- प्रा. डा. मनप्रसाद वाग्ले

## २०८१ मङ्सिर २०

सूचनामा नागरिकको पहुँच स्थापनाका लागि आयोगले खेलेको भूमिका, समस्या तथा चुनौती र भावी कार्यदिशाका सम्बन्धमा राष्ट्रिय सूचना आयोगसँग छलफल गर्न बसेको समितिको यस बैठकमा आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङ्ग, आयुक्तहरु कमला ओली थापा, रत्नप्रसाद मैनाली समेतको उपस्थिति रहेको थियो। समितिको उक्त बैठकको कार्यसूचीको विषयमा देहाय वमोजिमका माननीय सदस्यहरुले जिज्ञासा राखु भएको थियो।

- माननीय इश्वरी घर्ती
- माननीय ज्ञानु बस्नेत सुवेदी
- माननीय छवीलाल विश्वकर्मा
- माननीय डा. तोसिमा कार्की
- माननीय महिन्द्र राय यादव
- माननीय देवेन्द्र पौडेल

**निर्णयः**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले व्यवस्था गरेका सबै सार्वजनिक निकायले कानूनवमोजिम सूचना अधिकारी तोक्ने, नागरिकलाई कानूनवमोजिम माग भएका सूचनाहरु सहजै उपलब्ध गराउने र प्रत्येक तीन महिनामा स्वतः प्रकाशन गरिनु पर्ने विवरण नियमितरुपमा प्रकाशन गर्ने तथा सम्बन्धित निकाय स्वयंले प्रभावकारी संयन्त्र निर्माण गरी आफ्ना निकायसँग सम्बन्धित सूचनामा नागरिकको सहज पहुँच पुगे, नपुगेको विषयमा अनुगमन गर्ने सम्बन्धमा तत्काल कार्य गर्न सम्बन्धित सबै सार्वजनिक निकायलाई निर्देशन दिने। यस विषयमा सम्बन्धित सबै निकायलाई जिम्मेवार बनाउन राष्ट्रिय सूचना आयोगले कार्ययोजना बनाइ लागू गर्ने।
- सूचना माग्दा पाउने कानूनी व्यवस्था छ भन्ने कुराको जानकारीसमेत नभएका आमनागरिकलाई सूचनामा पहुँच स्थापित गराउने सम्बन्धमा आवश्यकतानुसार

देशभरका सबै प्रदेश र पालिकासम्म सूचना, तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउन आयोगलाई निर्देशन दिने ।

- राष्ट्रिय सूचना आयोगलाई कानूनवमोजिम कामकारवाही गर्न सहज हुनेगरी आवश्यकतानुसारको बजेटको व्यवस्था गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई सुझाब दिने ।

## २०८१ मङ्सिर २३

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको यस बैठकमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणाहरु राख्नु भएको थियो।

- माननीय रघुजी पन्त
- माननीय मैना कार्की
- माननीय जावेदा खातुन जागा
- माननीय नारायण प्रसाद आचार्य
- माननीय हर्कमाया विश्वकर्मा
- माननीय चन्दा चौधरी

**समितिको उक्त बैठकबाट देहाय वमोजिम निर्देशन तथा निर्णय भयोः**

- समितिबाट २०८१ असोज ६ गते भक्तपुर जिल्लाको भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वःप इन्जिनियरिङ्ग कलेज लगायतका शिक्षासम्बन्धी विभिन्न स्कूल तथा कलेज, ख्वःप अस्पताल लगायतका निकायहरुको स्थलगत अवलोकन गर्ने र सोको लागि सबै सदस्यहरुलाई कार्यतालिकाको सम्बन्धमा जानकारी गराइ आवश्यक तयारी तथा व्यवस्थापन गर्न समिति सचिवालयलाई निर्देशन दिने,

- सातै प्रदेशका कम्तीमा एउटा-एउटा जिल्ला समावेश हुनेगरी नमूना छनौट गरी पहिचान गरेका सात स्थानमा रहेका सरकारी अस्पतालहरुको विद्यमान अवस्था तथा ती अस्पतालहरुमा लागू भएको स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा संसद सहयोग परियोजना मार्फत अन्तर्क्रिया/सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने र सोको प्रकृया प्रारम्भ गर्न सचिवालयलाई निर्देशन दिने,
- समितिको कार्यक्षेत्रभित्रको कुनै विषयमा समितिबाट स्थलगत अनुगमन तथा वैदेशिक अध्ययन भ्रमण गर्दा समितिमा प्रतिनिधित्व गर्ने दलहरुसँग समन्वय गरी उपयुक्त मिति निर्धारण गर्न तथा स्थलगत अनुगमन/अध्ययन भ्रमण गर्ने सदस्यहरुको चयन गर्न र सोसम्बन्धी आवश्यक कार्य गर्ने सम्बन्धमा माननीय सभापतिलाई अधिकार प्रदान गर्ने,
- यस समितिका माननीय सदस्य रेखा शर्माका पिता गिरिराज शर्माको स्वर्गारोहणको खबरले सिङ्गो समिति मर्माहत बनेको छ । समितिका सदस्य माननीय रेखा शर्माका पिताको निधनको दुःखद घडीमा पिताप्रति भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने।

## २०८१ मङ्सिर २४

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्न समितिका माननीय सभापतिको सभापतित्वमा बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो।

समितिको बैठकमा देहाय वमोजिमका माननीय सदस्यहरुले संशोधन प्रस्तावको सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो।

- रामप्रकाश चौधरी
- विनिता कुमारी सिंह
- ज्ञानु वस्नेत सुवेदी

- सुमना श्रेष्ठ

**समितिको आजको बैठकबाट देहाय वमोजिमको निर्णय भयो।**

- त्रिभुवन विश्वविद्यालयबाट विगत २० वर्षदेखि हालसम्म अध्ययन विदा लिई अध्ययन गर्न गएका, अध्ययन पश्चात स्वदेश फिर्ता भई कानूनले निर्दिष्ट गरेको कवुलियतनामाबमोजिमको सेवा नगरेका प्राध्यापक तथा कर्मचारीहरुको नाम, विदा स्वीकृत वर्ष, विदाको अवधि, अध्ययनको विषयसमेत खुलेको विवरण र कबुलियतनामा वमोजिमको सेवा नगर्नेउपर त्रिभुवन विश्वविद्यालयबाट भएको कारवाहीसम्बन्धी विवरण समितिको अध्ययन प्रयोजनका लागि ७ दिनभित्र उपलब्ध हुनेगरी माग गर्ने।

**२०८१ मङ्सिर २६**

विद्यालय शिक्षा विधेयकको सम्बन्धमा विज्ञहरुसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि तथा शिक्षाविद् एवम् विषयविज्ञहरुको उपस्थिति रहेको थियो । बैठकमा देहाय वमोजिमका विज्ञहरुले विद्यालय शिक्षा विधेयकका सम्बन्धमा प्रस्तुति तथा सुझावहरु प्रस्तुत गर्नु भएको थियोः

- पूर्व उपकूलपति, त्रिभुवन विश्वविद्यालय, प्रा. केदारभक्त माथेमा
- शिक्षाविद् प्रा. डा. टंकनाथ धमला, डीन, गणित, त्रिभुवन विश्वविद्यालय
- सचिव, संघीय संसद सचिवालय, डा. रोजनाथ पाण्डे
- पूर्व सचिव तथा अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड डा. महाश्रम शर्मा
- शिक्षाविद् प्रा. डा. मिन बहादुर विष्ट
- शिक्षाविद् डा. ब्रजेश पन्त
- शिक्षाविद् डा. विष्णु कार्की
- बाल विकास विशेषज्ञ डा. मिनाक्षी दाहाल

- शिक्षाविद् विनय कुमार कुसियैत
- शिक्षाविद् डा. तुलसी थपलिया
- अटिजम विशेषज्ञ डा. सुनिता मलेकु अमात्य
- पूर्व सचिव जनार्दन नेपाल
- प्रधानाध्यापक महेन्द्र विष्ट
- शिक्षाविद् टिका भट्टराई
- अनुसन्धानकर्ता दिपेश श्रेष्ठ
- स्पेशल एजुकेशन निड्स् का अध्यक्ष ज्ञानेन्द्र प्रधान
- बोर्ड सर्टिफाइड विह्याभियर एलालिस्ट प्रज्ञा प्रधान
- अनुसन्धानकर्ता बाबुराम विश्वकर्मा

**२०८१ मङ्सिर २७**

- औषधिको उत्पादन, वितरण, गुणस्तर तथा मूल्यका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेल तथा मन्त्रालयका सचिव मन्त्रालयका सचिव डा. रोशन पोखरेल, औषधि व्यवस्था विभागका महानिर्देशकको उपस्थिति रहेको थियो।
- उक्त बैठकमा औषधिको उत्पादन, वितरण, गुणस्तर तथा मूल्यका सम्बन्धमा विषयविज्ञहरु लगायत अन्य सरोकारवालाहरुसँग आगामी दिनमा पुनः छलफल गर्ने निर्णय भएको थियो।

**२०८१ पुस ३**

विद्यालय शिक्षा विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्नुहुने संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको यस बैठकमा देहाय वमोजिमका संशोधनकर्ता माननीय सदस्यहरुले आफ्नो

संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणाहरु राख्नु भएको थियो।

- राम प्रकाश चौधरी
- विना जैसवाल
- विनिता कुमारी सिंह
- ज्ञानु वस्नेत सुवेदी
- सुमना श्रेष्ठ

**समितिको आजको बैठकबाट देहाय वमोजिमको निर्देशन तथा निर्णय भएको थियो।**

साविकको विधेयक अध्ययन उपसमितिलाई भङ्ग गरी समितिको कार्यक्षेत्रका विषयमा अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न देहाय वमोजिमका सदस्यहरु रहने गरी निम्नानुसार कार्यदिश सहितको देहाय वमोजिमका उपसमितिहरु गठन गर्नेः

**स्वास्थ्य तथा जनसंख्या अध्ययन उपसमिति**

- माननीय डा. तोसिमा कार्की - सदस्य
- माननीय दिपा शर्मा - सदस्य
- माननीय छविलाल विश्वकर्मा- सदस्य
- माननीय चन्द्रकान्त भण्डारी - सदस्य
- माननीय महेन्द्र कुमार राय - सदस्य
- माननीय रेखा शर्मा - सदस्य
- माननीय रामप्रकाश चौधरी - सदस्य

**युवा तथा खेलकूद अध्ययन उपसमिति**

- माननीय प्रभु हजारा - सदस्य
- माननीय दिपा शर्मा - सदस्य
- माननीय डिग बहादुर लिम्बू - सदस्य
- माननीय महिन्द्र राय यादव - सदस्य

- माननीय ज्ञानु वस्नेत सुवेदी - सदस्य
- माननीय तोसिमा कार्की - सदस्य
- माननीय विनिता कुमारी सिंह - सदस्य

**शिक्षा, विज्ञान तथा प्रविधि अध्ययन उपसमिति**

- माननीय देवेन्द्र पौडेल — सदस्य
- माननीय डा. कालुराम राई - सदस्य
- माननीय सरिता भुसाल - सदस्य
- माननीय संगिता मण्डल धानुक - सदस्य
- माननीय लिला देवी बोखिम (लिम्बू) - सदस्य
- माननीय सुमना श्रेष्ठ - सदस्य
- माननीय रामप्रकाश चौधरी - सदस्य

**सञ्चार तथा सूचना प्रविधि अध्ययन उपसमिति**

- माननीय छविलाल विश्वकर्मा - सदस्य
- माननीय इश्वरी घर्ती - सदस्य
- माननीय धनराज गुरुङ्ग - सदस्य
- माननीय लिलादेवी वोखिम (लिम्बू) - सदस्य
- माननीय रेखा शर्मा - सदस्य
- माननीय सुमना श्रेष्ठ - सदस्य
- माननीय विना जैसवाल - सदस्य

**उपसमितिहरुको कार्यदेश**

- आफ्नो क्षेत्राधिकार भित्र पर्ने निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन तथा व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, सरकारी आश्वासन, प्रत्यायोजित विधायन तथा ती निकायहरुका अन्य कामकारवाही एवं क्रियाकलापहरुको अध्ययन गर्ने,

- अध्ययनको सिलसिलामा उपसमितिले स्थलगत अवलोकन, अन्तर्क्रिया लगायतका संसदीय निगरानीसम्बन्धी सबै कार्यहरु गर्न सक्ने,
- अध्ययनको सिलसिलामा कुनै व्यवधान तथा समस्या सिर्जना भएमा समिति समक्ष पेश गरी समितिको निर्देशानुसार गर्ने,
- स्थलगत अवलोकन गर्दा तथा संघीय संसद भवन र संघीय संसद सचिवालय परिसर वाहिर अन्तर्क्रिया कार्यक्रम गर्दा सभापतिको अनुमति लिनुपर्ने,
- अध्ययनको सिलसिलामा सम्बन्धित निकायबाट विवरण माग गर्ने, ती निकायका पदाधिकारीलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने लगायतका समितिलाई भएका अधिकारहरुको प्रयोग गर्न सक्ने,
- उपसमितिहरुको अन्य कार्यविधि प्रतिनिधि सभा नियमावली, २०७९ को अधिनमा रही उपसमिति आफैंले तय गर्न सक्ने,
- उपसमितिहरुको कार्य अवधि एक वर्षको हुने,
- उपसमितिहरुले प्रत्येक ३ महिनामा समिति समक्ष कार्यप्रगति प्रतिवेदन पेश गर्ने।
- उपसमितिले संयोजक आफूहरु मध्येबाट चयन गर्ने ।

निवेदन छानविन तथा अध्ययन उपसमितिमा देहाय वमोजिम सदस्यहरु रहने गरी पुनर्गठन गर्ने:

- माननीय इश्वरी घर्ती - संयोजक
- माननीय उर्मिला थेवे - सदस्य
- माननीय महेन्द्र कुमार राय - सदस्य
- माननीय ज्ञानु वस्नेत सुवेदी - सदस्य
- माननीय विनिता कुमारी सिंह - सदस्य
- माननीय रामप्रकाश चौधरी - सदस्य

**उपसमितिको कार्यदिश**

- समिति समक्ष पेश भएका निवेदनहरु अध्ययन गरी निरुपण गर्ने,

- निवेदन अध्ययन गरी निरुपण गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट विवरण माग गर्ने, ती निकायका पदाधिकारीलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने लगायतका समितिलाई भएका अधिकारहरुको प्रयोग गर्न सक्ने,
- निरुपण गर्न नसकेका निवेदनहरु सुझाव सहित समिति समक्ष पेश गर्ने,
- कार्यदिश वमोजिमको कार्य सम्पादनमा कुनै समस्या सिर्जना भएमा समिति समक्ष पेश गरी समितिको निर्देशानुसार गर्ने,
- उपसमितिको अन्य कार्यविधि प्रतिनिधि सभा नियमावली, २०७९ को अधिनमा रही उपसमिति आफैंले तय गर्न सक्ने,
- उपसमितिको कार्य अवधि एक वर्षको हुने,
- उपसमितिले प्रत्येक ३ महिनामा समिति समक्ष कार्यप्रगति प्रतिवेदन पेश गर्ने।

समितिको कामकारवाहीलाई सुव्यवस्थित तवरले सञ्चालन गर्ने प्रयोजनका लागि समितिको कार्ययोजना तथा कार्यतालिका निर्माण गर्न, विषयहरुको प्राथमिकीकरण गर्न, सभापतिले आवश्यक ठह-याएको अन्य कुनै विषयमा परामर्श दिन तथा समितिका कामकारवाहीका विषयमा आवश्यक समन्वयसम्बन्धी कार्य गर्न समितिका सभापतिको अध्यक्षतामा देहाय वमोजिमका सदस्यहरु रहने गरी समिति परामर्श तथा समन्वय उपसमिति गठन गर्ने

- माननीय सभापति अम्मरबहादुर थापा
- माननीय डिगबहादुर लिम्बू
- माननीय तोसिमा कार्की
- माननीय रामप्रकाश चौधरी
- माननीय छविलाल विश्वकर्मा
- माननीय देवेन्द्र पौडेल
- माननीय विना जैसवाल

विद्यालय शिक्षा विधेयकको सम्बन्धमा सातै प्रदेशबाट देहाय वमोजिमको मोडालिटीमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम गर्नेः

**कार्यक्रमको मोडालिटी**

- सात प्रदेशमा हुने ७ वटा कार्यक्रमको लागि ५ वटा मात्र टोली निर्माण हुने ।

- कोशी र मधेश प्रदेशका लागि एउटा तथा कर्णाली र लुम्बिनी प्रदेशका लागि एउटा टोली निर्माण हुने,
- प्रत्येक सदस्यले आफ्नो दलबाट समितिमा प्रतिनिधित्व गर्नुहुने सदस्यहरुबीच समन्वय गरी सदस्यले रोजेको कुनै एक प्रदेशमा सहभागी हुनुपर्ने,
- प्रत्येक टोलीमा ५ जना सदस्यका दरले टोली बनाइने,
- एउटा दलबाट एउटा प्रदेशमा एक जना मात्र सहभागी हुने तर नेकपा एमाले र नेपाली काँग्रेसका ७।७ जना सदस्य भएकाले कुनै २ वटा प्रदेशमा २।२ जना सदस्य सहभागी हुने,
- आफूले रोजेको प्रदेश बाहेक आफ्नो प्रदेशमा हुने कार्यक्रममा त्यस प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने सदस्य स्वतः सहभागी हुन पाउने ।

तत्काललाई देहाय वमोजिमका ३ वटा प्रदेशस्तरीय कार्यक्रम गर्नेः

- २०८१ पुस ९ गतेसम्म सुदूर पश्चिम प्रदेश
- २०८१ पुस १३ गते कोशी प्रदेश र
- २०८१ पुस १५ गते मधेश प्रदेश।

पहिलो चरणको कार्यक्रमको फिडव्याक समेतका आधारमा त्यसपछि अन्य प्रदेशमा समेत कार्यक्रम गर्ने ।

**२०८१ पुस ५**

**छलफल तथा निर्णयः**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, २०८० का सम्बन्धमा सैद्धान्तिक छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय

तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थिति रहेको थियो। समितिको यस बैठकमा देहाय वमोजिमका सदस्यहरुले धारणा राख्नु भएको थियो।

- माननीय देवेन्द्र पौडेल
- माननीय दिपा शर्मा
- माननीय कालुराम राई
- माननीय सरिता भूसाल
- माननीय ज्ञानु वस्नेत सुवेदी
- माननीय डिगबहादुर लिम्बू

**समितिको आजको बैठकले देहाय वमोजिमको निर्णय गऱ्यो**

- समितिको आगामी बैठकमा स्वास्थ्य क्षेत्रका विभिन्न विधामा संलग्न विषयविज्ञहरुलाई र स्वास्थ्य क्षेत्रका विभिन्न संस्थाहरु जस्तो नेपाल मेडिकल काउन्सिल, नर्सिङ्ग काउन्सिल, नेपाल फार्मेसी काउन्सिल, विभिन्न स्वास्थ्य प्रतिष्ठानका डिनहरु, राष्ट्रिय चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष, विभिन्न स्वास्थ्य प्रतिष्ठानका डिनहरु लगायतका अन्य यस्तै संस्थाबाट आमन्त्रण गरी विश्वविद्यालयले स्वास्थ्य विज्ञानका सम्बन्धमा के कस्ता विषयहरु सम्बोधन गर्नुपर्छ, ती विषयलाई नीतिगत रुपमा विधेयक मार्फत कसरी सम्बोधन गर्न सकिन्छ तथा विचाराधीन शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० मा परिमार्जन गरिनुपर्ने विषय के के हुन सक्लान् भन्ने सम्बन्धमा समिति सचिवालयले समन्वय गरी सभापतिबाट निर्धारण हुने मितिमा दुई चरणमा राय सुझाव लिने।
- समितिको २०८१ बैशाख ३० गतेको बैठकले "त्रिभुवन विश्वविद्यालयको अतिक्रमित जग्गा फिर्ता ल्याउने प्रयोजनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयलाई शिघ्रातीशिघ्र कार्य प्रारम्भ गर्न निर्देश गर्ने।" भनी निर्देशन दिएको सम्बन्धमा अध्ययन समिति गठन भई प्रतिवेदन समेत पेश गरेको भन्ने जानकारी प्राप्त हुन आएकाले समितिको अध्ययन प्रयोजनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग उक्त प्रतिवेदन माग गर्ने र सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउने ।

## २०८१ पुस ११

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, २०८० का सम्बन्धमा विषयविज्ञहरुसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई तथा मन्त्रालयका सचिव डा. दिपक काफ्ले र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र स्वास्थ्य क्षेत्रमा विभिन्न विधाका विषयविज्ञहरुको उपस्थिति रहेको थियो। समितिको यस बैठकमा देहाय वमोजिमका विज्ञहरुले विधेयकमार्फत स्थापना हुने स्वास्थ्य विज्ञान विश्वविद्यालयका सम्बन्धमा धारणा राख्नु भएको थियो।

- वरिष्ठ न्यूरो सर्जन डा. बसन्त पन्त
- वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला
- वरिष्ठ छातीरोग विशेषज्ञ डा. अर्जुन कार्की
- बरिष्ठ कन्सल्टेन्ट जनरल फिजिसियन डा. विमल शर्मा चालिसे
- वरिष्ठ जनस्वास्थ्य विशेषज्ञ मोहनकृष्ण श्रेष्ठ
- वरिष्ठ अस्पताल व्यवस्थापन विज्ञ डा. होमप्रसाद अधिकारी
- वरिष्ठ अस्पताल व्यवस्थापन विज्ञ डा. एस. पी. कलौनी
- वरिष्ठ अस्पताल व्यवस्थापन विज्ञ डा. महेन्द्र विष्ट
- अस्पताल व्यवस्थापन विज्ञ पिताम्बर अधिकारी
- अस्पताल व्यवस्थापन विज्ञ कृष्णगोपाल श्रेष्ठ

## २०८१ पुस १९

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, २०८० का सम्बन्धमा स्वास्थ्यसँग सम्बन्धित प्रतिष्ठान र काउन्सिलका पदाधिकारीहरुसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, स्वास्थ्य क्षेत्रका विभिन्न प्रतिष्ठानका डीन तथा विभिन्न काउन्सिलका प्रमुखहरु, स्वास्थ्यसम्बन्धी विज्ञ तथा कानून, न्याय तथा संसदीय मामिला

मन्त्रालयका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। समितिको यस बैठकमा उक्त विधेयकले स्थापना गर्ने स्वास्थ्य विज्ञान विश्वविद्यालयको सम्बन्धमा देहाय बमोजिमका विज्ञहरुले धारणा राख्नु भएको थियो।

- प्रा. डा. अन्जनी कुमार झा, उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग
- डा. अशेष ढुंगाना, डीन, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
- प्रा. डा. बालकृष्ण मणि आचार्य, डीन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
- प्रा. डा. चोपलाल भुषाल, अध्यक्ष, नेपाल मेडिकल काउन्सिल
- सुबोध कुमार शर्मा, अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद्
- डा. सन्तोष कुमार ठाकुर, आयुर्वेद चिकित्सा परिषद् नेपाल
- प्रज्वल जंग पाण्डे, अध्यक्ष, नेपाल फार्मेसी परिषद्
- सरला के सी, प्रमुख, नेपाल नर्सिङ्ग परिषद्
- प्रा.डा. ध्रुव अधिकारी, वरिष्ठ न्यूरो सर्जन
- डा. निर्मल भुषाल, रजिष्ट्रार, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

## २०८१ पुस २५

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० का सम्बन्धमा संशोधनकर्ता माननीय सदस्यहरुसँग छलफल गर्न बसेको समितिको यस बैठकमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टाराई, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहेको थियो।

समितिको यस बैठकमा देहाय बमोजिमका सदस्यहरुले विधेयकमाथि पेश गर्नुभएको आफ्नो संशोधन प्रस्तावको आवश्यकता, औचित्य र सान्दार्भिकताका सम्बन्धमा धारणा राख्नु भएको थियो।

- भानुभक्त जोशी
- माननीय शेर बहादुर कुँवर
- माननीय मैना कार्की
- माननीय रघुजी पन्त

- माननीय प्रेम सुवाल
- माननीय तोसिमा कार्की

**बैठकको निर्णय**

- समितिको यस बैठकमा सबै संशोधनकर्ता माननीय सदस्यहरुको उपस्थिति नभएकोले अर्को एउटा बैठकमा उपस्थित हुन बाँकी सबै संशोधनकर्ता सदस्यहरुलाई पुनः खबर गरी धारणा सुन्ने र त्यसपछि दफावार छलफलमा प्रवेश गर्ने,
- विद्यालय शिक्षा विधेयकका सम्बन्धमा समितिले गरेका ३ वटा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको समीक्षा गरी बाँकी ४ वटा प्रदेशहरुमा देहाय वमोजिमको तालिका अनुसार अन्तर्क्रिया कार्यक्रम गर्ने:

**बाँकी प्रदेशको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम तालिका**

| प्रदेश | मिति | कार्यक्रम तालिका |
|---|---|---|
| कर्णाली प्रदेश | २०८१/९/२८ | काठमाडौंबाट सुर्खेत प्रस्थान |
| | | वीरेन्द्रनगरस्थित कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | २०८१/९/२९ | कर्णाली प्रदेशमा अन्तर्क्रिया कार्यक्रम |
| | २०८१/१०/१ | दैलेख जिल्लाको कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | | काठमाडौं फर्कने |
| गण्डकी प्रदेश | २०८१/१०/५ | काठमाडौंबाट पोखरा प्रस्थान |
| | | पोखरास्थित कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | २०८१/१०/६ | गण्डकी प्रदेशमा अन्तर्क्रिया कार्यक्रम |
| | २०८१/१०/७ | पोखरास्थित अर्को कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | | काठमाडौं फर्कने |

| | | |
|---|---|---|
| लुम्बिनी प्रदेश | २०८१/१०/८ | काठमाडौंबाट भैरहवा प्रस्थान |
| | | कालिका माध्यमिक विद्यालयको स्थलगत अवलोकन |
| | २०८१/१०/९ | लुम्बिनी प्रदेशमा अन्तर्क्रिया कार्यक्रम |
| | २०८१/१०/१० | अर्को जिल्लाको कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | | काठमाडौं फर्कने |
| बागमती प्रदेश | २०८१/१०/११ | काठमाडौंबाट हेटौंडा प्रस्थान |
| | | कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | २०८१/१०/१२ | बागमती प्रदेशमा अन्तर्क्रिया कार्यक्रम |
| | २०८१/१०/१३ | अर्को जिल्लाको कुनै एक विद्यालयको स्थलगत अवलोकन |
| | | काठमाडौं फर्कने |

यस समितिलाई चालु आर्थिक वर्षका लागि प्राप्त भएको वार्षिक कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा समिति परामर्श तथा समन्वय उपसमितिबाट सिफारिस भई आएको देहाय वमोजिमको कार्यक्रम कार्यान्वयन कार्यतालिकालाई स्वीकृत गर्नेः-

**कार्यक्रम कार्यान्वयन कार्यतालिका**

| क्र.सं. | स्वीकृत कार्यक्रम | कार्यक्रम अन्तर्गतका क्रियाकलाप | समितिबाट कार्यान्वयन गर्न चयन गरिएका कार्यक्रम | कार्यक्रमको समय |
|---|---|---|---|---|
| १ | समितिको कार्यक्षेत्र अभिमुखीकरण कार्यक्रम | समितिको कार्यक्षेत्रसम्बन्धी अभिमुखीकरण कार्यक्रमका लागि १ लाखको बजेट सीमा भित्र रही अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने | BLS (Basic Life Safe) मार्फत समितिका सदस्यलाई स्वास्थ्य सचेतना कार्यक्रम गर्ने | २०८१ माघ दोस्रो हप्ताभित्र |
| | | | मानसिक स्वास्थ्य र यसका असर सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने | २०८१ माघ तेस्रो हप्ताभित्र |

| क्र.सं. | स्वीकृत कार्यक्रम | कार्यक्रम अन्तर्गतका क्रियाकलाप | समितिबाट कार्यान्वयन गर्न चयन गरिएका कार्यक्रम | कार्यक्रमको समय |
|---|---|---|---|---|
| २ | समितिको कार्यक्षेत्रबमोजिम अन्तर्क्रिया कार्यक्रम | प्रत्येक समिति सचिवालयले आफ्नो समितिको कार्यक्षेत्र अनुसार समितिको कार्यसम्पादन प्रभावकारीताको लागि १.५ लाखको बजेट सीमा भित्र रही अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने | शहीद दशरथ चन्द विश्विद्यालय विधेयकका सम्बन्धमा सरोकारवाला निकायका पदाधिकारीहरुसँग अन्तर्क्रिया कार्यक्रम | २०८१ पुस १९ गते सम्पन्न |
| | | | क्यान्सर रोग सम्बन्धमा नेपालको स्वास्थ्य पद्धति तथा चुनौतीहरुका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम | २०८१ फागुन पहिलो हप्ताभित्र |
| | | | लागु औषध दुर्वशनी रोकथामसम्बन्धी नेपालमा भइरहेका प्रयाससम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०८१ फागुन पहिलो हप्ताभित्र |
| | | | मानव अंग प्रत्यारोपणसम्बन्धी समस्या र चुनौती विषय अन्तर्क्रिया | २०८१ फागुन दोस्रो हप्ता |
| ३ | समिति मार्फत विभिन्न पुस्तक प्रतिवेदन तथा जर्नल प्रकाशन | ३(तीन) लाखभित्रको सीमामा रही माग अनुसार बजेट भएसम्म समितिमार्फत विभिन्न पुस्तक प्रतिवेदन तथा जर्नल प्रकाशन | संसदीय डेस्क हेर्ने चारवटै मन्त्रालयका प्रतिनिधि समेतको संलग्नतामा सचिवालयस्तर एक कमिटी गठन गरी समितिले २०७४ सालदेखि दिएका निर्देशनहरु र ती निर्देशनहरुको कार्यान्वयनको विद्यमान अवस्थासम्बन्धी अध्ययन गर्ने | २०८१ माघबाट सुरु गरी २०८२ जेठभित्र सक्ने। |

| क्र.सं. | स्वीकृत कार्यक्रम | कार्यक्रम अन्तर्गतका क्रियाकलाप | समितिबाट कार्यान्वयन गर्न चयन गरिएका कार्यक्रम | कार्यक्रमको समय |
|---|---|---|---|---|
| ४ | समितिको कार्यक्षेत्र अनुसारको अनुगमन कार्यक्रम | प्रत्येक समिति सचिवालयले आ-आफ्नो समितिको कार्यक्षेत्रका अनुगमन कार्यक्रम सञ्चालनका लागि खर्च व्यवस्थापन गर्न रु १४ लाखको दरले विनियोजन गरिएको, जसमा पहिलो, दोस्रो, तेस्रो चौमासमा सो रकमको एक तिहाई बराबरको रकम खर्च गर्ने | समितिले छनौट गरेका कम्तीमा ४ वटा विश्वविद्यालयहरुको विद्यमान अवस्था, समस्या तथा संभावनाका सम्बन्धमा स्थलगत अवलोकन गरी अध्ययन गर्ने | २०८२ जेठभित्र |
| | | | काठमाडौं उपत्यकाका केन्द्रिय तहका अस्पतालहरुको विद्यमान अवस्थाबारे स्थलगत अवलोकन तथा अन्तर्क्रिया गरी वस्तुगत अवस्थाबारे जानकारी लिने | २०८२ जेठभित्र |
| ५ | समितिमा प्राप्त विधेयक सम्बन्धमा छलफल तथा अन्तर्क्रिया | माग अनुसार विभिन्न विषयगत समितिमा प्राप्त विधेयक सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | विद्यालय शिक्षा विधेयकका सम्बन्धमा विषयविज्ञहरुसँग अन्तर्क्रिया | २०८१ मङ्सिर २६ गते सम्पन्न |
| | | | समितिमा पछि प्राप्त हुने विधेयकका सम्बन्धमा विषयविज्ञहरुसँग तथा सरोकारवालाहरु सँग अन्तर्क्रिया कार्यक्रम (संसदको अधिवेशन सुरुभएपछि विधेयक प्राप्त | |

| क्र.सं. | स्वीकृत कार्यक्रम | कार्यक्रम अन्तर्गतका क्रियाकलाप | समितिबाट कार्यान्वयन गर्न चयन गरिएका कार्यक्रम | कार्यक्रमको समय |
|---|---|---|---|---|
| | | | हुनासाथ (अधिवेशनसँगै राष्ट्रिय सभा बाट तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक प्राप्त हुने)) | |

## १.२.२.१० सार्वजनिक लेखा समिति

- समितिका जम्मा १ वटा बैठक सम्पन्न भएको,
- समितिको बैठक २०८१ पुस ८ मा बसी म.ले.प.ले औंल्याएका बेरुजु छलफलको प्रगति समीक्षासम्बन्धी विषयमा छलफल भएको,
- बेरुजु सम्बन्धमा छलफल गर्न समितिअन्तर्गत ९ वटा उपसमिति गठन भएकोमा हालसम्म निम्नलिखित मन्त्रालय, आयोग र कार्यालयहरुको महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन उपर छलफल गर्न तपशिलबमोजिमको संख्यामा उपसमितिको बैठक बसेका छन् ।
    - ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय- १ वटा
    - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- १ वटा
    - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- ७ वटा
    - सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- २ वटा
    - कानून न्याय तथा संसदीय मामिला मन्त्रालय -१ वटा
    - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- १ वटा
    - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- १ वटा
    - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- ५ वटा
    - भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- ३ वटा
    - सर्वोच्च अदालत- १ वटा
    - राष्ट्रिय दलित आयोग- १ वटा
    - राष्ट्रिय मानव अधिकार आयोग- १ वटा

- आदिबासी जनजाति आयोग- १ वटा
- थारु आयोग- १ वटा

समितिमा प्राप्त उजुरीहरु उपर छलफल गर्न गठित उपसमितिको १ वटा २०८१ मङ्सिर२५ गते बैठक बसी समितिमा प्राप्त उजुरीहरु सम्बन्धित मन्त्रालय/कार्यालयमा पठाई सोसँग सम्बन्धित आवश्यक प्रमाण एवम् कागजातहरु माग गरिएको । साथै म.ले.प.को ६० औं वार्षिक प्रतिवेदन सक्ने गरी कार्ययोजना तयार गरी सम्बन्धित मन्त्रालय/कार्यालयलाई पत्राचार गर्ने निर्णय गरेको ।

## १.२.३ राष्ट्रिय सभाका समितिका गतिविधि

राष्ट्रिय सभाअन्तर्गत जम्मा ४ वटा समिति रहेका छन्। उक्त समितिहरुबाट २०८१ कार्तिक १ देखि पुस मसान्तसम्म सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### १.२.३.१ विकास, आर्थिक मामिला तथा सुशासन समिति

**समितिको बैठकसम्बन्धी विवरण**

यस अवधिमा समितिका ६ वटा वैठक बसेका छन्। बैठकका मुख्य निर्णय तथा दिइएका निर्देशनहरु निम्नानुसार रहेका छन्।

**२०८१ कार्तिक ५**

- दिगो एवं विपद् संवेदनशील पूर्वाधार विकास, योजनावद्ध शहरीकरण तथा बस्ती विकाससम्बन्धी कार्यसूचीमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, शहरी विकास मन्त्रालयका सचिव मणिराम गेलाल, शहरी विकास तथा भवन निर्माण विभाग, सडक विभागको उपस्थितिमा समितिको बैठकमा छलफल भएको थियो।
- भौतिक पूर्वाधार, शहरी विकास एवं बस्ती विकाससँग सम्बन्धित सोह्रौं योजनाले लक्ष्य निर्धारण गरेका चालु आ.व. ०८१/०८२ मा स्वीकृत कार्यक्रम, विनियोजित बजेट र हालको अवस्थालाई सूचारु भएका, आंशिक रुपमा सञ्चालन हुने र समस्याग्रस्त आयोजनाहरुको समस्याहरु समेत उल्लेख गरी आयोजनालाई वर्गीकरण

गरी प्राथमिकताका आधारमा विकास निर्माणका कार्यहरुलाई तिव्रता दिन र प्रगति विवरण त्रैमासिक रुपमा समितिमा पेश गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयलाई समितिले निर्देशन दिएको।

- सडक पूर्वाधार तथा यातायात व्यवस्थालाई सुरक्षित, व्यवस्थित गराउन प्राकृतिक प्रकोप उत्थानशील पूर्वाधार तय गर्न र राज्यले अपनाएको अनुकूलन योजना अनुरुप निर्माण आयोजनाहरु सञ्चालन गर्न, पूँजिगत खर्च बढाउने गरी जनशक्ति परिचालन र आवश्यक तयारी गरी समयमै आयोजना सम्पन्न गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयलाई समितिले निर्देशन दिएको।
- राष्ट्रिय गौरवका आयोजनाहरुलाई प्राथमिकता दिई विकास निर्माणका लक्ष्य अनुरुप कार्य सम्पन्न हुने गरी कार्य अघि बढाउन आवश्यक कानूनी व्यवस्था गर्न र आगामी समयमा नियमित रुपमा त्रैमासिक समीक्षा गरी प्रतिवेदन समितिमा पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समितिले निर्देशन दिएको।

## २०८१ कार्तिक ११

- राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारी, अर्थ मन्त्रालयका सचिव दिनेश कुमार घिमिरे, राष्ट्रिय योजना आयोगका सचिव मधुकुमार मरासिनी, वन तथा वातवरण मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको उपस्थितिमा विश्व जलवायु सम्मेलन (कोप २९) मा नेपालको सहभागिताका लागि आवश्यक तयारी सम्बन्धमा छलफल भएको,
- दिगो विकास लक्ष्य नं. ६ मा रहेको सवैको निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै दिगो व्यवस्थापन सुनिश्चित गर्ने सम्बन्धमा संसद, सरकार, नागरिक समाज र विकास साझेदार वीचमा समन्वय र सहकार्य अभिवृद्धि गर्न "खानेपानी, सरसफाई र स्वच्छताका लागि सांसद मञ्च" गठन गर्ने कार्यमा आवश्यक सहजीकरण गर्न समिति सचिवालयलाई निर्देशन दिएको।

२०८१ कार्तिक १४

- प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका माननीय सभापति अब्दुल खान एवं सदस्यहरु माननीय रेखा यादव र माननीय सिता मिजारको उपस्थितिमा नेपालमा उत्पादित सुपारी निर्यात सम्बन्धमा छलफल गरिएको,
- नेपालमा आवश्यक पर्ने सुपारीको परिमाण, नेपाली सुपारी नेपालमै खपतको लागि आवश्यक रणनीति, सुपारीको बजार मूल्य निर्धारण र सुपारी खेतीको संरक्षण, सम्बर्धन एवं  विस्तारको बारेमा नेपाल सरकारबाट कार्ययोजना माग गर्ने निर्णय भएको,
- नेपाली सुपारीको गुणस्तर र उत्पतिको प्रमाणीकरण गर्न उत्पतिको प्रमाणपत्र जारी गर्ने कार्यविधि, २०६८ मा आवश्यक सुधार गरी अन्य निर्यात योग्य कृषि जन्य बाली जस्तै यसको अन्तर्राष्ट्रिय बजारमा विक्री वितरणको व्यवस्था सहज बनाउने सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट राय माग गर्ने निर्णय भएको,
- सरकारले सुपारी आयात खुला गरेको सन्दर्भमा आयातित सुपारीको चोरीनिकासी रोक्न नेपाली सुपारीको सुरक्षित निकासी गर्न आयातित सुपारीको उपयुक्त भन्सार दर कायम गर्ने, उपयुक्त कोटा निर्धारण गर्ने, काउन्टर भेलिंग कर लगाइ सो बापतको रकम सुपारी किसानलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालय र गृह मन्त्रालयसँग छलफल गर्ने निर्णय भएको,
- आयातित र निर्यात हुने सुपारीको नक्ष्ल (डीएनए) परीक्षण के कति समयमा व्यवस्था गर्न सकिन्छ सो को सम्भाव्यता अध्ययन गरी कार्ययोजना पेश गर्न र उक्त व्यवस्था नहुँदासम्म के कसरी आयात निर्यातको प्रवन्ध गर्न सकिन्छ सो सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छलफल गर्ने निर्णय भएको,
- "दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकता सम्बन्धमा" संकल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमितिबाट तयार गरिएको मस्यौदा प्रतिवेदन उपसमितिका संयोजक माननीय भुवन बहादुर सुनारबाट समिति समक्ष पेश भएको थियो।

## २०८१ पुस ४

- माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको उपस्थितिमा "दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकता सम्बन्धमा" संकल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमितिबाट पेश गरिएको मस्यौदा प्रतिवेदन उपर छलफल गरियो र परिमार्जन सहित "दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१" पारित भएको,
- समितिबाट पारित "दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१" राष्ट्रिय सभामा छलफलको लागि पेश गर्ने निर्णय भएको,
- "दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानूनी व्यवस्थाको आवश्यकतासम्बन्धी प्रतिवेदन, २०८१" मा आधारित भई दलित समुदायको अधिकार तथा विकाससम्बन्धी विधेयक संघीय संसदको आगामी अधिवेशनमा पेश गर्न आवश्यक गृहकार्य अघि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिइएको।

## २०८१ पुस ८

- माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी समेतको उपस्थितिमा बसेको समितिको बैठकमा नेपालमा सुपारी उत्पादनको तथ्यांक, सुपारी खेती गर्ने किसानहरूको प्रोत्साहनका कार्यक्रम एवं कृषकहरुको उत्पादित सुपारीको बजार व्यवस्थापन, सुपारी खेतीको लागि उन्नत विउ, मलखाद, प्रशोधन उपकरण, प्रशिक्षण, ऋण/अनुदान, सुपारीको आयात र निर्यात लगायतका विषयमा छलफल गरिएको थियो।

२०८१ पुस २२

- समितिको आ.व. ०८१/०८२ को वार्षिक कार्ययोजनाको हाल सम्मको कार्यप्रगतिको वारेमा समीक्षा गरिएको थियो। कार्ययोजनामा उल्लेखित वाँकी कार्यक्रमहरु समयमा नै सम्पन्न गर्ने गरी समितिको कामकारवाही अघि बढाउने निर्णय गरिएको थियो।

**<u>समितिको अन्तर्क्रियात्मक छलफल कार्यक्रमसम्बन्धी विवरण</u>**

- २०८१ कार्तिक ७ गते जनकपुर, मधेश प्रदेशमा दलित समुदायका सवालमा राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्ताव कार्यान्वयनका सम्बन्धमा अन्तर्क्रियात्मक छलफल कार्यक्रम भएको थियो। समिति अन्तर्गत गठित संकल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमितिका संयोजक माननीय भुवन बहादुर सुनारको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा समितिका माननीय सदस्यहरु, मधेश प्रदेश सभाको महिला बालबालिका तथा सामाजिक न्याय समितिका माननीय सभापति रुपा कुमारी यादव एवं प्रदेश सभाका सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय मधेश प्रदेश, दलित क्षेत्रमा क्रियाशील राजनैतिक संगठनका प्रतिनिधिहरु सामाजिक संघसंस्थाका प्रतिनिधि, मिडियाकर्मी लगायतको सहभागिता रहेको थियो। दलित समुदायका सवाल र अधिकारका बारेमा संघीय संसदको राष्ट्रिय सभामा भए गरेका कामकारबाही, दलित समुदायका सवालमा राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्तावको महत्व र उल्लेखित कार्ययोजना, दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तावित विधेयकको आवश्यकता र औचित्य र स्थानीय तहमा दलित अधिकार प्रवर्द्धनलगायतका विषयहरुमा प्रस्तुतीकरण भई छलफल गरिएको थियो।
- २०८१ कार्तिक २८ गते **"दिगो विकास लक्ष्य, राष्ट्रिय सदाचार नीति र संकल्प प्रस्ताव सम्बन्धमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम"** सुदूरपश्चिम प्रदेशको धनगढीमा भएको थियो। कार्यक्रममा दिगो विकास लक्ष्य अनुरुप सवै तहहरुमा योजना एवं बजेट निर्माण गर्ने र दिगो विकास लक्ष्यको सूचकहरुको अद्यावधिक वारेमा, सुदूरपश्चिम प्रदेशमा दिगो विकास लक्ष्यको कार्यान्वयनको अवस्था र कार्ययोजना

वारेमा, राष्ट्रिय सदाचार नीतिको मस्यौदाको वारेमा, सदाचार प्रवर्द्धन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट भएका कामकारवाहीको वारेमा र  राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्तावहरुको वारेमा प्रस्तुतीकरण भई अन्तर्क्रियात्मक छलफल भएको थियो।कार्यक्रममा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री, समितिका सभापति एवं सदस्यहरु, सुदूरपश्चिम प्रदेश सभा अन्तर्गतका समितिका सभापति एवं सदस्यहरु, सुदूरपश्चिम प्रदेशको प्रदेश नीति तथा योजना आयोग, धनगढी उपमहानगरपालिका, सुदूरपश्चिम प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरु, सुदूरपश्चिम प्रदेश सभाको सचिवालय, जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर, राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय धनगढी, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ, गाउँपालिका महासंघ, गैर सरकारी महासंघ, जिल्ला पत्रकार महासंघ एवं सरोकारवालाहरुको सहभागिता रहेको थियो।

- २०८१ कार्तिक  ३० गते **"दिगो विकास लक्ष्य, राष्ट्रिय सदाचार नीति र संकल्प प्रस्ताव सम्बन्धमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम"** कर्णाली प्रदेशको सुर्खेतमा भएको थियो। कार्यक्रममा  दिगो विकास लक्ष्य अनुरुप सवै तहहरुमा योजना एवं  बजेट निर्माण गर्ने र दिगो विकास लक्ष्यको सूचकहरुको अद्यावधिक वारेमा, कर्णाली प्रदेशमा दिगो विकास लक्ष्यको कार्यान्वयनको अवस्था र कार्ययोजना वारेमा, राष्ट्रिय सदाचार नीतिको मस्यौदाको वारेमा, सदाचार प्रवर्द्धन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट भएका कामकारवाहीको वारेमा र  राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्तावहरुको वारेमा प्रस्तुतीकरण भई अन्तर्क्रियात्मक छलफल भएको थियो।कार्यक्रममा समितिका सभापति एवं सदस्यहरु, कर्णाली प्रदेश सभा अन्तर्गतका समितिका माननीय सभापति एवं माननीय सदस्यहरु, कर्णाली प्रदेशको योजना आयोग, कर्णाली प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरु, कर्णाली प्रदेश सभाको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत, राष्ट्रिय मानव अधिकार

आयोगको कार्यालय सुर्खेत, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ, गाउँपालिका महासंघ, गैर सरकारी महासंघ, जिल्ला पत्रकार महासंघ एवं सरोकारवालाहरुको सहभागिता रहेको थियो।

- २०८१ साल पुस ३ गते अल्फा हाउस, नयाँ बानेश्वरमा गैर सरकारी विधेयक तर्जुमा प्रकृया सम्बन्धमा" प्रस्तुतीकरण भई अन्तर्क्रियात्मक छलफल भएको थियो। कार्यक्रममा समितिका माननीय सभापति, विधायन व्यवस्थापन समितिका माननीय सभापति, राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय सदस्यहरु, समितिका माननीय सदस्यहरु, विधायन व्यवस्थापन समितिका माननीय सदस्यहरु, सचिवालय सचिव, विधायन व्यवस्थापन समितिका सचिव, नेपाल कानून आयोग संघीय संसद सचिवालयका कानूनी परामर्श महाशाखा र विधि व्यवस्थापन महाशाखा, कानूनविद, विषयविज्ञ, सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।
- २०८१ साल पुस १४ र १५ गते धुलिखेलमा सोह्रौं योजना एवं दिगो विकास लक्ष्यहरुको कार्यान्वयन र यौन तथा प्रजनन स्वास्थ्य अधिकारको वारेमा प्रस्तुतीकरण भई छलफल भएको थियो। कार्यक्रममा समितिका माननीय सभापति, माननीय सदस्यहरु, राष्ट्रिय योजना आयोग, जनसंख्या तथा विकासका लागि सांसदको राष्ट्रिय मञ्च एवं विषय विज्ञको सहभागिता रहेको थियो।

### १.२.३.२ विधायन व्यवस्थापन समिति

**विधेयकउपर छलफल तथा विधेयक व्यवस्थापन**

समितिको पन्ध्रवटा बैठक विधायन व्यवस्थापनसम्बन्धी कार्यसूचीमा आधारित भएर बसेको थियो। यस अवधिमा समितिले राष्ट्रिय सभामा उत्पत्ति भएको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ उपर दुईवटा बैठकमा छलफल गरी प्रतिवेदन पारित गरेको छ।

यसै अवधिमा राष्ट्रिय सभामा उत्पत्ति भएका तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ मा नौवटा र नेपाल कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ मा चारवटा बैठकमा छलफल भई दफावार छलफलका क्रममा रहेका छन्।

**प्रतिवेदन पेस**

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (५)बमोजिम दफावार छलफलका लागि समितिमा प्राप्त विधेयकउपर समितिले छलफल समाप्त गरी सोको प्रतिवेदन बढीमा छ महिनाभित्र सभामा पेस गर्नुपर्ने प्रबन्ध रहेकोमा हाल सोह्रौं अधिवेशन अन्त्य भई अर्को अधिवेशन आह्वान नभएको कारण समितिको प्रतिवेदन सभामा पेस हुन सम्भव नभएको हुँदा नियमावलीको सोही नियमको प्रयोजनार्थ समितिबाट पारित मिडिया काउन्सिल विधेयक, २०८० र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१सम्बन्धी प्रतिवेदन सम्माननीय अध्यक्षसमक्ष पेस गरिएको थियो।

संविधानअनुसार बन्न बाँकी कानूनहरूको अध्ययन प्रतिवेदन, २०८० को कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन, २०८१ समितिले सभामा पेस गरेको संविधान अनुसार बन्न बाँकी कानूनहरूको अध्ययन प्रतिवेदन, २०८० लाई आधार बनाइ उक्त प्रतिवेदनमा उल्लिखित संविधान कार्यान्वयनका लागि अत्यावश्यक र अनिवार्य कानूनहरूमध्ये बन्न बाँकी कानूनहरू र त्यससँग सम्बन्धित जिम्मेवार मन्त्रालय समेतको निकायगत विवरण तयार गर्ने र संविधान कार्यान्वयनका लागि अत्यावश्यक कानूनहरू निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउन समितिबाट अवलम्बन गर्नुपर्ने प्रक्रिया सम्बन्धमा सुझाव सिफारिस गर्ने उद्धेश्यसहित उपसमिति गठन गरी अध्ययन गरेको थियो।

उपसमितिको प्रतिवेदनलाई समितिले यथारूपमा पारित गरी प्रतिवेदनको सिफारिसबमोजिम सम्बन्धित सरकारका प्रतिनिधिलाई प्राथमिकताक्रम निर्धारण गरी आगामी दिनमा छलफल गर्ने निर्णय गरेको छ।

**समितिको आन्तरिक कार्यविधि निर्माण**

- समितिले २०७५ सालमा निर्माण गरेको आन्तरिक कार्यविधिलाई परिमार्जन गरी **विधायन व्यवस्थापन समितिको कार्यविधि, २०८१** पारित गरी कार्यान्वयनमा छ।

**समितिको वार्षिक कार्ययोजना**

समितिले आर्थिक वर्ष २०८१/८२ का लागि वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयनको चरणमा छ।

### १.२.३.३ सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति

**२०८१ कात्तिक २**

- नेपाल सरकारको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य मार्फत नेपाल सरकारले प्रतिवद्धता गरेका विपद् व्यवस्थापनसँग सम्वन्धित कार्यक्रमहरुको कार्यान्वयनको प्रगति अवस्था र असोज ११ र १२ गतेको बाढीबाट प्रभावित नागरिकहरुको उद्दार, राहत वितरण तथा पुननिर्माण र पुनस्थापना सम्वन्धमा सरकारले गरेका कामकारबाही र योजनाका सम्बन्धमा छलफल भयो र कार्तिक ५ गते बस्ने बैठकमा सूचना आयोगका पदाधिकारीहरुसँग सूचनाको हक कार्यान्वयनका सन्दर्भमा छलफल गर्ने निर्णय भएको थियो।

**२०८१ कात्तिक ५**

- सूचनाको हक कार्यान्वयनको सम्बन्धमा राष्ट्रिय सूचना आयोगले सञ्चालन गरिरहेका कार्यक्रमहरु एवं आयोगका भावी कार्ययोजनाका सम्बन्धमा राष्ट्रिय सूचना आयोगका अध्यक्ष महेन्द्रमान गुरुङलगायत आयोगका पदाधिकारीहरुसँग छलफल भयो र समितिका सभापतिले मौलिक हकका रुपमा रहेको सूचनाको हकलाई थप प्रभावकारी वनाउन आयोगलाई सुझाव दिनुभएको थियो ।

### २०८१ कात्तिक ६

- राष्ट्रिय निकुञ्जहरुको स्थलगत अवलोकन गर्ने क्रममा दोस्रो चरणमा असोज १३-१५ गते शुक्लाफाँटा, बर्दिया र बाँके राष्ट्रिय निकुञ्जको अवलोकनका क्रममा भएका कमिकमजोरी र उपलव्धिहरुका बारेमा समीक्षा भयो र आगामी अवलोकनका क्रममा उक्त कमिकमजोरीलाई सुधार गर्ने र पर्सा, चितवन र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज स्थलगत अवलोकन गरेर मात्र अध्ययन प्रतिवेदनको लेखन गर्ने निर्णय भएको थियो ।

### २०८१ कात्तिक ८

- बर्ष २०८०/८१ र चालु आर्थिक बर्ष २०८१/८२ को भौतिक योजना तथा यातायात मन्त्रालको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको अवस्था, हुम्ला, डोल्पा लगायतका दुर्गम जिल्लाका पहुँच मार्ग निर्माण र योजना तथा २०८१ असोज ११ र १२ गतेको बाढी पहिरोबाट मुलुकभरका सडकहरुमा पुगेको क्षति विवरण र पुनर्निर्माण सम्वन्धमा भौतिक पूर्वाधार मन्त्री र मन्त्रालयका पदाधिकारीहरुसँग छलफल भएको थियो। साथै, राष्ट्रिय निकुञ्जहरुको स्थलगत अध्ययन गर्ने क्रममा २०८१ कार्तिक ११ गतेदेखि १३ गतेसम्म चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जको अध्ययन गर्ने टोलीमा रहने समितिका सदस्यहरु र समिति सचिवालयका कर्मचारीहरुको विषयमा निर्णय भएको थियो ।

### २०८१ कात्तिक ३०

- कार्तिक महिनाको ११, १२ र १३ गते गरेको पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको भ्रमणका सम्बन्धमा भएका कमिकमजोरी र उपलब्धिहरुका सम्बन्धमा समीक्षा भयो र आगामी अवलोकनका क्रममा कमिकमजोरीलाई सुधार गर्ने र मङ्सिर ५ गते शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको स्थलगत अवलोकन गर्ने निर्णय भएको थियो।

**२०८१ मङ्सिर ५**

- शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको अवलोकनको क्रममा सम्वन्धित सरोकारवाला समूहहरुसँग छलफल भएको थियो ।

**२०८१ मङ्सिर ७**

- समितिले मङ्सिर ०५ गते गरेको शिवपुरी- नागार्जुन राष्ट्रिय निकुञ्जको भ्रमणका सम्वन्धमा समीक्षा छलफल भयो र समितिअन्तर्गत गठित उपसमितिहरुमा हेरफेर तथा पुनर्गठन भएको थियो ।

**२०८१ मङ्सिर १३**

- आ.व. २०८०/८१ र चालु आ.व. २०८१/८२ को कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको अवस्था र मन्त्रालयले गरिरहेका कामकारबाहीका बारेमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारी र मन्त्रालयका सचिव लगायतको टिमसँग छलफल भयो र समितिका माननीय सभापतिले किसानलाई मल, विउ र सिंचाई समयमा पुग्नेगरी कार्य गर्न र कृषि उपजको बजारीकरणका लागि बिशेष योजना बनाइ काम गर्न माननीय मन्त्रीलाई सुझाव दिनुभएको थियो ।

**२०८१ मङ्सिर १६**

- युवा तथा खेलकूद मन्त्रालयसँग सम्बन्धित सरकारी आश्वासन अन्तर्गत चालु आ.व. २०८१/८२ र गत आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट बक्तब्यमार्फत व्यक्त प्रतिबद्धताहरुको सम्बन्धमा माननीय युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव र खेलकूद परिषद्का सदस्य सचिवसँग छलफल भयो एवं माननीय मन्त्रीले बाह्रौं राष्ट्रिय खेलकूद यसै बर्ष फाल्गुन महिनामा कर्णाली प्रदेशमानै सम्पन्न गर्ने प्रतिबद्धता समितिसमक्ष गर्नु भयो र बाह्र राष्ट्रिय खेलकूदको मितिसमेत चाँडै घोषणा गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

**२०८१ मङ्सिर १९**

- राष्ट्रिय निकुञ्जहरुको स्थलगत अवलोकनबाट संकलित विवरणहरु समेटेर सचिवालयले तयार गरेको टिपोटका सम्बन्धमा छलफल भएको थियो । सचिवालयले तयार गरेको टिपोटमा माननीय सदस्यहरुले राखेका सुझावहरु समेटेर परिमार्जन गर्न सचिवालयलाई निर्देशन दिने निर्णय भएको थियो ।

**२०८१ मङ्सिर २१**

- राष्ट्रिय निकुञ्जहरुको स्थलगत अवलोकनबाट संकलित विवरणहरु समेटेर सचिवालयले माननीय सदस्यहरुले राखेका सुझावहरुसमेत समेटेर परिमार्जन गरी तयार गरेको टिपोटका सम्बन्धमा छलफल भयो र टिपोटबाट निकुञ्जसँग सम्वन्धित नीतिगत र व्यवहारिक समस्याहरु अलग गर्ने निर्णय भएको थियो ।

**२०८१ मङ्सिर २३**

- समितिको यस बैठकमा  राष्ट्रिय निकुञ्जहरुको स्थलगत अवलोकनबाट संकलित विबरणहरु तथा माननीय सदस्यहरुले राखेका सुझावहरु समेत समेटेर परिमार्जन गरी सचिवालयले तयार गरेको टिपोटका सम्बन्धमा छलफल भयो र समितिको अर्को बैठकमा विकास र संरक्षणसँग सम्बन्धित भएर काम गर्ने नेपाल सरकारका विभिन्न विभागका महानिर्देशकहरुसँग विकास र संरक्षणका क्षेत्रमा देखिएका समस्याहरु, समाधानका उपायहरु र सुझावहरुमा केन्द्रित भई छलफल गर्ने निर्णय भएको थियो ।

**२०८१ मङ्सिर २७**

- नेपाल सरकारका विभिन्न बाह्र वटा विभागका महानिर्देशक वा प्रतिनिधिहरुले विकास र संरक्षणका क्षेत्रमा काम गर्दा भोगेका समस्याहरु र सुझावहरुको सम्बन्धमा समितिलाई जानकारी गराउनु भएको थियो।

## २०८१ पुस १

- राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. शिवराज अधिकारीसँग राष्ट्रिय निकुञ्जहरुसँग सम्बन्धित नीतिगत समस्या तथा समाधानका उपायहरुको सम्बन्धमा छलफल भयो र माननीय उपाध्यक्षले विकासका समस्याहरुको बारेमा समितिलाई जानकारी गराउनुका साथै समाधानका लागि सुझावहरु समेत दिनु भयो र आयोग हाल गरिरहेको काम कारबाही र भावी योजनाको बारेमा समितिलाई जानकारी गराउनु भएको थियो ।

## २०८१ पुस २

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष बालानन्द पौडेल र अन्य सदस्यहरुसँग राष्ट्रिय निकुञ्जहरुसँग सम्बन्धित नीतिगत समस्या तथा समाधानका उपायहरुको सम्बन्धमा छलफल भएको थियो ।

## २०८१ पुस ३

- नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा. डा. लेखनाथ शर्मा र अन्य सदस्यहरुसँग राष्ट्रिय निकुञ्जहरुसँग सम्बन्धित नीतिगत समस्या तथा समाधानका उपायहरुको सम्बन्धमा छलफल भएको थियो ।

## २०८१ पुस १४

- समितिबाट भएका निर्णय तथा निर्देशनहरुको कार्यन्वयनको अवस्थाका सम्बन्धमा छलफल भयो र आगामी दिनमा समितिका निर्णय तथा निर्देशनहरुको कार्यान्वयका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुसँग आवश्यकता अनुसार थप छलफल गरी निर्णयहरुको कार्यान्वयमा थप पहल गर्ने निर्णय भयो र छलफलको क्रममा माननीय सभापतिले राष्ट्रिय सभाको अधिवेशन स्थगित भएदेखि हालसम्म समिति बैठक १८ वटा र उपसमिति बैठक १० बसेको जानकारी गराउनु भएको थियो ।

**२०८१ पुस १७**

- माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईसँग नेपाल सरकारको आ.व. २०८०/८१ र चालु आ.व. २०८१/८२को उक्त मन्त्रालयसँग सम्बन्धित सरकारी आश्वासनका विषयमा र हाल संसदीय समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयकका प्रत्यायोजित विधायनको व्यवस्थाका विषयमा छलफल भएको थियो ।

**२०८१ पुस १८**

- माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीसँग नेपाल सरकारको आ.व. २०८०/८१ र चालु आ.व. २०८१/८२को उक्त मन्त्रालयसँग सम्बन्धित सरकारी आश्वासनका विषयमा छलफल भएको थियो ।

**२०८१ पुस २६**

- यस समितिमा प्राप्त त्रि.वि. ऐन, २०४९ को प्रत्यायोजित विधायनसम्बन्धी प्रतिवेदनउपरछलफल भयो र यस समितिको आगामी वैठकमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई आमन्त्रण गर्ने निर्णय भएको थियो ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलसँग नेपाल सरकारको आ.व. २०८०/८१ र चालु आ.व. २०८१/८२को उक्त मन्त्रालयसँग सम्बन्धित सरकारी आश्वासनका विषयमा छलफल भएको थियो ।

### १.२.३.४ सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

**छलफल मात्र भएका समितिका बैठकहरुः**

**२०८१ मङ्सिर ४**

- समितिको आ.व. २०८१/०८२ सम्मको वार्षिक कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा छलफल भएको थियो। साथै, समितिले २०८१ कार्तिक २५ गतेदेखि ३० गतेसम्म राज्यको तहगत संरचनामा समन्वय र सबलीकरण, राजनीतिक

वित्तीय तथा प्रशासनिक संघीयताका सम्बन्धमा र सगरमाथा क्षेत्रमा फोहोर व्यवस्थापन सम्बन्धमा खुम्बु पासाङ्गल्हामु गाउँपालिकामा सम्पन्न भएको स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रमका सम्बन्धमा समीक्षात्मक छलफल सम्पन्न भएको थियो।

**२०८१ मङ्सिर ५**

- समितिले २०८१ असोज ७ गतेदेखि ९ गतेसम्म विद्युत प्रसारण आयोजना, उत्तर-दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग पाल्पा खण्डको वित्तीय र भौतिक प्रगतिको अवस्था, संघीयता कार्यान्वयन र सबलीकरणमा तीन तहका सरकारहरु बीचको अन्तरतह समन्वय र सहकार्यको अवस्था, त्यस क्षेत्रमा रहेका सम्पदाहरुको संरक्षण र संवर्धनको अवस्था, लुम्बिनी विकास कोषको गुरुयोजनाबमोजिमको प्रगति अवस्था र भैरहवास्थित गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलमा भएको स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रमको समीक्षात्मक छलफल एवं प्रतिवेदन पेश भई सो प्रतिवेदन उपर छलफल भएको थियो।

**२०८१ पुस ३**

- समितिले २०८१ कार्तिक २५ गतेदेखि ३० गतेसम्म भएको राज्यको तहगत संरचनामा समन्वय र सबलीकरण, राजनीतिक वित्तीय तथा प्रशासनिक संघीयताका सम्बन्धमा र सगरमाथा क्षेत्रमा फोहोर व्यवस्थापन सम्बन्धमा खुम्बु पासाङ्गल्हामु गाउँपालिकामा सम्पन्न भएको स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रमका सम्बन्धमा प्रतिवेदन पेश भएको र सो स्थलगत अनुगमन कार्यक्रमको समीक्षात्मक छलफल भएको थियो।

**२०८१ पुस ४**

- समितिले २०८१ असोज १४ गतेदेखि १६ गतेसम्म बबई सिँचाई आयोजना, भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना र महाकाली सिँचाई आयोजनामा गरेको

अनुगमन तथा अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन पेश भएको र सो स्थलगत अनुगमन कार्यक्रमको समीक्षात्मक छलफल भएको थियो।

**२०८१ पुस ५**

- समितिले २०८१ असोज ०७ गतेदेखि ९ गतेसम्म विद्युत प्रसारण आयोजना, उत्तर- दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग पाल्पा खण्डको वित्तीय र भौतिक प्रगतिको अवस्था, संघीयता कार्यान्वयन र सबलीकरणमा तीन तहका सरकारहरु बीचको अन्तरतह समन्वय र सहकार्यको अवस्था, त्यस क्षेत्रमा रहेका सम्पदाहरुको संरक्षण र संवर्द्धनको अवस्था, लुम्बिनी विकास कोषको गुरुयोजनाबमोजिमको प्रगति अवस्था र भैरहवास्थित गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, त्यसैगरी २०८१ असोज १४ गतेदेखि १६ गतेसम्म बबई सिँचाई आयोजना, भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना र महाकाली सिँचाई आयोजनाको अनुगमन तथा अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन, समितिले २०८१ कार्तिक २५ गतेदेखि ३० गतेसम्म राज्यको तहगत संरचनामा समन्वय र सबलीकरण, राजनीतिक वित्तीय तथा प्रशासनिक संघीयताका सम्बन्धमा र सगरमाथा क्षेत्रमा फोहोर व्यवस्थापन सम्बन्धमा खुम्बु पासाङ्गल्हामु गाउँपालिकामा सम्पन्न भएको स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनउपर छलफल भई सम्बन्धित निकायलाई दिनुपर्ने निर्देशनका सम्बन्धमा छलफल भएको थियो।

सोही बैठकमा देहायको विषयमा समितिका सदस्य, समितिका सचिव र समितिका २ जना कर्मचारी संलग्न रहनेगरी उपयुक्त समयमा स्थलगत अध्ययन, अनुगमन एवं सरोकार पक्ष र निकायसँग अन्तरक्रियाको कार्यक्रम गर्ने र सो कार्यक्रमको आवश्यक व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय भएको थियो।

- संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध र समन्वय, राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतको उपयोग, संरक्षण र सम्वर्द्धनका सन्दर्भमा प्रदेश तहमा स्थलगत अनुगमन एवं अन्तरक्रिया सम्पन्न गर्ने,
- प्रदेश तथा स्थानीय तहको निर्वाचक मण्डलसँग प्रदेश र स्थानीय तहको राष्ट्रिय सभाको निर्वाचक मण्डलसँग उपयुक्त स्थानमा स्थलगत अनुगमन, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयन प्रगति अवस्था, समय मै सहज रुपमा आयोजना सम्पन्न गर्न समस्या समाधानको लागि एवं समितिले यस अघि दिएका सुझाव र निर्देशनहरुको प्रभावकारी कार्यान्वयन र सुधारको अवस्थाको सम्बन्धमा अध्ययन गर्न राष्ट्रिय गौरवका आयोजनाहरुको स्थलगत अनुगमन, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

### २०८१ पुस ८

- राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयनमा वनक्षेत्र र राष्ट्रिय निकुञ्जसँग सम्बन्धित समस्याका सम्बन्धमा वन तथा वातावरण मन्त्रालयका सचिव डा. दिपककुमार खराल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. रामचन्द्र कँडेलसँग छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो।

### २०८१ पुस ११

- लुम्बिनी क्षेत्र विकास कोष, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र सगरमाथा क्षेत्रमा समितिले गरेका स्थलगत अनुगमनका क्रममा देखिएका समस्या र समाधानका उपायहरुका सम्बन्धमा माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेसँग छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो।

## २०८१ पुस २६

- नेपालको संविधानको भाग २७बमोजिम गठित अन्य आयोगहरुका सम्बन्धमा धारा २६५ मा भएको संघीय संसदले यो संविधान प्रारम्भ भएको मितिले दश वर्षपछि पुनरावलोकन गर्नेछ भन्ने व्यवस्थाका सम्बन्धमा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुली, राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष देवराज विश्वकर्मा, राष्ट्रिय समावेशी आयोगका माननीय कार्यबाहक अध्यक्ष विष्णुमाया ओझा, आदिवासी जनजाति आयोगका माननीय अध्यक्ष रामबहादुर थापा मगर, मधेशी आयोगका माननीय अध्यक्ष डा. विजय कुमार दत्त, थारु आयोगका माननीय अध्यक्ष विष्णु प्रसाद चौधरी र मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीसँग आयोगहरुका धारणाका सम्बन्धमा छलफल गरी जानकारी लिइयो।

**समितिको बैठकमा दिइएका निर्देशनहरुः-**

## २०८१ पुस १७ गते

बैठकमा विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ क्षेत्रका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई २०८१/०५/११ मा दिएको निर्देशनको कार्यान्वयन प्रगति अवस्था सम्बन्धमा माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी, सचिव अर्जुन प्रसाद पोखरेल, गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित लगायतसँग छलफल भई देहायबमोजिम निर्णय भएको थियो

- देशभरी रहेका गुठीहरुको समस्यालाई सम्बोधन गर्नेगरी गुठीसम्बन्धी कानूनलाई संशोधन तथा नयाँ विधेयक तर्जुमा गरी संघीय संसदमा पेश गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिने।

## २०८१ पुस २४

बैठकमा युवा तथा खेलकूद मन्त्रालय अन्तरगतका राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयन प्रगति अवस्था, समस्या, चुनौती र भावी कार्ययोजना सम्बन्धमा माननीय युवा

तथा खेलकूद मन्त्री तेजुलाल चौधरी, सचिव सुमनराज अर्याल लगायतसँग छलफल भई देहायबमोजिम निर्णय भएको थियोः-

- युवा तथा खेलकूद मन्त्रालय अन्तर्गत सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरु मूलपानी क्रिकेट रंगशाला र गिरीजाप्रसाद कोइराला क्रिकेट रंगशाला निर्माणको लागि स्रोत सुनिश्चितता गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने र सो आयोजनाहरुको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने कार्य छिटो सम्पन्न गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने,
- राष्ट्रिय गौरवका आयोजनाको लागि जनशक्ति व्यवस्थापन लगायत आवश्यक पूर्व तयारीका कार्यहरु सम्पन्न गरी आयोजनालाई समयमै सम्पन्न गर्नेगरी प्रभावकारी रुपले आयोजना कार्यान्वन गर्न युवा तथा खेलकूद मन्त्रालयलाई निर्देशन दिने।

**स्थलगत अनुगमनः**

समितिले राज्यको तहगत संरचनामा समन्वय र सबलीकरण, राजनीतिक वित्तीय तथा प्रशासनिक संघीयताका सम्बन्धमा र सगरमाथा क्षेत्रमा फोहोर व्यवस्थापन, राष्ट्रिय सम्पदा र प्राकृतिक स्रोतको उपयोग संरक्षण र सम्वर्द्धनका सन्दर्भमा जलवायु परिवर्तनले पारेको प्रभाव एवं हिमताल फुटेर २०८१ साउन ३२ गते थामे खोलामा बाढी पहिरोबाट भएको क्षति समेतका सम्बन्धमा खुम्बु पासाङ्गल्हामु गाउँपालिका क्षेत्रको स्थलगत अनुगमन एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

**अन्तर्क्रिया कार्यक्रम :**

समितिको आयोजनामा २०८१ मङ्सिर २७ र २८ गते  मधेश प्रदेशको राजधानी जनकपुरधाममा जनसंख्या तथा विकासका लागि सांसदहरुको मञ्च (NFPPD) को सहकार्यमा "संघीयता सबलीकरण र विधायिकी अन्तरसम्बन्ध र अन्तरविधायिकी कार्यसम्बन्धी छलफल एवं अनुभव आदान प्रदान विषयक अन्तरक्रिया कार्यक्रम" विषयक २ (दुई) दिने आवासीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो।

## १.३ संघीय संसदका पदाधिकारीका गतिविधि

संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय उपसभामुख र राष्ट्रिय सभाका माननीय उपाध्यक्षबाट २०८१ साल कार्तिक १ गतेदेखि पुस मसान्तसम्ममा सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

### १.३.१ सम्माननीय सभामुख

**२०८१ कार्तिक ६**

- समितिमा विचाराधीन विधेयकमाथिको छलफललाई प्रभावकारी बनाउने विषयमा सिंहदरबारस्थित कार्यकक्षमा दलका प्रमुख सचेतक र समितिका सभापतिहरूसँग छलफल गर्नुभएको ।

**२०८१ कार्तिक ७**

- सिंहदरवारको पुतली बगैंचामा निर्माणाधीन संघीय संसद भवनको आकस्मिक अनुगमन गर्नुभएको ।

**२०८१ कार्तिक ११**

- विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्वको अवसरमा शैक्षिक परामर्श संघ (ECAN) ले काठमाडौंमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको ।

**२०८१ कार्तिक १५**

- नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा  लक्ष्मीपूजाका दिन सिस्नुपानी नेपालले आयोजना गरेको "सिस्नुपानी देउसी २०८१" मा विशिष्ट अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ कार्तिक २५**

- किराँत धर्मावलम्बीका महागुरु फाल्गुनन्दको एक सय चालिसौं जन्मजयन्तीको अवसरमा ललितपुरको महालक्ष्मी नगरपालिका वडा नम्बर ८ स्थित शंखादेवीमा भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको।

**२०८१ कार्तिक २५**

- राष्ट्रिय किशोरी तथा किशोर सञ्जालको राष्ट्रिय भेलाका निचोडसहितको ज्ञापनपत्र संसद भवन नयाँ बानेश्वरमा ग्रहण गर्नुभएको ।

**२०८१ मङ्सिर १**

- माननीय विश्वप्रकाश शर्माको झापा १ सांसद सचिवालयले जावलाखेलमा आयोजना गरेको प्रथम "झापा १ - काठमाडौं कप फुटसल प्रतियोगिता २०८१" मा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको ।

**२०८१ मङ्सिर ३**

- पूर्वसभामुख दमननाथ ढुङ्गानाको अन्त्येष्टी कार्यक्रममा सहभागी हुनभएको ।

**२०८१ मङ्सिर ४**

- इन्द्रचन्द्र क्याम्पसको एघारौं वार्षिक सभामा प्रमुख अतिथिको रुपमा आतिथ्य ग्रहण गर्नुभएको।

**२०८१ मङ्सिर ५**

- झापाको बिर्तामोड क्षेत्रमा हात्ती नियन्त्रणका लागि गरिएको फेन्सिङ तारबारको उपयोगितासम्बन्धी कामको अनुगमन गर्नुभएको,
- अर्जुनधारा नगरपालिकाले आयोजना गरेको अन्तरपालिका फुटबल प्रतियोगिताको समापन कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ मङ्सिर ७**

- कम्बोडिया भ्रमणबारे जानकारी गराउन सम्माननीय राष्ट्रपति र सम्माननीय प्रधानमन्त्रीसँग भेट गर्नुभएको ।
- मङ्सिर ०८ देखि ११ गतेसम्म कम्बोडियाको राजधानी नोम पेन्हमा आयोजना हुने सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद (आईपीटीपी) को एघारौं पूर्ण सत्रमा सहभागी हुन ५ सदस्यीय संसदीय प्रतिनिधिमण्डलसहित कम्बोडिया प्रस्थान गर्नुभएको।

**२०८१ मङ्सिर ९**

- कम्बोडियाको राष्ट्रिय सभाका अध्यक्ष Samdech Maha Rathasapheathika Thipadei Khuon Sudary सँग शिष्टचार भेट गर्नुभएको।

**२०८१ मङ्सिर ११**

- कम्बोडियामा भएको सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद (आईपीटीपी) को ११ औं पूर्ण सत्रमा सहभागी भएर स्वदेश फर्कनुभएको।

**२०८१ मङ्सिर १२**

- पूर्व सभामुख, मानवअधिकारकर्मी एवं लोकतान्त्रिक आन्दोलनका अगुवा दमननाथ ढुंगानाको निधन भएको १३ औं पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति निवासमै पुगी हार्दिक समवेदना प्रकट गर्नुभएको ।

**२०८१ मङ्सिर १८**

- ललितपुरमा कानून निर्माण तथा संसदीय निगरानीमा समितिहरूको प्रभावकारितासम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्नुभएको ।

**२०८१ मङ्सिर १९**

- अपाङ्गता भएका व्यक्तिहरूको ३३ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा नेत्रहीन युवा संघ नेपालले ललितपुरमा आयोजना गरेको अपाङ्गता भएका युवाहरूको राष्ट्रिय सम्मेलनमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको,
- एसियाली विकास बैंक (एडीबी) ले फोटो जर्नलिस्ट क्लब नेपालसँगको सहकार्यमा नेपाल कला परिषद्मा जारी फोटो प्रदर्शनी अवलोकन गर्नुभएको।

**२०८१ मङ्सिर २०**

- ताप्लेजुङको सिनाम बहुमुखी क्याम्पसको १७ औँ वार्षिकोत्सव तथा सिनाम नमूना माध्यमिक विद्यालयको ७५ औँ वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको ।

**२०८१ मङ्सिर २१**

- UNFPA र NFPPD को आयोजनामा काठमाडौंमा भएको लैङ्गिक हिंसा, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसम्बन्धी कानूनी र नीतिगत चुनौतीहरूबारे संसदीय परामर्श कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ मङ्सिर २२**

- ललितपुर स्थित शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं साधारणसभामा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

**२०८१ मङ्सिर २३**

- संघीय संसद सेवा दिवस मूल समारोह समिति, २०८१ द्वारा आयोजित "संसदको प्रभावकारितामा संसद सेवाको भूमिका" विषयको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ मङ्सिर २५**

- १८ औं संघीय संसद सेवा दिवस, २०८१ का अवसरमा आयोजित मैत्रीपूर्ण फुटसल प्रतियोगितामा सहभागी हुनुभएको ।

- अन्तर्राष्ट्रिय मानव अधिकार दिवस, २०८१ को अवसरमा सिंहदरवारमा भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ मङ्सिर २८**

- संघीय संसद सेवा दिवस, २०८१ को अवसरमा संघीय संसद सचिवालय परिसर सिंहदरवारमा भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ मङ्सिर २९**

- नेपाल विद्यालय खेलकूद महासंघको साधारण सभा कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको।

**२०८१ पुस १**

- काठमाडौंमा संसदीय मामिला पत्रकार समाजले प्रकाशन गरेको पुस्तक 'संसदीय पत्रकारिताः अवधारणा र अभ्यास' विमोचन समारोहमा प्रमुख अतिथिको आतिथ्यता ग्रहण गर्नुभएको ।

**२०८१ पुस २**

- पोखरामा संघीय संसद र प्रदेश सभाका पदाधिकारीको सहभागिता रहेको अन्तर व्यवस्थापिका सम्मेलनमा सहभागी हुनुभएको ।

**२०८१ पुस ४**

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र गभर्नेन्स ल्यावले प्रादेशिक एवं स्थानीय शासन सबलीकरण तथा समावेशी आर्थिक विकास (Strengthening Subnational Governance for Inclusive Economics Development ) विषयमा आयोजना गरेको National Governance Symposium-2024 कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

**२०८१ पुस ५**

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्रकाशित स्मारिका (२०८१) विमोचन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

## २०८१ पुस ६

- धुलिखेलमा आयोजित 'प्रतिनिधि सभाको बैठक सञ्चालन र व्यवस्थापनमा सचिवालय, संसदीय पदाधिकारीहरुबीच समीक्षात्मक अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभएको ।

## २०८१ पुस ८

- दैलेखी सेवा समाज काठमाडौंको २९ औं वार्षिकोत्सवको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नुभएको,
- साउदी दुतावासको सहयोगमा मुस्लिम आयोगले आयोजना गरेको दोस्रो कुरान वाचन प्रतियोगिताका विजेताहरुको सम्मान कार्यक्रममा प्रमुख अतिथिको आतिथ्य ग्रहण गर्नुभएको ।

## २०८१ पुस ९

- नेपाल पत्रकार महासंघको पदबहाली कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

## २०८१ पुस १०

- नगरकोटमा भएको संसद-सञ्चारसम्बन्ध विषयक अन्तरसंवाद कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

## २०८१ पुस ११

- संसदीय मैत्री समूहका संयोजकहरुसँगको पहिलो बैठकमा सहभागी हुनुभएको ।

## २०८१ पुस १४

- प्रतिनिधि सभाको कार्यव्यवस्था महाशाखाले सिंहदरवारमा आयोजना गरेको 'कार्यवृत्त प्रकाशन सम्बन्धमा' अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभएको ।

## २०८१ पुस १७

- प्रतिनिधि सभाको सचिवमा नियुक्त हर्कराज राईलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको,
- नेपाल एफ्रो-एसियाली जनएकता संगठनले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

## २०८१ पुस २१

- नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ र करेन्ट मिडिया एन्ड रिसर्च सेन्टरको संयुक्त आयोजनामा काठमाडौंमा भएको दक्षिण एसियाली अन्तर्राष्ट्रिय पुस्तक मेलाको समापन समारोहमा प्रमुख अतिथिको रुपमा आतिथ्य ग्रहण गर्नुभएको ।

## २०८१ पुस २६

- झापाको अर्जुनधारा-३ स्थित जनता माध्यमिक विद्यालयको ६९ औं वार्षिकोत्सवमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

## २०८१ पुस २७

- नेपाल शैक्षिक परामर्श केन्द्र (ECAN) को १९ औं साधारणसभामा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको,
- पृथ्वी जयन्तीको अवसरमा राप्रपा र राप्रपा नेपालले आयोजना गरेको चियापान कार्यक्रममा सहभागी हुनुभएको ।

## २०८१ पुस २८

- "राजनीतिक दलमा सूचनाको हकसम्बन्धी कानूनको अभ्यास" विषयमा राष्ट्रिय सूचना आयोगले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

२०८१ पुस २९

- सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेललाई सिंहदरवारस्थित पुतली बगैंचामा निर्माणाधीन संसद भवन अवलोकन गराउनुभएको ।

## १.३.२ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष

**२०८१ कार्तिक ६**

स्वीट्जरल्याण्डको जेनेभामा सम्पन्न अन्तर-व्यवस्थापिका संघको १४९ औं सभामा सहभागी भई फर्किएपछि पत्रकार सम्मेलन गर्नुभई सम्बोधन गर्नु भएको थियो।

उक्त सम्बोधनको प्रेस नोट यसप्रकार छ

*पत्रकार साथीहरु,*

अन्तर-व्यवस्थापिका संघ (Inter- Parliamentary Union) को १४९औं महासभामा सहभागी भई मेरो नेतृत्वको ९ सदस्यीय नेपाली टोली स्वदेश फर्किएको छ। स्वीट्जरल्याण्डको जेनेभामा अक्टोवर १३-१७, २०२४ (२०८१ असोज २७-कार्तिक १) सम्म सम्पन्न उक्त महासभामा नेपालको सहभागिता उपलब्धिमूलक रह्यो।

त्यस क्रममा तपाईं पत्रकार साथीहरू मार्फत् विभिन्न सञ्चार माध्याम हरूले हामी जेनेभामा रहँदा त्यहाँ भएका सबै गतिविधिहरूलाई प्राथमिकताका साथ स्थान दिएर समाचार सम्प्रेषण गर्नुभएकोमा हाम्रो संसदीय प्रतिनिधिमण्डलको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

विशेष गरी सम्मेलनको उच्चस्तरीय सत्रमा नेपालको संघीय संसदको नेतृत्व गर्दै मैले शान्तिपूर्ण र दिगो भविष्यको लागि विज्ञान, प्रविधि र नवप्रवर्तनको सदुपयोग विषयमा केन्द्रित रहेर सम्बोधन गरें। सम्बोधनको क्रममा निम्न विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको थियो।

पहिलो, महासभाको विषयवस्तु- विज्ञान, प्रविधि र नवप्रवर्तनका उपलव्धिहरूमा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न यस क्षेत्रलाई संकुचित राष्ट्रिय स्वार्थ प्रेरित नभई साझा हितको विषयका रुपमा हेरिनुपर्ने बारेमा जोड दिइयो।

दोस्रो, सूचना प्रविधिको क्षमता, विकास र पहुँचमा देशभित्र र देशहरुबीच ठूलो अन्तर छ। अझै पनि साढे दुई अरब भन्दा बढी मानिसहरूको सूचना प्रविधिमा पहुँच छैन। विज्ञान,

प्रविधि र नवप्रवर्तनका उपलब्धिहरूमा सबैको समान पहुँच सुनिश्चित गर्न तथा अनुसन्धान, विकास, स्रोत परिचालन र युवाहरूको सहभागिता बढाउनका लागि प्रविधिमा समान पहुँचको सुनिश्चितता गर्न आवश्यक रहेको विषयलाई जोडदार रुपमा उठाइयो।

तेस्रो, प्रविधिको तीव्र विकासले ल्याउने साइबर असुरक्षा, गोपनीयता भङ्ग, नकारात्मक सामग्रीको प्रसार, आर्टिफिसियल इन्टेलिजेन्स (AI) को दुरुपयोगजस्ता जोखिम न्यूनीकरण गर्न आवश्यक नीति नियम निर्माणमा विश्वका व्यवस्थापिकाहरूबीच सहकार्यको आवश्यकता रहेको तर्फ जोड दिइयो।

चौथो, जलवायु परिवर्तनले हामीलाई पारेको प्रभाव र त्यसले पुऱ्याउने क्षति र जोखिम न्यूनीकरणका लागि स्थापित कोषहरूबाट सहायता उपलव्ध गराउन र सहज रूपमा जलवायु परिवर्तनको असर न्यून गर्ने प्रविधि उपलव्ध गराउन विश्व समुदायलाई आव्हान गरिएको थियो।

पाँचौं, सन् २०२६ मा अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने दिशामा अघि बढिरहेको नेपालका लागि अन्तर्राष्ट्रिय स्तरबाट थप प्राविधिक र योजनागत सहायताको लागि आव्हान गरिएको थियो।

छैटौं, नेपालको परराष्ट्र नीति, संवैधानिक व्यवस्था तथा नेपालको शान्ति प्रक्रियाको बारेमा विश्व समुदायलाई जानकारी दिनुका साथै लोकतन्त्रको सुदृढीकरण र अन्तर्राष्ट्रिय मुद्दाको समाधान खोज्नका लागि सहकार्य र साझेदारी गर्न IPU को महत्वपूर्ण भूमिका रहने कुरा राखियो।

औपचारिक सम्बोधनका साथै साइडलाइन बैठकमा आइपीयूका अध्यक्ष र महासचिव, स्वीट्जरल्याण्डको संघीय सभा नेसनल काउन्सिलका अध्यक्ष तथा अन्य राष्ट्रका समकक्षीहरूसँगका भेटघाटहरू विश्व समुदायमा नेपालको सम्बन्ध विस्तार र उपस्थितिका लागि महत्त्वपूर्ण रहेका छन्।

साइडलाइन बैठकमा आइपीयूका अध्यक्ष महामहिम डा. तुलिया अक्सन (Tulia Ackson) र महासचिव मार्टिन चुङगाङ (Martin Chungong) सँग भएको छलफलमा आइपीयूका समिति

तथा सचिवालयमा नेपालको प्रतिनिधित्व कसरी हुन सक्छ भन्ने बारेमा छलफल भएको थियो।

स्वीट्जरल्याण्डको संघीय सभा नेसनल काउन्सिलका अध्यक्ष महामहिम एरिक नुसबाउमर (Eric Nussbaumer) सँगको भेटमा नेपालको संघीयता कार्यान्वयन, संसदीय सम्बन्ध बिस्तार र नेपालको शान्ति प्रक्रियालाई पूर्णता दिने विषयमा छलफल भएको थियो।

छिमेकी राष्ट्र भारतका लोकसभा अध्यक्ष महामहिम ओम विरला (Om Birla) सँगको द्विपक्षीय भेटमा दुई देशबीच संसदीय सहकार्य गर्दै थप मजवुत बनाउने दिशामा संसदीय भ्रमण र अनुभव आदान प्रदान गर्ने विषयमा कुराकानी भएको थियो।

छिमेकी राष्ट्र चीनको प्रतिनिधिमण्डलका नेता चिनियाँ जनकङ्ग्रेसका शिक्षा, विज्ञान, सँस्कृति एवं स्वास्थ्य समिति उपाध्यक्ष महामहिम थ्यान सुइजन (Tian Xuejun) सँग भेटघाट भएको थियो। भेटमा विगतका अनुभव र भविष्यमा गरिने थप कार्यक्रमबारे छलफल भएको थियो।

थाइल्याण्डको सिनेटका अध्यक्ष महामहिम मोङकोल सुरसज्जा (Mongkol Surasajja) सहितको टोलीसँग द्विपक्षीय भेटघाट भएको थियो। यसप्रकारको भेट पहिलो भएकाले आउने दिनमा आपसी भेटघाटलाई निरन्तरता दिने कुरा भएको थियो।

त्यसैगरी, फिलिपिन्सको प्रतिनिधि सभाका सभामुख, भुटानको राष्ट्रिय सभाका सभामुख, जोर्डन र कम्बोडियाका संसदीय प्रतिनिधिमण्डलका प्रमुखहरूसँगको भेट पनि उपलब्धिमूलक रहेका छन्।|

१८१ राष्ट्रहरू सदस्य रहेको आइपीयूको १४९ औं महासभामा १३० भन्दा बढी राष्ट्रका करिब १५ सय प्रतिनिधि र कतिपय देशका पर्यवेक्षकहरुको सहभागिता रहेको थियो।

महासभाका विभिन्न बैठकहरूमा नेपालको तर्फबाट सक्रिय सहभागिता जनाइएको थियो। त्यसमध्ये एसिया-प्यासिफिक समूहको बैठक र दिगो विकाससम्बन्धी छलफलमा माननीय कृष्ण प्रसाद पौडेल र माननीय तारामान स्वार सहभागी भई आफ्ना विषय राखुभयो भने महिला तथा युवा सांसदहरूको फोरममा माननीय सुनिता बराल र माननीय निशा डाँगी सहभागी भई आफ्ना विषयवस्तु राखुभएको थियो।

त्यस्तै, महासचिवहरूको फोरममा महासचिव पद्मप्रसाद पाण्डेले संसद र नागरिकको सहभागिता, संसदमा समाचार र नवप्रवर्तन, संसदीय समितिहरुबीच प्रतिस्पर्धात्मक व्यवस्थापन लगायतका छलफलमा सहभागिता जनाउनु भएको थियो।

त्यसैगरी महासभामा विभिन्न अति जरुरी प्रस्तावमा भोटिङ भएको थियो। त्यसमा नेपालले नजिकबाट बुझ्ने र आफ्नो देशको नीति अनुसार नै गरिएको थियो।

यसै क्रममा जेनेभास्थित नेपाली स्थायी नियोग/नेपाली राजदुतावासका महामहिम राजदूत तथा कर्मचारीहरूसँग अन्तर्क्रिया गरी त्यहाँबाट हुने गरेका काम कारबाही, समस्या, अप्ठ्यारा र सम्भावनाहरूका बारेमा छलफल भएको थियो।

अन्तर-व्यवस्थापिका संघको महासभामा सहभागी भइसकेपछि हामीले केही अवसरहरु पनि देखेका छौः-

IPU को शान्ति र सुरक्षा, दिगो विकास, लोकतन्त्र र मानवअधिकार, विज्ञान प्रविधि, युवा संसद तथा महिला सांसदका विषयगत समितिहरुमा नेपालले उम्मेदवारी दिने र अन्तर्राष्ट्रिय संसदीय सहकार्यमा योगदान गर्ने,

नेपालको संविधान, निर्वाचन प्रणाली, संसदमा प्रतिनिधित्व, संसदीय समितिहरु तथा अन्य विषयमा प्रतिनिधिमण्डलको प्रमुख बाहेक प्रतिनिधिमण्डलका सदस्य माननीय सांसदहरुले पनि महिला, युवा वा विषयगत अन्य समितिहरुमा सम्बोधन गर्ने,

IPU को सचिवालयमा कर्मचारीको रुपमा नेपाली नागरिकको प्रतिनिधित्व तथा विषयगत समितिमा माननीय सांसदहरुको प्रतिनिधित्वका लागि अग्रसरता लिनुपर्ने,

हाम्रो संसद सचिवालयको क्षमता अभिवृद्धि गर्दै IPU तथा अन्य अन्तर्राष्ट्रिय सम्मेलनमा हाम्रो सहभागितालाई थप प्रभावकारी बनाउनु पर्ने,

परराष्ट्र मन्त्रालय, सम्बन्धित संसदीय समिति तथा समग्र संघीय संसदको सहकार्यबाट माननीय सदस्यहरुलाई नेपालको परराष्ट्र नीतिको अन्तरवस्तु, प्राथमिकता, राष्ट्रिय हितका विषयहरुका बारेमा भ्रमण अगावै गहन गृहकार्य गराउनु पर्ने,

संसदीय कूटनीतिको अभिन्न अङ्ग रहेको अन्तर-व्यवस्थापिका संघको बैठकहरुमा सहभागी हुँदा जेनेभास्थित नेपाली स्थायी नियोग/राजदूतावास तथा अन्य सम्वन्धित विदेशस्थित

नेपाली नियोग पनि सारभूत तथा व्यवस्थापकीय कार्यमा संलग्न हुनुपर्ने हुँदा ती नियोगहरुमा आवश्यक स्रोत साधनको व्यवस्था गरिनु पर्ने।"

नेपाली प्रतिनिधिमण्डलमा प्रतिनिधि सभाका माननीयहरू सुनिता बराल, निशा डाँगी, राष्ट्रिय सभाका माननीयहरू तारामान स्वाँर, कृष्णप्रसाद पौडेल, संघीय संसदका महासचिव पद्मप्रसाद पाण्डेय, संघीय संसद सचिवालयका सहसचिव सीता वाग्ले काफ्ले, सम्माननीय अध्यक्षका प्रमुख स्वकीय सचिव विष्णुप्रसाद सापकोटा र संघीय संसद सचिवालयका उपसचिव नमराज नगरकोटी समावेश हुनुहुन्थ्यो।

**२०८१ कार्तिक ७**

सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसदको भवन स्थलगत अवलोकन गर्नुभएको थियो। उक्त अवलोकन टोलीमा सम्माननीय अध्यक्षका साथमा प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरे, माननीय उपसभामुख इन्दिरा राना, माननीय उपाध्यक्ष विमला घिमिरे, संघीय संसदका महासचिव पद्मप्रसाद पाण्डे, राष्ट्रिय सभा सचिव डा. सुरेन्द्र अर्याल लगायत संघीय संसद सचिवालयका कर्मचारीहरु सहभागी रहनुभएको थियो। सो अवसरमा संसदको पदाधिकारी टोलीले भवन निर्माणको अवस्था र प्रगतिको बारेमा जानकारी लिएको थियो।

सिंहदरबारस्थित राष्ट्रिय सभा अध्यक्षको कार्यकक्षमा राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विकसँगको भेटमा दलित समुदायसँग जोडिएका ऐन कानून निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका बारेमा छलफल गर्नु भएको थियो।

**२०८१ मङ्सिर २३**

- संघीय संसद सेवा दिवसको अवसरमा आयोजित सप्ताहब्यापी कार्यक्रमअन्तर्गत 'संघीय संसदको प्रभावकारितामा संसद सेवाको भूमिक' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो।

**२०८१ मङ्सिर २३**

- अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जाउलाखेल ललितपुरमा आयोजित मानवअधिकार राष्ट्रिय महाभेलाको उद्घाटन समारोह कार्यक्रममा सम्बोधन गर्नुभएको थियो।

### २०८१ मङ्सिर २८

- संघीय संसद सेवा दिवस, २०८१ को अवसरमा सचिवालयले आयोजना गरेको मूल समारोह कार्यक्रममा सहभागी हुनुभई संसद सचिवालयका कर्मचारीहरूलाई शुमकामना व्यक्त गर्नुहुँदै विगतका उपलब्धिमा टेकेर कमी कमजोरीको निर्मम समीक्षा गरी सुधारका लागि नयाँ पहल गर्नुपर्ने, संसदलाई अझ सक्षम, प्रभावकारी र बलियो बनाउनका लागि संसद सेवालाई समयानुकूल परिमार्जन गर्न अब ढिलाइ गर्न नहुने, सचिवालयलाई अध्ययन अनुसन्धानमुखी बनाउन अनुसन्धान प्रतिष्ठान स्थापना गर्नुपर्ने लगायतका भनाइ राखुभएको थियो।

### २०८१ पुस १

- संसदीय मामिला पत्रकार समाजले प्रकाशन गरेको ’संसदीय पत्रकारिताः अवधारणा र अभ्यास÷ पुस्तक लोकार्पण गर्नुका साथै सम्बोधन गर्नुभएको थियो।

### २०८१ पुस २-३

- अन्तर व्यवस्थापिका मञ्चको आयोजना तथा गण्डकी प्रदेश सभा सचिवालयको व्यवस्थापनमा गण्डकी प्रदेशको पोखरामा सुरू भएको अन्तर व्यवस्थापिका सम्मेलन-२०८१ मा सहभागी भई उक्त कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो।

### २०८१ पुस ४

- गण्डकी प्रदेश, कास्की अन्नपूर्ण गाउँपालिकाको जनप्रतिनिधि तथा स्थानीयहरूसँग अन्तरक्रिया गर्नुभएको थियो। गाउँपालिका कार्यालयमा भएको छलफल अन्तर तह समन्वय, स्थानीय तहका समस्या, विकास निर्माण लगायतका विषयमा केन्द्रित भएको थियो।

### २०८१ पुस ९

- Federalism & Localization Centre र राष्ट्रिय सभाको संयुक्त आयोजनमा हिमालय होटेल ललितपुरमा भएको संघीयता, राष्ट्रिय सभा र आगामी कार्यभार विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रूपमा सहभागी हुनुभएको थियो।

### २०८१ पुस ११

- जिल्ला समन्वय समिति चितवनले आयोजना गरेको जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि र जिल्लाका विभिन्न कार्यालय प्रमुखहरुसँगको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो।

### २०८१ पुस २१

- नेपाल पत्रकार महासंघ ललितपुर शाखाका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूको पद हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो।

### २०८१ पुस २२

- राष्ट्रिय सभाका समितिहरुको प्रभावकारिता र आसन्न हिउँदे अधिवेशन लगायतका विषयमा समिति सभापति र सचिवहरुसँग छलफल गर्नु भएको थियो।
- सो अवसरमा सम्माननीय अध्यक्षले समितिको प्रभावकारिता र सफलता समितिको सक्रियता एवं नेतृत्वको पहलकदमी र समन्वयात्मक भूमिकाले निर्धारण गर्ने भन्दै समितिलाई सधैं सक्रिय बनाइराख्न सभापतिहरुलाई आग्रह गर्नुभएको थियो ।

## १.३.३ माननीय उपसभामुख

### २०८१ कार्तिक २

- विश्व समावेशी साहसी संस्थाद्वारा सिन्धुपाल्चोकको रैथाने पोखरी मानेखर्कमा आयोजित पाँचपोखरी महिला हाफ म्याराथन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको।

### २०८१ कार्तिक ११

- गैरआवासीय नेपाली संघद्वारा आयोजित जलवायु परिर्वतनले महिला तथा बालबालिकामा पर्ने असर विषयक कार्यक्रममा सहभागी हुनुभएको ।

**२०८१ कार्तिक १३**

- नेपाल युवा परिषद्द्वारा आयोजित National Forum Peace through Education and Social Internship for Sustainable Impact विषयक कार्यक्रमको समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

**२०८१ कार्तिक २३**

- Prakriti Resources Centre ले आयोजना गरेको जलवायु परिवर्तनको घोषणापत्र हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

**२०८१ मङ्सिर ८**

- Junior Entrepreneurship Circle द्वारा आयोजित Empowering youth and fostering personal growth among young, 2024 को कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

**२०८१ मङ्सिर २१**

- नेपाल मगर महिला संघद्वारा आयोजित बुटवलमा प्रथम मगर साहित्य महोत्सव २०८१ को कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

**२०८१ मङ्सिर २५**

- राष्ट्रिय महिला आयोगद्वारा आयोजित बालबालिका तथा महिलाको उद्धार र न्यायमा पँहुचका लागि खबर गरौं कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको।

**२०८१ पुस १**

- संसदीय मामिला पत्रकार समाजद्वारा आयोजित संसदीय पत्रकारीता अवधारणा र अभ्यास पुस्तक प्रकाशन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको थियो ।

२०८१ पुस १५

- नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित सिसी कला (बोतल) प्रदर्शनीको समुद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

२०८१ पुस १६

- राष्ट्रिय बाल अधिकार परिषद्‌द्वारा आयोजित बालबालिकामा लगानी  सुनिश्चित भविष्यको थालनी कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

२०८१ पुस १९

- Nepal Mountain Academy द्वारा आयोजित माउण्टेन बाइक गाइड तालिमको शुभारम्भ कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

२०८१ पुस २०

- Rajya Media Network Pvt. Ltd द्वारा आयोजित नेपाली साँस्कृतिक क्षेत्रमा योगदान पुऱ्याउने राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तिहरुलाई राष्ट्रिय साँस्कृतिक सम्मान कार्यक्रम समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

२०८१ पुस २७

- विराटनगर जेसिसद्वारा आयोजित ५२ औं पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रम समारोहमा प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको ।

### १.३.४ राष्ट्रिय सभाका माननीय उपाध्यक्ष

२०८१ कार्तिक १४

- सुनवल नगरपालिकाको सहयोगमा बाल नगर सञ्जालले आयोजना गरेको दिपावली तथा छठ पर्वको शुभकामना आदनप्रदान कार्यक्रममा सहभागी हुनुभयो भने नवलपरासी बर्दघाट सुस्तार्पूवमा पर्ने विनयत्रिवेणी गाउँपालिका स्थित प्रसिद्ध त्रिवेणी धाम र सुस्ता जोड्ने झोलुंगे पुलको अवलोकन गर्नुभएको थियो । सो अवसरमा स्थानीयबासी र जनप्रतिनिधिले निर्माणाधीन नारायणगढ बुटवल सडकको काम छिटो सम्पन्न गराउन ध्यानाकर्षण समेत गराएका थिए ।

## २०८१ कार्तिक २७ देखि २०८१ मङ्सिर-६

- चीनको Nanjing, Jiangsu Province मा आयोजना भएको Second Global South Think Tanks Dialogue कार्यक्रममा माननीय उपाध्यक्षको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो। सो अवसरमा उहाँले उक्त कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो। साथै, जनराजनीतिक परामर्शदातृ सम्मेलनका उपाध्यक्ष वार्टरसँग द्विपक्षीय भेटवार्ता भएको र चीनका विभिन्न क्षेत्रको भ्रमण गरी त्यहाँका अन्य सरकारी प्रतिनिधिहरुसँग भेटघाट समेत गर्नु भएको थियो।

## २०८१ मङ्सिर १५-२१

- संघीय संसद सचिवालय र UNDP बीच सन् २०२३ देखि सन् २०२७ सम्मका लागि सम्झौता भई कार्यान्वयनमा रहेको संसद सहयोग परियोजना (Parliamentary Support Project (PSP) अन्तर्गत संघीय संसदका पदाधिकारीहरु र प्रदेश सभाका पदाधिकारीहरुले संसदीय कामकारवाही, संघीय प्रणाली र सोअन्तर्गत संसदीय प्रणालीबारे अध्ययन गर्ने उद्देश्यले Exposure Visit कार्यक्रम सन् २०२४ का लागि Malaysian Parliament को संसद, संसदीय प्रणाली र कामकारवाहीको सम्बन्धमा स्थलगत भ्रमण गर्ने कार्यक्रम निर्धारण गरेकोले माननीय उपाध्यक्षको नेतृत्वमा संघीय संसद तथा सचिवालयबाट ५ जना र प्रदेश सभाबाट ७ जना प्रतिनिधिमण्डलको मनोनयन गरी जम्मा १२ जना सदस्य रहेको संसदीय प्रतिनिधिमण्डल र UNDP नेपाल, PSP कार्यक्रमका प्रतिनिधि १ जना गरी १३ सदस्ययीय प्रतिनिधिमण्डल नोभेम्वर ३० देखि डिसेम्वर ०६, तदनुसार २०८१ मङ्सिर १५ देखि २१ गते सम्म Malaysian Parliament को Exposure Visit मा गएको थियो।
- उक्त Visit का क्रममा संसदीय प्रतिनिधिमण्डलले मलेसियाको संघीय प्रणाली, त्यहाँको संसदीय प्रणाली (तल्लो सभा तथा माथिल्लो सभा), कानून निर्माण प्रक्रिया, बजेट निर्माण प्रणाली लगायतका विविध क्रियाकलापको अध्ययन गर्ने अवसर प्राप्त

गरेको थियो। सो अवसरमा संसदीय प्रतिनिधिमण्डलले त्यहाँका प्रतिनिधिमण्डलसँग भेटघाट गरी संसदीय अनुभव आदान प्रदान गर्ने लगायतका अन्य विविध द्विपक्षीय हितका विषयमा छलफल भएको थियो।

**२०८१ मङ्सिर २५**

- अल्फा हाउस, नयाँ बानेश्वर, काठमाडौंमा ग्रीन फाउण्डेसन नेपालको आयोजनामा भएको लैङ्गिक हिंसा विरुद्धको अभियानमा गीतिनाटक, प्रस्तुतीकरण तथा प्राकृतिक स्रोत महिला अधिकार विषयक अन्तरसम्वाद कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको।

**२०८१ मङ्सिर २९**

- बुद्ध आवाज संचार गृह सभाहल, बाणगंगा-४ गजेहडा, कपिलबस्तुमा कपिलवस्तु संचार सहकारी संस्थाको आयोजनामा भएको संस्थाको पन्ध्रौं वार्षिक साधारण सभाको कार्यक्रममा प्रमुख अथितिको रुपमा सहभागी हुनु भएको।

**२०८१ पुस १ देखि ३**

- गण्डकी प्रदेश सभाको आयोजनामा कास्की पोखरामा आयोजित अन्तर व्यवस्थापिका मञ्चको दशौं सम्मेलनमा सहभागी हुनु भई उक्त सम्मेलनलाई सम्बोधन समेत गर्नु भएको।

**२०८१ पुस ५**

- इन्द्रेणी फुड ल्याण्ड, नयाँ बानेश्वर, काठमाडौंमा JURI-Nepal को आयोजनामा भएको लैङ्गिक हिंसापीडितको न्यायमा पहुँच अभिवृद्धिः नीति, समीक्षा तथा सुझावहरुसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको।

२०८१ पुस ९

- होटल हिमालय, पुल्चोक, ललितपुरमा फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टरको आयोजनमा भएको “संघीयता सबलीकरण” विषयक अन्तरक्रिया कार्यक्रममा विशेष अतिथिको रुपमा सहभागी हुनु भएको।

२०८१ पुस २७

- तीनकुने, काठमाडौंमा मैनादेवी फाउण्डेसनको आयोजनमा भएको ट्रास कलेक्सन रेस, २०२५ प्रतियोगितामा प्रमुख अतिथिको रुपमा सहभागी भई उक्त कार्यक्रमलाई सम्बोधन समेत गर्नु भएको।

# खण्ड-दुई
# संघीय संसद सचिवालय

## २.१ संघीय संसद सचिवालय अन्तर्गतका गतिविधि

संघीय संसद सचिवालयको सङ्गठन संरचना अनुसार सचिवालयमा महाशाखा, समिति सचिवालय, शाखा, निजी सचिवालय, इकाई लगायतका संरचनाहरू रहेका छन्। यी संरचनाहरूले संघीय संसदको कामकारबाहीलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहयोग गर्दछन्। यस खण्डमा सचिवालयका विभिन्न शाखाहरूबाट भएका कामकारबाहीको विवरण प्रस्तुत गरिएको छ।

### २.१.१ कार्यव्यवस्था महाशाखा (प्रतिनिधि सभा)

यस महाशाखाअन्तर्गत कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा), सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा) र प्रश्न व्यवस्थापन शाखा (प्रतिनिधि सभा) रहेका छन्। उक्त शाखाहरुबाट २०८१ कार्तिक १ गतेदेखि पुस मसान्तसम्म सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### २.१.१.१ कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)

यस अवधिमा प्रतिनिधि सभाको अधिवेशन चालू रहेको थिएन। मिति २०८१ कार्तिक ३ गते प्रतिनिधि सभा सदस्य रबि लामिछाने कास्की जिल्ला अदालतको पक्राउ अनुमतिबमोजिम फौजदारी कसूरको अनुसन्धानको क्रममा पक्राउ पर्नुभएको व्यहोराको सूचना प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (२) को प्रयोजनको लागि र मिति २०८१ पुस ८ गते प्रतिनिधि सभा सदस्य माननीय रवि लामिछाने विरुद्ध कास्की जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २२बमोजिम मुद्दा दायर भएकोले सोही ऐनको दफा २७ को कानूनी व्यवस्थाको प्रयोजनको लागि सम्माननीय सभामुखको निर्देशानुसार सूचना प्रकाशनसम्बन्धी कार्यसम्पादन भएको थियो ।

यस शाखाले अधिवेशन अन्त्यपश्चात् अभिलेखीकरण गर्नुपर्ने विभिन्न कागजात र विवरणहरू संकलन तथा छनौट गरी अभिलेखीकरण गर्ने कार्य सम्पन्न गरेको छ। त्यसैगरी सचिवलायको आ.व. २०८१/०८२ को बजेटमा यस शाखा अन्तर्गत रहेको विभिन्न कार्यक्रमहरुमध्ये सभा सञ्चालनसम्बन्धी समीक्षात्मक कार्यक्रम, संघ तथा प्रदेशका कर्मचारीहरुबीच अनुभव आदानप्रदान कार्यक्रम र कार्यवृत्त निर्माण कार्य यस शाखाबाट सम्पन्न भएको छ।

### २.१.१.२ सम्पूर्ण विवरण शाखा (प्रतिनिधि सभा)

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

- संघीय संसदको पहिलो कार्यकाल अन्तर्गतको चौथो अधिवेशनका सम्पूर्ण विवरण तयार भई प्रकाशित पुस्तकमा रहेका त्रुटिहरू सच्चाउने कार्यहरू भइरहेको।
- संघीय संसदको दोस्रो कार्यकाल अन्तर्गतको चालु अधिवेशनका सम्पूर्ण विवरणको पुस्तक प्रकाशन प्रयोजनार्थ लिपिबद्ध गर्ने कार्य भइरहेको।

### २.१.२ कार्यव्यवस्था महाशाखा (राष्ट्रिय सभा)

यस महाशाखाअन्तर्गत कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा), सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा) र प्रश्न व्यवस्थापन शाखा (राष्ट्रिय सभा) रहेका छन्।

### २.१.२.१ कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा)

कार्यव्यवस्था शाखाले सभा र कार्यव्यवस्था परामर्श समितिका बैठकहरूको व्यवस्थापन गर्ने, कार्यसूची, वाचनपत्र, सूचनापत्र तयार गर्ने, सदस्यहरूलाई बैठकसम्बन्धी सूचना उपलब्ध गराउने, सभामा पेश गरिने सामग्रीहरूको वितरणको व्यवस्थापन गर्ने, शून्य समय, विशेष समय, आकस्मिक समय र प्रादेशिक सरोकार समयमा बोल्ने सदस्यहरुको नामावली तयार गर्ने कार्य मुख्य रुपमा सम्पादन गर्दछ ।

यस अवधिमा सभाका मुख्य अभिलेखको रुपमा रहेका दैनिक कार्यसूची संग्रह, वाचन पत्र संग्रह, कार्यवृत लगायतका कागजातहरुलाई व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने काम भइरहेको छ भने आगामी १७ औं अधिवेशन र कार्यव्यवस्था परामर्श समितिको बैठकहरुमा प्रस्तुत हुने सम्भावित एजेण्डाहरु व्यवस्थित तरिकाले अभिलेखीकरण गरिरहेको छ ।

त्यसैगरी, कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा)ले बागमती प्रदेशको प्रदेश सभा सचिवालयसँग अनुभव आदान-प्रदान एवं अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न गरेको छ । साथै, सभाध्यक्षबाट भएको रुलिङ्ग एवं विषयगत समितिहरुबाट मन्त्रालयलाई दिएको राय, सुझाव र निर्देशनको कार्यान्वयन अवस्थाका लिखित जानकारी लिने कार्य भएको छ ।

### २.१.२.२ सम्पूर्ण विवरण शाखा (राष्ट्रिय सभा)

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

- सोह्रौं अधिवेशनको कार्यवाहीको सम्पूर्ण विवरणको पुस्तक तयार गरिएको,
- राष्ट्रिय सभाका माननीय सदस्यहरूको सोह्रौं अधिवेशनको बैठकहरुको व्यक्तिगत फाइल **(Individual file)** तयार पारिएको,

## २.१.३ विधि व्यवस्थापन महाशाखा (राष्ट्रिय सभा)

यस महाशाखाअन्तर्गत रहेको विधेयक शाखा (राष्ट्रिय सभा) रहेको छ।

### २.१.३.१ विधेयक शाखा (राष्ट्रिय सभा)

२०८१ कार्तिक १ गतेदेखि पुस मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

**विधेयक दर्ता**

यस अवधिमा पानीजहाजको (सञ्चालन र व्यवस्थापन) विधेयक, २०८१ र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ राष्ट्रिय सभामा प्रस्तुतिका लागि दर्ता भएका छन्। पानीजहाजको (सञ्चालन र व्यवस्थापन) विधेयक, २०८१ लाई संवत् २०८१ साल पुस २ गते र  राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ लाई संवत् २०८१ साल पुस २३ गते सम्बन्धित संसदीय दलको कार्यालयमा रहेको पिजनहोलमार्फत दुवै सभाका सदस्यहरूलाई वितरण गरिसकिएको छ।

## २.१.४ प्रशासन महाशाखा

यस महाशाखाअन्तर्गत रहेका कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, सूचना तथा अभिलेख व्यवस्थापन शाखा, मर्यादापालन तथा सुरक्षा शाखा गरी चारवटा शाखाहरू तथा निजी सचिवालयहरू रहेका छन्।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### २.१.४.१ कर्मचारी प्रशासन शाखा

यस सचिवालयमा रिक्त संघीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पद सङ्ख्या २(दुई) मा कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाका लागि मिति २०८१/०७/०७ गते सूचना प्रकाशन गरेको।

सचिवालयको २०८१/०७/२७ को निर्णयअनुसार संवत् २०८१ मङ्सिर २८ गते "संघीय संसद सेवा दिवस २०८१" भव्य रुपमा सम्पन्न गर्न सचिवालय सचिव (प्रशासन) डा. रोजनाथ पाण्डेको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी **"संघीय संसद सेवा दिवस मूल समारोह समिति, २०८१"** गठन भएको थियो।

**संघीय संसद सेवा दिवस मूल समारोह समिति, २०८१**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | सचिवालय सचिव (प्रशासन) डा. रोजनाथ पाण्डे | संयोजक |
| २. | सहसचिव सुरज कुमार दुरा | सदस्य |
| ३. | सहसचिव मनोजकुमार गिरी | सदस्य |
| ४.. | सहसचिव हृदयराम महर्जन | सदस्य |
| ५. | सहसचिव(कानून) लक्ष्मी प्रसाद गौतम | सदस्य |
| ६. | सहसचिव निर्मलादेवी लामिछाने (वस्ती) | सदस्य |
| ७. | सहसचिव एकराम गिरी | सदस्य |
| ८. | सहसचिव सीता काफ्ले (वाग्ले) | सदस्य |
| ९. | सहसचिव इन्द्र विलास पौडेल | सदस्य |
| १०. | प्रमुख लेखा नियन्त्रक भोजराज पौडेल | सदस्य |
| ११. | अध्यक्ष, संघीय संसद सचिवालय कर्मचारी युनियन | सदस्य |
| १२. | सहसचिव बविता मिश्र | सदस्य-सचिव |

संघीय संसद सेवा दिवस मूल समारोह समिति २०८१ अन्तर्गत देहायबमोजिमका सदस्यहरु रहने गरी उपसमितिहरु गठन भएका थिए।

**सरसफाई तथा पूजा कार्यक्रम उपसमिति**

- सहसचिव सुरज कुमार दुरा - संयोजक
- उपसचिव अधिराज राई - सदस्य
- शाखा अधिकृत सुशिलकुमार खड्का - सदस्य
- शाखा अधिकृत सुनिल सुवाल - सदस्य
- कम्प्युटर अपरेटर लछीराम बुढामगर - सदस्य
- नायब सुब्बा अस्मीता चौलागाईं - सदस्य
- कार्यालय सहयोगी श्यामकुमारी घर्ती - सदस्य

**अन्तरक्रिया कार्यक्रम उपसमिति**

- सहसचिव सीता काफ्ले वाग्ले -संयोजक
- उपसचिव सरस्वती मरहट्टा - सदस्य
- उपसचिव अनन्तप्रसाद कोइराला -सदस्य
- शाखा अधिकृत नारायणबहादुर कार्की -सदस्य
- शाखा अधिकृत शारदा जि.सी. -सदस्य
- युनियन प्रतिनिधि सरस्वती रिजाल -सदस्य
- कार्यालय सहयोगी सीता चनारा श्रेष्ठ -सदस्य

**मैत्रिपूर्ण फुटसल प्रतियोगिता उपसमिति**

- सहसचिव एकराम गिरी -संयोजक
- उपसचिव सुरेशराज सेढाई - सदस्य

- युनियन प्रतिनिधि/शाखा अधिकृत सदन राई -सदस्य
- शाखा अधिकृत रमन खनाल -सदस्य
- नायब सुब्बा प्रविन लागे -सदस्य
- नायब सुब्बा शर्मिला ढकाल -सदस्य

**टयालेन्ट शो व्यवस्थापन उपसमिति**

- सहसचिव निर्मलादेवी लामिछाने वस्ती -संयोजक
- उपसचिव विमला घिमिरे - सदस्य
- उपसचिव नुमराज खनाल - सदस्य
- शाखा अधिकृत दिपाकुमारी दुलाल -सदस्य
- कम्प्युटर प्रोग्रामर करन भाट -सदस्य
- शाखा अधिकृत प्रबल पौडेल -सदस्य
- शाखा अधिकृत निरज दाहाल -सदस्य
- कम्प्युटर अपरेटर दिपेश कँडेल -सदस्य
- खरिदार मोहनकृष्ण प्रसाद सेठ -सदस्य
- कार्यालय सहयोगी नम्रता आङदेम्वे -सदस्य

**रक्तदान कार्यक्रम व्यवस्थापन उपसमिति**

- सहसचिव हृदयराम महर्जन -संयोजक
- उपसचिव संजय दाहाल - सदस्य
- शाखा अधिकृत जयराम खड्का -सदस्य
- शाखा अधिकृत अरुण किशोर शर्मा -सदस्य
- सि.अ.हे.व. डा. पुष्पराज रिजाल -सदस्य
- मर्यादापालक गोकुल खत्री -सदस्य
- युनियन प्रतिनिधि डल्ले गुरुङ -सदस्य

**हाजिरीजवाफ प्रतियोगिता व्यवस्थापन उपसमिति**

- सहसचिव इन्द्र विलास पौडेल -संयोजक
- शाखा अधिकृत प्रबल पौडेल -सदस्य
- कम्प्युटर प्रोग्रामर रामकृष्ण भेटुवाल -सदस्य
- कम्प्युटर अपरेटर किरण अर्याल -सदस्य
- कार्यालय सहयोगी विन्दाकुमारी भट्टराई -सदस्य

**का.स./ड्राइभर/मालीहरुको कार्यक्षमता मूल्यांकन उपसमिति**

- सहसचिव लक्ष्मी प्रसाद गौतम -संयोजक
- प्रमुख लेखा नियन्त्रक भोजराज पौडेल - सदस्य
- शाखा अधिकृत सानुकाजी व्यञ्जनकार -सदस्य
- शाखा अधिकृत प्रविन राई -सदस्य
- शाखा अधिकृत बालकुष्ण मिश्र -सदस्य
- युनियन प्रतिनिधि गोविन्द प्रसाद वेल्वासे -सदस्य
- नायब सुब्बा केदारमणि भट्टराई -सदस्य

**मूल समारोह सञ्चालन तथा व्यवस्थापन उपसमिति**

- सहसचिव बविता मिश्र -संयोजक
- उपसचिव अधिराज राई - सदस्य
- शाखा अधिकृत सुशिलकुमार खड्का - सदस्य
- शाखा अधिकृत पवन महत - सदस्य
- शाखा अधिकृत सुनिल सुवाल - सदस्य
- युनियन प्रतिनिधि गोविन्दप्रसाल वेल्वासे (जैसी) - सदस्य
- कम्प्युटर अपरेटर कमल बोहरा - सदस्य

- नायब सुब्बा डिलेश्वरी बिष्ट - सदस्य
- खरिदार रविन भण्डारी - सदस्य
- कार्यालय सहयोगी दोमयन्ती थापा - सदस्य
- कार्यालय सहयोगी कविता खनाल - सदस्य

संवत् २०८१ मङ्सिर २८ गते संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यमा भएको १८ औं संघीय संसद सेवा दिवस कार्यक्रमका अवसरमा नेपाल सरकार र संघीय संसद सेवामा निरन्तर २५ वर्ष सेवा गर्नुभएका देहायबमोजिका कर्मचारीहरु दीर्घसेवा पदकद्वारा सम्मानित हुनु भएको थियो।

| क्र.स. | पद, नाम थर | पुरस्कार |
|---|---|---|
| १ | उपसचिव उदयकुमार भण्डारी | दीर्घसेवा पदक |
| २ | उपसचिव दशरथ धमला | दीर्घसेवा पदक |
| ३ | प्राविधिक अधिकृत केशब राज भट्टराई | दीर्घसेवा पदक |
| ४ | शाखा अधिकृत नारायण बहादुर कार्की | दीर्घसेवा पदक |
| ५ | ओभरसियर निलम शाह | दीर्घसेवा पदक |
| ६ | हलुका सवारी चालक (पाँचौ) सानुकाजी महर्जन | दीर्घसेवा पदक |

यसैगरी, संघीय संसद सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले १८ औं संसद सेवा दिवसको अवसरमा संसद सेवामा कार्यरत कर्मचारीहरुलाई संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ११३बमोजिमको पुरस्कारद्वारा पुरस्कृत गर्ने निर्णयबमोजिम उक्त कार्यक्रममा प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष नारायणप्रसाद दाहालले पुरस्कृत कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो।

| क्र.स. | पद, नाम थर | पुरस्कार |
|---|---|---|
| १ | उपसचिव ओमबहादुर कार्की | सर्वोत्कृष्ट संघीय संसद सेवा पुरस्कार |

| | | | |
|---|---|---|---|
| २ | कम्प्युटर प्रोग्रामर | करनबहादुर भाट | उत्कृष्ट संघीय संसद सेवा पुरस्कार |
| ३ | हलुका सवारी चालक (पाँचौं) | शंकर भण्डारी | संघीय संसद सेवा पुरस्कार |
| ४ | माली (रा.प.अनं. पाँचौं) | विन्दाकुमारी भट्टराई | संघीय संसद सेवा पुरस्कार |

सचिवालयमा रिक्त रा.प. अनं. प्रथम श्रेणीका देहायबमोजिमका पदमा लोक सेवा आयोगको सिफारिसमा देहायबमोजिमका कर्मचारीहरू नियुक्त हुनुभएको ।

| क्र.सं. | पद | नाम थर | नियुक्ति मिति |
|---|---|---|---|
| १ | फोटोग्राफर | विपस महतो | २०८१/०८/२५ |
| २ | भिडियोग्राफर | सुशिला सुनुवार | २०८१/०८/२६ |
| ३ | भिडियोग्राफर | घनश्याम श्रेष्ठ | २०८१/०८/२६ |
| ४ | भिडियोग्राफर | ज्योती साह | २०८१/०८/२६ |
| ५ | माइक सञ्चालक | सागर दाहाल | २०८१/०८/२६ |
| ६ | माइक सञ्चालक | कुशल शर्मा | २०८१/०८/२६ |
| ७ | माइक सञ्चालक | दीपक कुमार चौधरी | २०८१/०८/२६ |
| ८ | म्यासेज सञ्चालक | भावना रेग्मी | २०८१/०८/२६ |

४. सचिवालयमा रिक्त रहेको संघीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पद सङ्ख्या २ (दुई) मा बढुवाका लागि २०८१/०७/०७ मा प्रकाशित सूचनाबमोजिम प्राप्त आवेदनमध्ये बढुवा समितिले कार्यक्षमताको मूल्याङ्कनद्वारा २०८१/०८/११ मा सिफारिस गरेका देहायका उम्मेदवारहरू २०८१/०९/१७ को निर्णयअनुसार सहसचिव पदमा बढुवा नियुक्त हुनुभएको ।

| क्र.स. | बढुवा सिफारिस भएको कर्मचारीको नाम |
|---|---|
| १ | उ.स. उदयकुमार भण्डारी (क.सं.नं. १५३५०३) |

| | |
|---|---|
| २ | उ.स. रामकुमार पौडेल (क.सं.नं. १४३१८२) |

## २.१.५.२ सूचना तथा अभिलेख व्यवस्थापन शाखा

यस शाखाले मूलतः संसद तथा सचिवालयका सूचना तथा अभिलेखजन्य सामग्रीको सङ्कलन, प्रशोधन तथा भण्डारणलगायत व्यवस्थापनसम्बन्धी कार्यका साथै संघीय संसदका सदस्य तथा पूर्व संसद सदस्य, संसदीय रिपोर्टिङ्गका लागि आउने मन्त्रालयका कर्मचारी र पत्रकारलाई परिचय पत्र तयार गरी उपलब्ध गराउने कार्य गर्दछ। सूचनाको हकसम्बन्धी ऐन, २०६४बमोजिम यस सचिवालयले प्रत्येक तीन महिनामा सम्पादन गरेका कामकारबाहीको विवरण प्रकाशनको कार्य जिम्मेवारीसमेत यस शाखाले वहन गर्दछ। सूचना अधिकारीको सचिवालयसमेत रहेको यस शाखाले नेपालको सविधान, सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा अन्य प्रचलित कानूनको अधीनमा रही हुने सूचना मागसम्बन्धी निवेदनहरूको प्रक्रियागत कार्य गर्नुकासाथै सांसद सुविधा व्यवस्थापन शाखाले जारी गर्ने स्वकीय सचिवहरूका परिचय पत्रसमेत हाललाई यसै शाखाबाट जारी गर्ने गरी निर्देशन भएअनुसार उक्त शाखाले गरेको सिफारिसका आधारमा त्यस्ता परिचयपत्रहरूसमेत तयार गरी उपलब्ध गराउने गर्दै आइरहेको छ। यस शाखाले यस अवधिमा गरेका कामहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

**परिचय पत्र जारी**

| परिचय पत्रको प्रकार | सङ्ख्या | जम्मा सङ्ख्या |
|---|---|---|
| प्रतिनिधि सभा सदस्य | ३ (प्रतिलिपि) | ३ |
| राष्ट्रिय सभा सदस्य | ८ | ८ |
| संविधान सभा सदस्य | ७ | ७ |
| पूर्व सांसद | ४ | ४ |

| परिचय पत्रको प्रकार | सङ्ख्या | | जम्मा सङ्ख्या |
|---|---|---|---|
| स्वकीय सचिव (प्रतिनिधि सभा) | १७३ | | १७३ |
| स्वकीय सचिव (राष्ट्रिय सभा) | ११ | | ११ |
| पत्रकार (संसद प्रवेश पास) | २५(नयाँ) | ७३(नवीकरण) | ३६० |
| कुल जम्मा | ४६१ | | |

## सूचनाको हकसम्बन्धी सूचना

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको मिति |
|---|---|---|
| बि. पी. पौडेल | लेखा समितिको र्निदशन कार्यान्वयन नहुनुका कारण सम्बन्धमा जानकारी। | २०८१/०८/०४ |
| सागर जोशी | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिउपर निवेदनकर्ता सागर जोशीको निवेदनउपर कामकारबाहीको प्रगति सम्बन्धमा जानकारी। | २०८१/०८/०९ |
| कमल वि.क. | मा. सदस्य ऐनबहादुर शाही ठकुरी र्निवाचित भएता देखिका नीजि सचिवालय नियुक्ति सदस्यहरुको विवरण। | २०८१/०८/०९ |
| माधवराज शर्मा पोखेल | संघीय संसदका सदस्यहरुको तलब र शैक्षिक योग्यता सम्बन्धमा जानकारी। | २००८१/०८/११ |
| सागर जोशी | संसदीय समितिले कुन सालमा के विषयउपर छानविन प्रतिवेदन पेश गरेको सम्बन्धमा जानकारी | २०८१/०८/१४ |

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको मिति |
|---|---|---|
| गंगा सुबेदी | कानुन, न्याय तथा मानव अधिकार समितिमा निवेदनकर्ता गंगा सुवेदिले पेश गरेको निवेदनको जानकारी। | २०८१/०८/१८ |
| सागर जोशी | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा निवेदनकर्ता सागर जोशीले पेश गरेको निवेदनको दर्ता नं र मिति। | २०८१/०८/१८ |
| गंगा सुवेदी | कानुन, न्याय तथा मानव अधिकार समितिमा निवेदनकर्ता गंगा सुवेदिले पेश गरेको निवेदनको दर्ता नं र मिति। | २०८१/०८/२१ |
| रुक्सना कपाली | कानुन, न्याय तथा मानव अधिकार समितिमा पेश गरेको निवेदनको जानकारी। | २०८१/०८/२१ |
| सूचना आयोग | सूचना मागकर्ता गंगा सुवेदीको निवेदनउपरको कारबाही सम्बन्धमा सूचना उपलब्ध गराउनु भनी जारी भएको आदेश। | २०८१/०९/०१ |
| सागर जोशी | प्रतिनिधि सभा नियमावलीबमोजिम गठित विशेष समितिद्वारा पछिल्लो २० वर्षमा गरिएका छानबीन प्रतिवेदन। | २०८१/०९/०८ |
| शुसिल पन्थ र अजय अनुरागी | प्रतिनिधि सभाका सदस्यको हाजिरी र संघीय संसदका पदाधिकारीको सवारी सुविधा सम्बन्धमा जानकारी। | २०८१/०९/१७ |
| सागर जोशी | औषधीको उत्पादन, वितरण, गुणस्तर तथा मूल्यका सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा | २०८१/०९/१७ |

| सूचना मागकर्ता | सूचनाको विषय | उपलब्ध गराइएको मिति |
|---|---|---|
| | सूचना प्रविधि समितिमा बसेको बैठकको Minute उपलब्ध गराइदिने सम्बन्धमा। | |

## २.१.५.३ आर्थिक प्रशासन शाखा

- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको छ ।
- सचिवालयमा हुने खरीद प्रकृयामा सहजीकरण गर्ने तथा शाखामा पेश हुन आएका विल भरपाईहरु समयमै नियमानुसार भुक्तानी गरिएको छ ।
- अन्तिम लेखापरीक्षणको लागि स्रेस्ताहरु अद्यावधिक गरिएको छ ।
- हालसम्मको बेरुजु लगत संकलन तथा सोको नियमित प्रतिवेदन दिने तथा नियमानुसार संपरीक्षणको लागि कागजात अद्यावधिक गरिएको छ ।

**आ.व.०८१/८२ को दोस्रो त्रैमासिक वित्तीय प्रगति विवरण**

| सि.नं. | व.उ.सि.नं. | वार्षिक वजेट | दोस्रो त्रैमासिकको खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | २०२०००१३ | ३३,५५१,०००.०० | ४,९७८,२६१.८७ | १४.८४ | |
| | २०२०००११३ | ८९७,२२७,०००.०० | १५०,४०९,४०७.५० | १६.७६ | |
| | २०२०००१२३ | ४८२,७९४,०००.०० | ७३,७४४,१८२.४६ | १५.२७ | |
| जम्मा | | १,४१३,५७२,०००.०० | २२९,१३१,८५१.८३ | १६.२१ | |
| पूँजिगत | २०२०००१२४ | ९३,४५०,०००.०० | २,२६९,६३२.०६ | २.४३ | |
| जम्मा | | ९३,४५०,०००.०० | २,२६९,६३२.०६ | २.४३ | |

- चालु आ.व.को दोस्रो त्रैमासिकमा कुल वित्तीय प्रगति पूँजीगत तर्फ २.४३ प्रतिशत र चा.लु. तर्फ १६.२१ प्रतिशत भएको छ ।

## २.१.६ सांसद सुविधा व्यवस्थापन महाशाखा

यस महाशाखाअन्तर्गत सांसद सुविधा व्यवस्थापन र संसदीय दल समन्वय शाखा रहेका छन्।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### २.१.६.१ सांसद सुविधा व्यवस्थापन शाखा

१. चिकित्सक बोर्डबाट संघीय संसदका २२ जना माननीयहरूको लागि औषधि उपचार खर्चको लागि रू.२,७७,३४४/- (दुई लाख सतहत्तर हजार तीन सय चवालिस रुपैंया मात्र) भुक्तानी दिने निर्णय भएको।

२. संघीय संसदका सदस्यहरुको विवरण पुस्तिका, २०८१सम्बन्धी कार्य आरम्भ भएको ।

३. संघीय संसदका माननीय सदस्यहरुलाई स्वास्थ्य इकाइबाट आधारभूत स्वास्थ्य सेवा एवम् प्रेस्क्रिप्सनबमोजिम औषधी प्रदान गरेको।

४. संघीय संसद, प्रतिनिधि सभाका २५० जना र राष्ट्रिय सभाका ५८ जना गरी जम्मा ३०८ जना सदस्यहरूको सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको वेवसाइट www.nvc.gov.np मा अपलोड गर्ने कार्य सम्पन्न भएको ।

५. विभिन्न मन्त्रालय/संवैधानिक निकाय/आयोग/कार्यालय/व्यक्तिहरूबाट संघीय संसदका माननीयहरूको वितरण प्रयोजनार्थ प्राप्त पुस्तक, प्रतिवेदन, निमन्त्रणा एवम् शुभकामना पत्रहरू वितरणका लागि आवश्यक कार्य गरेको।

६. संघीय संसदका सदस्यहरुको विवरण सम्बन्धी वेबसाइट अद्यावधिक, एस.एम.एस. व्यवस्थापन लगायतका कार्यहरू गरेको।

७. संघीय संसदका सदस्य तथा सदस्यहरुका स्वकीय सचिव एवम् अन्य कर्मचारीहरुको विवरणहरू अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको।

## २.१.६.२ संसदीय दल समन्वय शाखा

- विभिन्न संसदीय दलको सचिवालय व्यवस्थापनसम्बन्धी कार्य गरेको।
- संसदीय दलको सचिवालयको भौतिक, मानवीय, प्रविधिगत तथा मानव स्रोतगत व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन आवश्यक कार्य गरेको।
- संसदीय दलको सचिवालयमा हुने विभिन्न राजनीतिक दलको बैठक व्यवस्थापनसम्बन्धी कार्य गरेको।
- संसदीय दलको कार्यालयमा प्राप्त विभिन्न अध्ययन सामग्रीहरुको वितरण र पिजन होलको व्यवस्थापनसम्बन्धी कार्य गरेको।
- विभिन्न संसदीय दलका पदाधिकारी तथा सदस्यहरुका स्वकीय कर्मचारीहरुको प्रवेश पास व्यवस्थापन र नियमनसम्बन्धी आवश्यक कार्य गरेको।

## २.१.७ आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा

यस महाशाखाअन्तर्गत आन्तरिक सेवा तथा योजना शाखा र सवारी साधन व्यवस्थापन शाखा रहेका छन्।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

## २.१.७.१ आन्तरिक सेवा तथा योजना शाखा

सचिवालयमा आवश्यक मालसामान तथा सेवा खरीदसम्बन्धी सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ द्वारा निर्देशित प्रकृयाबमोजिम देहायका बोलपत्र तथा सिलबन्दी दरभाउपत्रसम्बन्धी क्रियाकलापहरु भएका।

## बोलपत्र/दरभाउपत्रसम्बन्धी क्रियाकलाप

| क्र.स | बोलपत्र/दरभाउपत्रको विवरण | जम्मा आइटम | कैफियत |
|---|---|---|---|
| १) | The procurement of Supply and Delivery of Furniture & Furnishing Goods, IFB No.: FPS/NCB/GOODS/2081-082/03 | ४३ | आ.व. ०८१/८२ को लागि न्यू लुक फर्निचरसँग सम्झौता गरिएको। |
| २) | The procurement of Supply and Delivery of Electronics Goods, IFB No.: FPS/NCB/GOODS/2081-082/07 | ५९ | मिति २०८१/०८/१६ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको। |
| ३) | The Procurement of Supply and Delivery of Medicines and Medical Supplies, IFB No.:FPS/NCB/GOODS/2080-081/SQ/01 | ४४७ | आ.व. ०८१/८२ को लागि युनिग्लोब हेल्थ केयर प्रा.लि. तारकेश्वर, काठमाण्डौसँग सम्झौता गरिएको। |
| ४) | The Procurement of Official Costume for Marshal Federal Parliament IFB No.: FPS/NCB/GOODS/2081-082/SQ/02 | १४१ | युनिग्लोब हेल्थ केयर प्रा.लि. तारकेश्वर, काठमाण्डौसँग सम्झौता गरी कार्य सम्पन्न गरेको। |
| ५) | The procurement of Supply and Delivery of Four Wheelers Vehicles (Electric Car) For Fiscal Year 2081-082, IFB No.: FPS/NCB/GOODS/2081-082/05 | ८ | साइमेक्स इङ्क्स प्रा.लि., काठमाडौं सँग सम्झौता गरी कार्य सम्पन्न भएको। |
| ६) | The Procurement of Maintenance Service of Vehicles, Invitation For Bids No.:FPS/NCB/GOODS/2081-082/06 | २६४ | मिति २०८१/०८/१२ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिएको। |

| क.स | बोलपत्र/दरभाउपत्रको विवरण | जम्मा आइटम | कैफियत |
|---|---|---|---|
| ७) | The Procurement of Supply and Delivery of Stationery and Office Goods, Invitation For Bids No.:FPS/NCB/GOODS/2081-082/SQ/03 | ६८ | मिति २०८१/०९/०५ गतेको गोरखापत्रमा पूनः सिलबन्दी दरभाउपत्र आह्वानको प्रकाशन गरिएको। |

- सचिवालयको परिसरभित्र रहेका खानेपानी, ढल निकास, सरसफाई, बगैंचा व्यवस्थापन लगायतका कार्य नियमित रूपमा सम्पन्न गरेको।
- स्वीकृत बजेट अनुसार संसद र सचिवालयको लागि आवश्यक मालसामानहरुको खरीद र आपूर्तिसम्बन्धी व्यवस्था मिलाउने कार्य सम्पन्न गरेको।
- भवनहरु समय समयमा निरीक्षण गर्ने र आवश्यकतानुसार त्यसको मर्मत सम्भार गर्ने, गराउने कार्य नियमितरूपमा सम्पन्न गरेको।

### २.१.८ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय महाशाखा

यस महाशाखाअन्तर्गत अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा रहेको छ।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

## २.१.८.१ अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखा

### १. अन्तर्राष्ट्रिय कार्यक्रम/सम्मेलन मा नेपाली प्रतिनिधिमण्डलको सहभागिता

| कार्यक्रमको नाम | संघीय संसदका सदस्य | संघीय संसद सचिवालयका कर्मचारी | अन्य |
|---|---|---|---|
| **Asia National Assembly Water Consultative Board (AAWC) Climate and Round Table**<br>• Seoul, South Korea<br>• 05 – 07 November, 2024 | • मा. वीर बहादुर बलायर | | |
| **Second Global South Think Tanks Dialogue**<br>• 13 – 15 Nov, 2024<br>• Nanjing,Jiangsu China | • माननीय उपाध्यक्ष बिमला घिमिरे | | |
| **International Parliament for Tolerance and Peace (IPTP)**<br>• 11th Plenary Session<br>• 23 – 26 November, 2024<br>• Phnom, Cambodia | • सम्माननीय सभामुमख देवराज घिमिरे<br>• माननीय एकनाथ ढकाल<br>• माननीय ईश्वर बहादुर रिजाल | • उपसचिव श्री गोपाल सिग्देल | सम्मानीय सभामुखज्यूको स्वकीय सचिव श्री तेज प्रसाद भट्टराई |
| **Exposure Visit to Malaysian Parliament**<br>• Kuala Lumpur, Malaysia<br>• 01– 06 December, | • माननीय विमला घिमिरे , राष्ट्रिय सभा उपाध्यक्ष<br>• मा. पुष्प बहादुर | • श्री पद्म प्रसाद पाण्डेय, महासचिव, | • मा. रामचन्द्र मण्डल, सभामुख, मधेश प्रदेश |

| | | | |
|---|---|---|---|
| 2024 | शाह, प्रतिनिधि सभा सदस्य | संघीय संसद<br>• श्री बबिता मिश्र, सहसचिव, संघीय संसद सचिवालय<br>• श्री सुलोचना पंज्ञानी, उपसचिव, संघीय संसद सचिवालय | • मा. भुवन कुमार पाठक, सभामुख, बाग्मती प्रदेश<br>• मा. अम्बर बहादुर विष्ट, सभामुख कोशी प्रदेश<br>• मा. मेनुका खाँड के.सी., उपसभामुख, लुम्बिनी प्रदेश<br>• मा. विना कुमारी थापा, उपसभामुख, गण्डकी प्रदेश<br>• मा. कोइली देवी चौधरी, उपसभामुख, सुदूरपश्चिम प्रदेश<br>• मा. यसोदा न्यौपाने, उपसभामुख, कर्णाली प्रदेश |

| | | | |
|---|---|---|---|
| **Global Multi stakeholder Summit on Advancing Gender Equality in Nationality Laws**<br>• Geneva, Switzerland<br>• 10– 11 December, 2024 | • माननीय महेश कुमार बर्तौला | | |

## २. विदेशी प्रतिनिधिमण्डलको नेपाल भ्रमण

| कार्यक्रमको विवरण | भ्रमण दलका सदस्य |
|---|---|
| INTER PARES (Parliaments in Partnership) को आयरल्याण्ड Parliamentary Budget Office का प्रतिनिधिमण्डलको नेपाल भ्रमण<br>28 – 30 October, 2024 | • Ms Annette Connolly, Director of the Parliamentary Budget Office(PBO)<br>• Ms Denise O'Connell, Deputy Director of PBO<br>• Ms Sophie Guruli, Senior Programme Officer |

## ३. शिष्टाचार भेटघाट

| क्र.सं. | मिति | विवरण | स्थान |
|---|---|---|---|
| १. | २०८१/०८/२८ | मलेसियाको का.वा राजदूतको राष्ट्रिय सभा उपाध्यक्षज्यूसँग शिष्टाचार भेटघाट | राष्ट्रिय सभा उपाध्यक्षज्यू सचिवालय |

## ४. संसदीय मैत्री समूहका गतिविधि

| क्र.सं. | मिति | मैत्री समूह र गतिविधि |
|---|---|---|
| १. | २०८१/०८/०५ | मिति २०८१/०७/२५ गते २४ वटा विभिन्न राष्ट्रहरुको लागि संसदीय मैत्री समूह गठन भएकोमा थप १५ वटा गरी जम्मा ३९ मुलुकहरुका लागि संसदीय मैत्री समूह गठन भएको। |
| २. | २०८१/०९/१९ | मैत्री समूहमा सदस्य हेरफर र संयोजक चयन गरी थप २ देश गरी जम्मा ४१ मुलकहरुका लागि संसदीय मैत्री समूह गठन भएको। |

## ५. कूटनीतिक राहदानी सिफारिस

| सभा | यस त्रैमासमा | हालसम्म |
|---|---|---|
| प्रतिनिधि सभा सदस्य | ६ | १७४ (२०७९/०९/०७ देखि) |
| राष्ट्रिय सभा सदस्य | १ | ९० (२०७४/११/२० देखि) |

## २.१.९ प्रविधि व्यवस्थापन महाशाखा

यस महाशाखाअन्तर्गत सूचना प्रविधि शाखा, श्रव्य दृश्य शाखा, विद्युत शाखा र मुद्रण तथा प्रकाशन शाखा रहेका छन्।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

### २.१.९.१ सूचना प्रविधि शाखा

- संघीय संसद सचिवालय सिंहदरबार र संसद भवन नयाँ बानेश्वरमा इन्टरनेट र नेटवर्किङ सञ्चालन र व्यवस्थापनसम्बन्धी नियमित कार्यहरू गरेको,
- विभिन्न समिति, महाशाखा र शाखालाई Website मा सामग्रीहरू व्यवस्थापन र प्राविधिक समस्याहरूको समाधान तथा परामर्शसम्बन्धी नियमित कार्य गरेको,
- संसदका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको सरकारी डोमेनमा सञ्चालित Email Account व्यवस्थापनसम्बन्धी कार्य गरेको,
- Web SMS System मा Contact Management र प्राविधिक सहयोग तथा परामर्शसम्बन्धी नियमित कार्य गरेको,
- सचिवालयमा खरीद हुने कम्प्युटर र नेटवर्किङ सामग्रीहरूको स्पेसिफिकेशन तयार गर्ने र सामग्री खरीद भइसकेपछि स्पेसिफिकेशनबमोजिम ठीक भएनभएको चेकजाँच गरेको।

### २.१.९.२ विद्युत शाखा

- सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष, माननीय उपसभामुख, माननीय उपाध्यक्ष, महासचिव, सचिवहरूको कार्यकक्ष, महाशाखाहरू, शाखाहरू, संसदीय दलहरूको कार्यालयहरू र सचिवालय परिसरमा विद्युत मर्मत तथा सुधार कार्य गरेको,
- विद्युत आपूर्ति नभएको बेला जेनेरेटर सञ्चालन गरेको,
- सभा तथा समितिहरू सञ्चालनका बखत विद्युत आपूर्ति तथा विद्युत सुरक्षा सम्बन्धित कार्य गरेको,
- जेनेरेटरहरूको सर्भिसिङ्ग गरेको,
- ट्रान्सफर्मरहरूको सर्भिसिङ्ग गरेको,
- विद्युतीय उपकरणहरूको Routine supervision तथा Preventive Maintenance गरेको,
- विद्युत आपूर्तिको समुचित व्यवस्थापन गरेको।

**सचिवालयमा रहेको मिटरहरू**

१. मुख्य मिटर सचिवालय — २२-१०-२०६

२. ने. का. पा. एमाले संसदीय दलको कार्यालय — २२-२७-२०२

३. ने. का. संसदीय दलको कार्यालय — २२-२७-२०१

४. पूर्व संसद मञ्च — २२-२७-२११

## २.१.९.३ मुद्रण तथा प्रकाशन शाखा

- संघीय संसद सचिवालय लेटर हेड छपाइ,
- स्मारिका छपाइ,
- सहकारी संसदीय छानवीन बिशेष समितिको प्रतिवेदन छपाइ,
- प्रतिनिधि सभा समितिहरु , राष्ट्रिय सभा समितिहरु र सचिवालयको लेटर हेड छपाइ,
- अन्य विविध छपाइ।

## २.१.९.४ श्रव्य/दृश्य शाखा

- सभा / समितिहरुको बैठकमा Audio/Video रेकर्डिङ गरिएको,
- सभा/ समितिहरुको बैठकमा रेकर्डिङ्ग गरेको सम्पूर्ण सामग्रीहरुको उचित भण्डारण गरिएको,
- सभा/ समितिहरु बैठकमा गरेका गतिविधिहरुको श्रव्यदृश्य सामग्री तयार गरिएको,
- सभा तथा समितिहरुमा खिचिएका श्रव्यदृश्य सामग्री सम्पादन गरिएको,
- सम्पादित भिडियोहरुलाई व्यवस्थित रुपले भण्डारण गरिएको,
- प्रक्रियाबमोजिम आएका सम्पादित सामग्री माग भएबमोजिम उपलब्ध गराइएको,
- सम्पादित सामग्रीहरुलाई आवश्यकता अनुसार प्रसारण योग्य बनाइएको,
- सभाको निर्देशनबमोजिम भिडियो सामग्री सम्पादन गरी वितरणको व्यवस्था मिलाइएको,

- Youtube live बाट सभा तथा समितिहरुमा खिचिएका श्रव्यदृश्य सामग्री प्रत्यक्ष प्रसारण गरिएको,
- इलेक्ट्रोनिक्स सामानहरुको प्राविधिक specification तयार गरिएको,
- इलेक्ट्रोनिक्स सामानहरुको प्राविधिक specification verification गरिएको,
- इलेक्ट्रोनिक्स उपकरणहरुको जडान तथा खरीद पश्चात PDI Report तयार गरिएको,
- ICC मा जडान तथा मर्मत गरिएका Conference System, Broadcasting System, audio video system सँग सम्बन्धित र सचिवालयको scope मा पर्ने प्रविधिक पक्षको day to day supervision तथा preventive maintenance गरिएको,
- विभिन्न समितिहरुका सभा हलमा जडित Audio conference system मा आएका समस्याहरु troubleshoot गरी निराकरण गरिएको,
- शाखाको कामसँग सम्बन्धित सूचना, तथ्याङ्क, कागजात, परिपत्र तथा आदेश, निर्णयहरुका अभिलेख अद्यावधिक गरिएको,
- आफ्नो शाखामा रहेका फाइल तथा अन्य कागजातहरुको अभिलेख राखिएको ।

## २.१.१० कानूनी परामर्श महाशाखा

यस महाशाखाअन्तर्गत कानुनी परामर्श शाखा रहेको छ।

### २.१.१०.१ कानूनी परामर्श शाखा

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

- विभिन्न विषयहरुका १० (दश) थान रिट निवेदनको लिखित जवाफ सम्बन्धित अदालतहरुमा प्रेषित गरिएको,
- अन्तरिम आदेश छलफलको लागि प्राप्त २ (दुई) थान रिट निवेदनमा सचिवालयको तर्फबाट बहस पैरवी (प्रतिरक्षा) गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाइएको,

- संघीय संसद सचिवालयसमेत विपक्षी रहेको रिट नं. ०८१-WO-०१८३ को उत्प्रेषणसम्बन्धी रिट निवेदनमा सम्मानित उच्च अदालत पाटनबाट भएको अन्तिम आदेश/फैसला सम्बन्धमा मुद्दा दोहोर्‍याइ पाउँ निवेदन थान १ (एक) महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्च अदालतमा पठाइएको,
- साथै, यस महाशाखा/शाखाबाट सम्पादन हुने अन्य दैनिक कार्यहरु, आन्तरिक र बाह्य पत्राचारहरु, समन्वय तथा कानुनी परामर्शलगायतका कार्यहरु निरन्तररुपमा सम्पादन गरिएको।

## २.१.११ संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा

यस महाशाखाअन्तर्गत संसदीय अध्ययन तथा अनुसन्धान शाखा, पुस्तकालय शाखा, प्रत्यायोजित व्यवस्थापन अध्ययन शाखा र नागरिक सम्बन्ध शाखा रहेका छन्।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### २.१.११.१ संसदीय अध्ययन तथा अनुसन्धान शाखा

- संसदीय निगरानीसम्बन्धी नीति, मापदण्ड तथा कार्यविधि निर्माणः प्रथम कार्यशाला सम्पन्न भई निर्माणको चरणमा रहेको।
- संसद जर्नल प्रकाशनः लेख रचनाका लागि सूचना प्रकाशन भएबमोजिम लेख प्राप्त भई लेख अध्ययनको क्रममा रहेको।

### २.१.११.२ नागरिक सम्बन्ध शाखा

रेडियो नेपाल र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच भएको सम्झौताबमोजिम वि.सं. २०८२ असार मसान्तसम्म प्रत्येक हप्ताको शुक्रबारको बेलुका ९:३० बजे १५ मिनेट संसद गतिविधिसम्बन्धी कार्यक्रम प्रसारण भइरहेको छ । कार्यक्रममा संघीय संसदमा भएका महत्वपूर्ण छलफलसम्बन्धी विषय, समिति एवं सदनबाट पारित विधेयक एवं सो विधेयकका निहित महत्वपूर्ण विषयहरु, संसदको बैठकसम्बन्धी

विषय, विशिष्ट व्यक्तिहरुसँगको सचिवालयबाट भए गरेका महत्वपूर्ण छलफल लगायत विभिन्न विषयहरु प्रसारण भइरहेको छ ।

नेपाल टेलिभिजन र संघीय संसद सचिवालयको नागरिक सम्बन्ध शाखाबीच भएको "संसद गतिविधि" टेलिभिजन कार्यक्रम उत्पादन तथा प्रसारण"सम्बन्धी सम्झौताबमोजिम हरेक आइतबार बेलुका ३० मिनेट (७:२५ देखि ७:५५ सम्म) संसद गतिविधिसम्बन्धी कार्यक्रम प्रसारण भइरहेको छ । कार्यक्रममा संघीय संसदमा भएका महत्वपूर्ण छलफलसम्बन्धी विषय, समिति एवं सदनबाट पारित विधेयक एवं सो विधेयकका निहित महत्वपूर्ण विषयहरु, संसदको बैठकसम्बन्धी विषय, विशिष्ट व्यक्तिहरुसँगको सचिवालयबाट भए गरेका महत्वपूर्ण छलफललगायत विभिन्न विषयहरु प्रसारण भइरहेको छ ।

वि.सं.२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म विभिन्न विद्यालय तथा कलेजका ५८ जना विध्यार्थीले संसद बैठक भवन, नयाँबानेश्वरको अवलोकन भ्रमण गरेका छन् । यसको लागि यस शाखाबाट सहजीकरण गरिएको छ ।

## २.१.१२ मानव संसाधन विकास महाशाखा

यस महाशाखाअन्तर्गत संसदीय प्रशिक्षण शाखा, कर्मचारी प्रशिक्षण शाखा, योजना तथा सङ्गठन विकास शाखा र प्रदेश सभा सम्पर्क तथा समन्वय शाखा रहेका छन्।

२०८१ कार्तिक १ देखि पुस मसान्तसम्म यस महाशाखाअन्तर्गतका शाखाबाट सम्पादित मुख्य कार्यहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### २.१.१२.१ संसदीय प्रशिक्षण शाखा

### २०८१ पुस २५

- **सुशासन संवर्धनका लागि सदाचार नीतिको आवश्यकता कार्यक्रम** सदाचार नीतिको प्रबर्द्धनका लागि सम्बन्धित विषयमा टिप्पणीकर्ताद्वारा सांसदहरुलाई सुझाव तथा मन्तव्य आदान प्रदान गर्ने उद्धेश्यले सर्वजनिक लेखा समितिको सभाकक्षमा संघीय

संसद सचिवालय, मानव संशाधन विकास महाशाखा, संसदीय प्रशिक्षण शाखाको आयोजनामा भएको थियो।

### २.१.१२.२ कर्मचारी प्रशिक्षण शाखा

### २०८१ कार्तिक १४

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा **Workshop on Financial Accountability and Compliance at Local Government** विषयक कार्यशालामा सहभागिताका लागि उपसचिव लक्ष्मीप्रसाद ओझा, लेखा अधिकृत नरेश श्रेष्ठ, शाखा अधिकृत मेघराज अर्याल र शाखा अधिकृत रमन खनाललाई मनोनयन गरिएको ।

### २०८१ कार्तिक २०

- राजपत्र अनङ्कित कर्मचारीहरूका लागि २०८१ कार्तिक २५ गतेदेखि पाँच कार्यदिनको पेशागत सीप विकाससम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरिएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालन हुने प्रशिक्षक प्रशिक्षण कार्यक्रम **(Training of Trainers)** मा सहभागिताका लागि शाखा अधिकृत दिपाकुमारी दुलाललाई मनोनयन गरिएको।

### २०८१ कार्तिक २६

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि सञ्चालन हुने **Professional Course on Management and Development (PCMD)** मा सहभागिताका लागि शाखा अधिकृत प्रविन राईलाई मनोनयन गरिएको,
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुने ३० कार्यदिनको कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रममा इलेक्ट्रिकल ओभरसियर सुजित कुमार यादवलाई प्रशिक्षार्थीको रुपमा मनोनयन गरिएको।

**२०८१ मङ्सिर २**

- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालित ३० कार्यदिने सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुने ना.सु. रविन अधिकारीलाई सिफारिस गरिएको।

**२०८१ मङ्सिर ९**

- २०८१ मङ्सिर ११ गतेदेखि २०८१ मङ्सिर १४ गतेसम्म चार कार्यदिनको विधायिकी प्रक्रियासम्बन्धी तालिम कार्यक्रम गर्ने निर्णय गरिएको।

**२०८१ पुस १**

- नेपाल सरकार चिकित्सा शिक्षा आयोग (परीक्षा निर्देशनालय) को चिकित्सा शिक्षा स्नातकोत्तर तह **(MECEE-PG 2025)** शैक्षिक भर्नाको प्रवेश परीक्षाका लागि सि.अ.हे.व. (छैठौं) डा. पुष्पराज रिजाललाई सिफारिस गरिएको।

**२०८१ पुस ७**

- २०८१ पुस १६ गतेदेखि २१ गतेसम्म राजपत्र अनङ्कित कर्मचारीहरुका लागि नैतिकता र सदाचारसम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरिएको ।

**२०८१ पुस ९**

- २०८१ पुस २३ गतेदेखि २०८१ माघ ४ गतेसम्म नवनियुक्त राजपत्र अनङ्कित प्रथम श्रेणीका प्राविधिक (फोटोग्राफर, भिडियोग्राफर, माइक सञ्चालक, म्यासेज सञ्चालक) कर्मचारीहरुका लागि ९ कार्यदिने अभिमुखीकरण तालिम सञ्चालन गर्ने निर्णय गरिएको।

**२०८१ पुस २९**

- KOREA INTERNATIONAL COOPERATION AGENCY (KOICA), KOREA द्वारा सञ्चालन हुने **Master's Degree Scholarship Program** अन्तर्गत **Public Management and Administrative Reform** विषय अध्ययनका लागि शाखा अधिकृत नवीन भट्टराई, **Policy Competency Based on ICT Convergence** विषय

अध्ययनका लागि कम्प्युटर प्रोग्रामर ई.रामकृष्ण भेटुवाल र इलेक्ट्रोनिक्स ईन्जिनियर पङ्कज निधि रेग्मीलाई आवेदन दिन मनोनयन गरिएको।

### २.१.१२.३ प्रदेश सभा सम्पर्क तथा समन्वय शाखा

- **संसद सहयोग परियोजना**को सहयोगमा संघीय संसद र सातै प्रदेश सभा सम्मिलित प्रतिनिधिमण्डलले अध्ययन भ्रमण गर्नेगरी नोभेम्बर ३० देखि डिसेम्बर १-६, २०२४ का लागि निर्धारित Exposure Visit to Malaysian Parliament कार्यक्रमका लागि **सातै प्रदेशसँग समन्वयात्मक कार्यक्रम** सम्पन्न भएको ।
- संघीयता कार्यान्वयनसंगै संघीय संसद तथा प्रदेश सभाहरुबीच आपासी समन्वय, अनुभव आदान-प्रदान, सहयोग र सहकार्यका सम्भावनाहरुको समीक्षा गर्ने उद्देश्यले **अन्तर व्यवस्थापिका सम्मेलन** निरन्तररुपमा भइरहेको सन्दर्भमा **२०८१ पुस १ गतेदेखि ३ गते**सम्म **गण्डकी प्रदेश, पोखरा**मा संघीय संसद, प्रतिनिधि सभाका सम्मानीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, प्रतिनिधि सभाका माननीय उपसभामुख, राष्ट्रिय सभाका माननीय उपाध्यक्षको सहभागितामा **'अन्तर-व्यवस्थापिका सम्मेलन'** सम्पन्न भएको थियो ।

## खण्ड-तीन
## विविध

### ३.१.१ महिला तथा सामाजिक मामिला समितिको परिचय

**पृष्ठभूमिः**

वि.सं. २०४५ सालमा राष्ट्रिय पञ्चायत नियमावली, २०४० संशोधन गरी **सामाजिक समिति** लगायत अन्य ६ वटा समितिको व्यवस्था गरिएको पाइन्छ । उक्त समयमा सामाजिक समितिले शिक्षा तथा सँस्कृति, स्वास्थ्य, परराष्ट्र, सञ्चार, समाज कल्याण हेर्ने जिम्मेवारी पाएको थियो ।

वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना पछि गठित २०४८ सालको प्रतिनिधि सभातर्फ ७ वटा समिति गठन गरिएको थियो। जसमध्ये **जनसङ्ख्या तथा सामाजिक समितिको** कार्यक्षेत्र शिक्षा, सँस्कृति, स्वास्थ्य, श्रम र सामाजिक कल्याण रहेको पाइन्छ । विं सं. २०५१ सालको निर्वाचनपश्चात् बनेको प्रतिनिधि सभाअन्तर्गत गठन भएको **जनसङ्ख्या तथा सामाजिक समितिको** कार्यक्षेत्रअन्तर्गत जनसङ्ख्या, शिक्षा, स्वास्थ्य, महिला, समाज कल्याण, श्रम र युवा खेलकूद तथा सँस्कृति रहेको पाइन्छ । त्यस्तै,

२०५६ सालमा गठित प्रतिनिधि सभाले भने समितिको नाम र कार्यक्षेत्रमा कुनै फेरबदल गरेको पाइँदैन । वि.सं. २०६२/०६३ को जनआन्दोलन पश्चात् पुनर्स्थापित संसदले प्रतिनिधि सभाका समितिहरुलाई पूर्ववत् अवस्थामा नै निरन्तरता दिएको पाइन्छ।

मिति २०६२ फागुन १० गते तत्कालीन व्यवस्थापिका-संसदले विषयगत समितिको सङ्ख्या १४ पुऱ्यायो, जस मध्ये **मानव अधिकार तथा सामाजिक न्याय समिति**को कार्यक्षेत्र राष्ट्रिय मानवअधिकार आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय निर्धारण गरिएको पाइन्छ ।

पहिलो संविधान सभा काल (वि.स २०६५-२०६९) मा ८ वटा विषयगत समिति गठन गरिएको थियो । जसमध्ये **महिला, बालबालिका र समाज कल्याण समितिको** रुपमा रहेको पाइन्छ । दोस्रो संविधान सभाको निर्वाचन पश्चात् **महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति** पनि थियो। दोस्रो संविधान सभा कालमा व्यवस्थापिका-संसद नियमावली २०७३, को नियम १७७बमोजिम महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समितिको कार्यक्षेत्र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, स्वास्थ्य मन्त्रालय र राष्ट्रिय महिला आयोग तोकिएको थियो । सो समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली निम्नानुसार रहेको थियो।

**व्यवस्थापिका संसद,**

**महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति**

| क्र.स | माननीय सदस्य | क्र. स | माननीय सदस्य |
|---|---|---|---|
| १ | **माननीय सभापति श्री रन्जु कुमारी झा** | २६ | माननीय श्री बद्री प्रसाद पाण्डे |
| २ | माननीय श्री अग्नी प्रसाद सापकोटा | २७ | माननीय डा. वंशीधर मिश्र |
| ३ | माननीय श्री अनुराधा थापामगर | २८ | माननीय श्री माधवी रानी साह |

| | | | |
|---|---|---|---|
| ४ | माननीय श्री अम्बिका बस्नेत | २९ | माननीय श्री मिथिला चौधरी |
| ५ | माननीय श्री अमेरिका कुमारी | ३० | माननीय श्री मिनाक्षी झा |
| ६ | माननीय थी आनन्दी पन्त | ३१ | माननीय श्री मुक्ता कुमारी यादव |
| ७ | माननीय श्री आशा कोइराला | ३२ | माननीय श्री मैकु लाल वाल्मीकी |
| ८ | माननीय श्री इन्द्रा झा | ३३ | माननीय श्री मोहन कुमार राई |
| ९ | माननीय श्री उर्मिला देवी शाह | ३४ | माननीय श्री यशोदा कुमारी लामा |
| १० | माननीय श्री उषा किरण अन्सारी | ३५ | माननीय श्री रत्त देवी गुरुङ |
| ११ | माननीय श्री कलसा देवी महरा | ३६ | माननीय थी रन्जना श्रेष्ठ |
| १२ | माननीय श्री गणेश मान गुरुङ्ग | ३७ | माननीय श्री रमणी राम |
| १३ | माननीय प्रा.डा.चन्द्र मोहन यादव | ३८ | माननीय श्री राजेन्द्र प्रसाद पाण्डे |
| १४ | माननीय श्री जन्नतुन निसा धुनिया | ३९ | माननीय श्री राधे चन्द्र यादव |
| १५ | माननीय श्री जयन्ती देवी राई | ४० | माननीय श्री राम दुलारी चौधरी |
| १६ | माननीय श्री जय प्रकाश थारु | ४१ | माननीय श्री राम हरि सुवेदी |
| १७ | माननीय श्री जीवन परियार | ४२ | माननीय श्री रिता रावल |
| १८ | माननीय श्री डिल्ली वहादुर चौधरी | ४३ | माननीय श्री रुकमिणी चौधरी |
| १९ | माननीय श्री तेजु लाल चौधरी | ४४ | माननीय श्री लक्ष्मण राजवंशी |
| २० | माननीय श्री दिपशिखा शर्मा ढकाल | ४५ | माननीय श्री वविना मोक्तान लावती |
| २१ | माननीय श्री दुर्गा खुना | ४६ | माननीय श्री शारदा पौडेल |
| २२ | माननीय श्री दुलारी देवी | ४७ | माननीय डा. शेखर कोईराला |
| २३ | माननीय श्री धना पहरी | ४८ | माननीय श्री सिन्धु जलेसा |

| | | | |
|---|---|---|---|
| | | | बुढाथोकी |
| २४ | माननीय श्री धनिराम पौडेल | ४९ | माननीय श्री सुजाता परिया |
| २५ | माननीय श्री निशा कुमारी साह | ५० | माननीय श्री श्रीमाया थकाली |

वि.सं २०७२ असोज ३ गते संविधान जारी भएपश्चात् वि.सं. २०७४ मा भएको निर्वाचनपश्चात् गठित प्रतिनिधि सभाको नियमावली, २०७५ को नियम १७०बमोजिम प्रतिनिधि सभातर्फ **महिला तथा सामाजिक समिति**को गठन गरिएको थियो । उक्त समितिको कार्यक्षेत्रअन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, र मुस्लिम आयोग निर्धारण गरिएको पाइन्छ । उक्त समितिमा देहायबमोजिमका माननीय सदस्यहरु रहनु भएको थियो।

**संघीय संसद,**

**महिला तथा सामाजिक समिति**

| क्र.स | माननीय सदस्य | क्र. स | माननीय सदस्य |
|---|---|---|---|
| १ | **माननीय सभापति - श्री निरु देवी पाल** | १३ | माननीय श्री नरमाया ढकाल |
| २ | माननीय श्री अमृता थापा | १४ | माननीय श्री नारायण प्रसाद खतिवडा |
| ३ | मा श्री कर्मा घले | १५ | माननीय श्री पार्वत गुरुङ्ग |
| ४ | माननीय श्री कलिला खातुन | १६ | माननीय श्री विमला नेपाली |
| ५ | माननीय श्री कुमारी मेचे | १७ | माननीय श्री रानी मण्डल |
| ६ | माननीय श्री कृष्ण बहादुर राई | १८ | माननीय श्री रुहीनाज |
| ७ | माननीय श्री खेम प्रसाद लोहनी | १९ | माननीय श्री लक्ष्मी परियार |
| ८ | माननीय श्री गणेश सिंह ठगुन्ना | २० | माननीय श्री विमला विश्वकर्मा |
| ९ | माननीय श्री गंगा चौधरी (सत्गौवा | २१ | माननीय श्री शिवकुमार मंडल |

| | | | |
|---|---|---|---|
| | | | (केवट) |
| १० | माननीय श्री दुर्ग बहादुर रावत | २२ | माननीय श्री सिताराम महतो |
| ११ | माननीय श्री ध्रुवकुमार शाही | २३ | माननीय श्री सूर्य बहादुर के.सी |
| १२ | माननीय श्री नन्दलाल रोका क्षेत्री | २४ | माननीय श्री हिरा गुरुङ्ग |

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३बमोजिम हाल यस समितिले **महिला तथा समाजिक मामिला समितिको** रुपमा निरन्तरता पाएको छ ।

**समितिको परिचय:**

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरुद्वारा गरिन्छ । संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाइ नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरु मध्येबाट तोकिएका सदस्यहरु रहने गरी विभिन्न संसदीय समितिहरु गठन गरिन्छन् ।

संसदीय समितिले संसदका गतिविधिहरुलाई सरल तथा छिटोछरितो तुल्याउने एवम् सरकारलाई संसदप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा सहजता प्रदान गर्ने हुँदा यसलाई लघु संसद पनि भन्ने गरिन्छ । नेपालको संविधानको धारा ९७ तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ मा १० वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरुमध्ये महिला तथा सामाजिक मामिला समिति प्रतिनिधि सभाको एउटा महत्वपूर्ण समिति हो । समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने व्यवस्था छ । सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था रहेको छ । प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने व्यवस्था छ । तर कुनैपनि मन्त्रीले समितिको सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था छ ।

समितिको बैठक बस्न सम्पूर्ण सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्छ । कुनै पनि निर्णय गर्नका लागि उपस्थित सदस्य सख्याको बहुमत आवश्यक पर्छ ।

सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रतिनिधि सभा नियमावलीको नियम १७३ अनुसार यस समितिको कार्यक्षेत्रअन्तर्गत देहायबमोजिमका मन्त्रालय, आयोग तथा निकायहरु पर्दछन्।

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
- राष्ट्रिय महिला आयोग,
- राष्ट्रिय दलित आयोग,
- राष्ट्रिय समावेशी आयोग,
- आदिवासी जनजाति आयोग,
- मधेशी आयोग,
- थारु आयोग,
- मुस्लिम आयोग,
- सामाजिक सुरक्षा,

○ समावेशिता तथा सीमान्तकृत वर्ग समुदायको हक हितसम्बन्धी विषय र सम्बद्ध विषय तथा निकाय ।

**<u>समितिको गठनः-</u>**

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७२ मा प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रतिनिधि सभाअन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था रहेको छ । प्रतिनिधि सभा नियमावलीको नियम १७५ मा विषयगत समितिमा सभामुखले प्रतिनिधि सभाको सहमति लिई पदेन सदस्यबाहेक बढीमा २७ जना सदस्य

मनोनयन गर्ने व्यवस्था भएबमोजिम २०८० साल वैशाख १५ गतेको प्रतिनिधि सभाको बैठकले समितिको गठन गरेको हो ।

**पदेन सदस्यहरुः**

| क्र.सः | पद,नाम र थर |
|---|---|
| १ | सम्माननीय प्रधानमन्त्री, केपी शर्मा ओली |
| २ | माननीय महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साह सुडी। |

**समिति सदस्यहरूको विवरणः-**

| क्र.सं | नाम,थर | संसदीय दल |
|---|---|---|
| १ | माननीय किरण कुमार साह(सभापति) | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २ | माननीय अस्मा कुमारी चौधरी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ३ | माननीय आशा वि.क. | नेपाली काँग्रेस |
| ४ | माननीय ईश्वर बहादुर रिजाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ५ | माननीय उमरावती देवी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ६ | माननीय कल्पना मियाँ कुसारी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| ७ | माननीय जावेदा खातुन जागा | नेपाली काँग्रेस |
| ८ | माननीय टोप बहादुर रायमाझी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ९ | माननीय धनबहादुर बुढा | ने. क.पा( एकिकृत समाजवादी) |

| | | |
|---|---|---|
| १० | माननीय  बिना देवी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ११ | माननीय  माया राई | नेपाली काँग्रेस |
| १२ | माननीय  रोसन कार्की | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १३ | माननीय  लक्ष्मी तिवारी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १४ | माननीय  विन्दबासिनी कांसकार | राष्ट्रिय स्वतन्त्र पार्टी |
| १५ | माननीय  शान्ती वि.क. | नेपाली काँग्रेस |
| १६ | माननीय  शान्ती श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १७ | माननीय  शोभा ज्ञवाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १८ | माननीय  सरस्वती बजिमय | नेपाली काँग्रेस |
| १९ | माननीय  सिता कुमारी राना | नेपाली काँग्रेस |
| २० | माननीय  सुशिला सिर्पाली ठकुरी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| २१ | माननीय  हर्कमाया विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |

**समितिको सचिवालयः-**

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १९२ मा समितिको सचिवालयसम्बन्धी व्यवस्था रहेको छ । संघीय संसद सचिवालयअन्तर्गत समितिको सचिवालय रहेको छ । प्रतिनिधि सभाको सचिव समितिको पदेन सदस्य हुने प्रावधान रहेको छ भने महासचिवले राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत वा सो श्रेणीका कर्मचारी नपुग भएमा राजपत्राङ्कित द्वितीय श्रेणीको वरिष्ठ अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्ने व्यवस्था रहेको छ ।

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरु

| क्र.सं | नाम, थर | पद |
|---|---|---|
| १ | इन्द्रविलास पौडेल | सहसचिव/ समिति सचिव |
| २ | नारायणप्रसाद ढकाल | उपसचिव |
| ३ | बिमला रावल | शाखा अधिकृत |
| ४ | विशाल अर्याल | नायब सुब्बा |
| ५ | विन्दा कुमारी भट्टराई | कार्यालय सहयोगी |

## समितिको काम, कर्तव्य र अधिकारः

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ मा उल्लेख भएबमोजिम यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् ।

- समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सोसम्बन्धी प्रतिवेदन पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्ययसम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के-कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

- मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- सभाद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग वा समिति र जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाई गर्ने,
- सम्बद्ध मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- कानून कार्यान्वयनको मापनसम्बन्धी कार्य गर्ने,
- कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन दिने,
- समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सोको प्रतिवेदन सभामा पेश गर्ने,
- बैठकले सुम्पेको अन्य काम गर्ने,
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

**समितिले गरेका मुख्य निर्णय/निर्देशनहरुः**

| क्र. स. | निर्णय/निर्देशन | सम्बन्धित मन्त्रालय/ आयोग |
|---|---|---|
| १ | आरती साहको हत्या र पीडितपक्षमाथि प्रहरी कार्यालय धनुषाबाट भएको यातना सम्वन्धमा मिति २०८०/०५/२७ गते परेको उजुरी उपर गृह मन्त्रालयसँग छलफलपश्चात् पीडितको मागबमोजिम घटनाको गम्भीररुपमा छानविन गर्न, यातना दिने जिल्ला प्रहरी कार्यालय धनुषाका एस.पी. र डि.एस.पी. लगायतलाई यथाशीघ्र निलम्बन गरी कारवाही प्रक्रिया अगाडि बढाउन, जिल्ला प्रहरी कार्यालय धनुषामा पीडित पक्षबाट दिएको जाहेरी दर्ता गर्न तथा धर्नामा बसिरहेका यातना पीडितलाई सुरक्षाको व्यवस्थासहित घर पठाउने व्यवस्था गर्न निर्देशन | गृह मन्त्रालय |
| २ | राष्ट्रिय महिला आयोगबाट उजुरी सुनुवाइ नभएकोभनी मिति २०८०/०५/२५ मा निवेदक सविता देवी नायकले दिएको घरेलु हिंसासम्बन्धी उजुरीमाथि राष्ट्रिय महिला आयोग र पीडितसँग छलफलको क्रममा महिला आयोगबाट समितिसमक्ष उक्त उजुरीको सम्बन्धमा अनुसन्धान कार्य अगाडि बढिरहेको भनी स्पष्ट पारिएकोले सो उजुरी सम्बन्धमा थप अनुसन्धान गर्न, पीडित पक्षलाई न्याय दिन र दोषी उपर कारवाही गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्न तथा सो को जानकारी समितिसमक्ष उपलब्ध गराउन निर्देशन, | राष्ट्रिय महिला आयोग |
| ३ | हाल देशका ८ वटा बाल सुधार गृहमा राखिएका ११६५ बालबिज्याँईकर्तामध्ये ४७२ जना १८ वर्षभन्दा माथि उमेर समूहका रहेको देखियो । १८ वर्ष माथिका व्यक्तिलाई पनि बालबालिकासँगै राखिएको देखियो, छुट्याएर राखिएको देखिएन । पछिल्लो समयमा | नेपाल सरकार, महिला, बालबालिका |

| | | |
|---|---|---|
| | भक्तपुर, वीरगञ्ज र बाँकेका बाल सुधार गृहहरुमा विभिन्न मितिमा झडप हुँदा केही बालबालिका घाइते भए भने घाइते भएकामध्ये रुपन्देहीका २१ वर्षीय सुलभ के.सी. को उपचारको क्रममा मृत्युसमेत भएको थियो । बाल सुधार गृहहरुमा भएको तोडफोड र झडप सम्बन्धमा यस समितिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय तथा कारागार व्यवस्थापन विभागका प्रतिनिधिहरुसँग छलफल गर्दा १८ बर्षभन्दा माथि उमेर समूहका व्यक्तिलाई बाल सुधार गृहहरुमा राख्न उपयुक्त नहुने र विद्यमान कानूनमा नै संशोधन गर्नुपर्ने सुझाव आयो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ (४) मा बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी रहेको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी व्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्ने व्यवस्था रहेको छ । तत्काल कानूनमा संशोधन नभएसम्मका लागि १८ बर्षभन्दा माथि उमेर समूहका बालबिज्याँईकर्ताहरुलाई बाल सुधार गृहहरु भित्रै छुट्टै राख्ने व्यवस्था मिलाउन निर्देशन । | तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| ४ | बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ (४) मा बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी रहेको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी व्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्ने व्यवस्था रहेको छ । बाल सुधार गृहहरुमा भएको तोडफोड र झडप सम्बन्धमा यस समितिले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय तथा कारागार व्यवस्थापन विभागका प्रतिनिधिहरुसँग छलफल गर्दा १८ | नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानुन न्याय तथा संसदीय |

| | | |
|---|---|---|
| | वर्षभन्दा माथि उमेर समूहका व्यक्तिलाई बाल सुधार गृहहरुमा राख्न उपयुक्त नहुने र विद्यमान कानूनमा नै संशोधन गर्नुपर्ने सुझाव आएको सन्दर्भमा जुनसुकै उमेर समूहको बालबालिका भए पनि निज बाल सुधार गृहमा रही रहेकै अवस्थामा अठार वर्ष उमेर पूरा भएमा निजलाई सामान्य कारागारमै बाँकी कैद वा सजाय भुक्तान गर्न चलान गर्ने कानुनी व्यवस्था गर्न तत् तत् कानुनी व्यवस्थामा संशोधन प्रक्रिया अगाडि बढाउन निर्देशन । | मामिला मन्त्रालय |
| ५ | सविता नायकको उजूरी सम्बन्धमा राष्ट्रिय महिला आयोगलाई यस समितिबाट मिति २०८०/०६/०४ भएको निर्देशनबमोजिम राष्ट्रिय महिला आयोगले स्थलगत अनुगमन गरी समितिसमक्ष बुझाएको प्रतिवेदनमाथि छलफल भएको थियो । छलफल पश्चात् उक्त प्रतिवेदनमा पीडक पक्षको मात्र अनुसन्धान भएको देखियो । पीडक पक्ष, पीडित पक्ष र नाबालिग छोराछोरीसँगै राखेर अनुसन्धान नभएको भन्ने यो समितिको निष्कर्ष आयो । त्यसैले पुनः सबै पक्षसँगै राखेर स्थलगत अनुगमन पश्चात् प्रतिवेदन पेश गर्न निर्देशन। | राष्ट्रिय महिला आयोग |
| ६ | नेपालको संविधान भाग ३ धारा २६ धार्मिक स्वतन्त्रताको हक सम्वन्धी व्यवस्था अन्तर्गत उपधारा १ मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने व्यवस्था छ । त्यसैगरी उपधारा ३ मा यस्तो हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ भन्ने व्यवस्था छ ।उक्त व्यवस्थाको प्रतिकूल हुने गरी हाल मुलुकका कतिपय स्थानमा अन्तर जातीय, अन्तर भाषिक, अन्तर धार्मिक, अन्तर साँस्कृतिक विवाद, कलह एवं हिंसाका घटना पनि घटिरहेको अवस्थाले धार्मिक, भाषिक, जातीय लगायतका विषयमा नेपाली | **आयोगहरु** |

| | | |
|---|---|---|
| | समुदायको भावनामा नकारात्मक असर परिरहेको देखिएको छ । यसै सन्दर्भमा अन्तर जातीय, अन्तर भाषिक, अन्तर धार्मिक, अन्तर साँस्कृतिक सहिष्णुता प्रवर्द्धनमा आयोगहरुले खेलेको भूमिका सम्बन्धमा आयोगका माननीय अध्यक्ष तथा सचिवहरुसँग छलफल गरियो र सहिष्णुता प्रवर्द्धनमा थप पहल गर्न समितिबाट आयोगलाई सुझाव भएको थियो । | |
| ७ | • संयुक्त राष्ट्र संघीय महिलाविरुद्ध हुने भेदभाव उन्मूलन समिति (UN CEDAW Committee) ले नेपालको सातौं आवधिक प्रतिवेदन माथि दिएको List of Issues ले उठाएका विषयहरुका सम्बन्धमा सकारात्मक पहल कदमी गरी तोकिएको समयावधिभित्रै लिखित जवाफ पठाउन निर्देशन,<br>• List of Issues तथा उक्त दस्तावेजमा उठाएको लैङ्गिक हिंसासम्बन्धी छाता कानुन (Umbrella Act) र दीर्घकालीन रणनीति निर्माण सम्बन्धमा आवश्यक पहल गर्न निर्देशन,<br>• पालेर्मो प्रोटोकल (Palermo Protocol) को कार्यान्वयन विस्तृत कार्ययोजना तयार गर्न र मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ मा परिभाषा लगायत पालेर्मो प्रोटोकल अनुसार आवश्यक संशोधन गर्ने विधेयक यथाशीघ्र संसदमा पेश गर्न निर्देशन, | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| ८ | "तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी अनुहार लगायत शरीरका अन्य अङ्गहरुमा क्षति पुऱ्याएको/कुरुप पारेको समेतका अपराधमा पीडित भएका व्यक्तिलाई तत्कालै औषधी उपचार गर्नुपर्ने भएकोले अस्पतालको बिलबमोजिमको खर्च भुक्तानी गर्ने व्यवस्था मिलाउन, अदालतबाट फैसला हुँदाका बखत तोकिएको रकम र फैसला पश्चात निजले उक्त तेजावसँग सम्वन्धित विषयमा उपचार गर्दा लाग्ने खर्च र क्षतिपूर्ति सम्बन्धित मन्त्रालयले मन्त्रिपरिषदमा पेश गरी निर्णय गर्नुपर्ने भए सो समेत गरी अपराध पीडित क्षतिपूर्ति राहत कोषबाट प्राप्त गर्ने गरी व्यवस्था गर्न, पीडितको निवेदन आएको ३५ दिन भित्र खर्च भएका | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |

| | | |
|---|---|---|
| | रकम र क्षतिपूर्ति उपलव्ध गराउन र सोको जानकारी समितिलाई गराउन निर्देशन ।" | |

**समितिद्वारा गठन गरिएका उपसमितिहरु:**

मिति २०८० साल माघ २३ गते देहायबमोजिमको माननीय सदस्यहरु रहेको आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपसमिति गठन गरिएको थियो ।

**वार्षिक प्रतिवेदन तयारी उपसमिति**

**गठन मितिः२०८०/१०/२३**

| क्र.स. | नाम |
|---|---|
| १ | माननीय रोसन कार्की - संयोजक |
| २ | माननीय कल्पना मिँया कुसारी - सदस्य |
| ३ | माननीय लक्ष्मी तिवारी - सदस्य |
| ४ | माननीय शोमा ज्ञवाली - सदस्य |
| ५ | माननीय सिता कुमारी राना - सदस्य |

मिति २०८१ साल भदौ ५ गते देहायबमोजिमका माननीय सदस्यहरु रहने गरी आ. व. २०८०/०८१ को वार्षिक प्रतिवेदन तयारी उपसमिति र समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मुल्याङकन उपसमिति गठन भई हालसम्म क्रियाशील अवस्थामा रहेका छन्।

## वार्षिक प्रतिवेदन तयारी उपसमिति

## गठन मितिः २०८१/०५/०५

| क्र.सं | नाम, थर |
|---|---|
| १ | माननीय सुशिला सिर्पाली ठकुरी - संयोजक |
| २ | माननीय ईश्वर बहादुर रिजाल - सदस्य |
| ३ | माननीय विन्दबासिनी कांसकार - सदस्य |
| ४ | माननीय शान्ती श्रेष्ठ - सदस्य |
| ५ | माननीय सरस्वती बजिमय - सदस्य |

## समितिको निर्देशन कार्यान्वयन अध्ययन तथा मुल्याङकन उपसमिति

## गठन मितिः २०८१/०५/०५

| क्र.सं | नाम, थर |
|---|---|
| १ | माननीय शोभा ज्ञवाली - संयोजक |
| २ | माननीय कल्पना मियाँ कुसारी - सदस्य |
| ३ | माननीय जावेदा खातुन जागा - सदस्य |
| ४ | माननीय बिना देवी - सदस्य |
| ५ | माननीय लक्ष्मी तिवारी - सदस्य |

**<u>समितिबाट भएका स्थलगत अनुगमनः</u>**

महिला तथा सामाजिक मामिला समितिको मिति २०८०/०७/१५ को निर्णय अनुसार समितिका ५ जना माननीय सदस्यहरु लगायतको समूहद्वारा वि.सं. २०८० साल कार्तिक

२१ देखि २४ सम्म ४ जिल्लाहरु (बारा, पर्सा, रौतहट र मकवानपुर) मा रहेका बाल सुधार गृह, बाल आश्रम, वृद्धाश्रम तथा लैङ्गिक हिंसाका आश्रय स्थल (Shelter Homes) हरुको स्थलगत अनुगमन कार्यक्रम सम्पन्न भएको थियो । उक्त स्थलगत अनुगमनमा देहायबमोजिमका माननीयहरुको उपस्थिति रहेको थियो।

१. माननीय किरण कुमार साह – सभापति,
२. माननीय कल्पना मियाँ कुसारी - सदस्य,
३. माननीय जावेदा खातुन जागा - सदस्य,
४. माननीय शान्ती श्रेष्ठ - सदस्य,
५. माननीय सिता कुमारी राना - सदस्य

महिला तथा सामाजिक मामिला समितिको मिति २०८०/०७/१५ को निर्णय अनुसार समितिका ५ जना माननीय सदस्यहरु लगायतको समूहद्वारा वि.सं. २०८० साल पुष २ देखि ४ गतेसम्म ३ जिल्लाहरु (कस्की, तनहुँ र पर्वत) मा रहेका बाल सुधार गृह, बाल आश्रम, वृद्धाश्रम तथा लैङ्गिक हिंसाका आश्रय स्थल (Shelter Homes) हरुको स्थलगत अनुगमन कार्यक्रम सम्पन्न भएको थियो । उक्त स्थलगत अनुगमनमा देहायबमोजिमका माननीयहरुको उपस्थिति रहेको थियोः

१. माननीय किरण कुमार साह – सभापति,
२. माननीय आशा बि. क. - सदस्य,
३. माननीय जावेदा खातुन जागा - सदस्य,
४. माननीय उमरावती - सदस्य,
५. माननीय बिना देवी - सदस्य,

महिला तथा सामाजिक मामिला समितिको मिति २०८०/०७/१५ को निर्णय अनुसार समितिका ६ जना माननीय सदस्यहरु लगायतको समूहद्वारा वि.सं. २०८१ साल बैशाख २५ देखि २८ सम्म पूर्वी तराईका ४ जिल्लाहरु (सुनसरी, झापा, मोरङ्ग र इलाम) मा

रहेका बाल सुधार गृह, बाल आश्रम, वृद्धाश्रम तथा लैंङ्गिक हिंसाका आश्रय स्थल (Shelter Homes) हरुको स्थलगत अनुगमन कार्यक्रम सम्पन्न भएको थियो । उक्त स्थलगत अनुगमनमा देहायबमोजिमका माननीयहरुको उपस्थिति रहेको थियोः

१. माननीय किरण कुमार साह — सभापति,
२. माननीय अस्मा कुमारी चौधरी - सदस्य,
३. माननीय लक्ष्मी तिवारी - सदस्य,
४. माननीय विन्दबासिनी कंसाकार - सदस्य,
५. माननीय शोभा ज्ञवाली - सदस्य,
६. माननीय हर्कमाया विश्वकर्मा - सदस्य,

यस समितिबाट माननीय सभापति श्री किरण कुमार साहको नेतृत्वमा मिति २०८१/०८/२० गते रौतहट जिल्लामा सामाजिक कुप्रथा (बोक्सी, दाइजो आदि) सम्बन्धमा सार्वजनिक सुनुवाइ कार्यक्रम भएको थियो । उक्त सार्वजनिक सुनुवाइ कार्यक्रममा देहायबमोजिमको सहभागीहरुको उपस्थिति रहेको थियो।

१. माननीय किरण कुमार साह — सभापति,
२. माननीय जावेदा खातुन जागा - सदस्य,
३. माननीय बिना देवी - सदस्य,
४. माननीय विन्दबासिनी कंसाकार - सदस्य,
५. माननीय शान्ती श्रेष्ठ - सदस्य,
६. माननीय सुशिला सिर्पाली ठकुरी - सदस्य,

महिला तथा सामाजिक मामिला समितिको मिति २०८१/०९/०४ को निर्णय अनुसार माननीय सभापति श्री किरण कुमार साहको नेतृत्वमा देहायका सदस्य र कर्मचारीहरुको टोलीद्वारा मिति २०८१/०९/१० गतेदेखि १३ गतेसम्म रुपन्देही, कपिलवस्तु, पाल्पा, स्याङ्जा लगायतका जिल्लामा रहेका बाल सुधार गृह, बाल आश्रम, वृद्धाश्रम तथा लैंङ्गिक

हिंसाका आश्रय स्थल (Shelter Homes), स्थानीय न्यायिक समितिहरुको स्थलगत अनुगमन कार्यक्रम सम्पन्न भएको थियोः

१. माननीय किरण कुमार साह - सभापति
२. माननीय ईश्वर बहादुर रिजाल - सदस्य,
३. माननीय उमरावती देवी - सदस्य,
४. माननीय बिना देवी - सदस्य,
५. माननीय विन्दबासिनी कंसाकार - सदस्य
६. माननीय सुशिला सिर्पाली ठकुरी - सदस्य

## ३.१.२ कर्मचारी प्रशासन शाखाको परिचय

### १. परिचय

कुनै पनि संस्थाको प्रशासनिक कार्यहरू व्यवस्थित गर्न जिम्मेवार शाखा हो, प्रशासन शाखा। कार्यालयको निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि महत्त्वपूर्ण स्रोतको रूपमा उक्त कार्यालयमा कार्यरत कर्मचारीहरु रहेका हुन्छन्। कर्मचारीहरूको मेहनत तथा लगनशिलता स्वरूप संस्था गतिशील र जीवन्त रहन्छ।कार्यालयको मानव पूँजीको रूपमा रहेका कर्मचारीहरूको प्रभावकारी रुपमा परिचालन तथा व्यवस्थापनका निम्ति स्थापित महत्त्वपूर्ण शाखाको रुपमा कर्मचारी प्रशासन शाखाले कार्य गर्दै आएको छ। राज्यले हरेक नागरिकको Womb to Tomb सम्मका विषयहरूको सम्बोधन गर्नका लागि प्रशासन संयन्त्रको निर्माण गरेजस्तै समग्र कार्यालयका प्रशासनिक गतिविधि तथा कार्यालय भित्रका कर्मचारीसँग सम्बन्धित विषयहरूको सम्बन्धमा आवश्यक कार्यवाहीका निम्ति कर्मचारी प्रशासन शाखाको स्थापना गरिएको हुन्छ।

संघीय संसद सचिवालयको प्रशासन महाशाखाको मातहतमा सचिवालयका कर्मचारीहरूको आवश्यक व्यवस्थापन, प्रशासनिक अभिलेख तथा सूचनाको संरक्षण र भण्डारण र सेवा प्रवाहका लागि कर्मचारी प्रशासन शाखाको प्रमुख भूमिका रहेको हुन्छ। यस शाखाले

सचिवालयका कर्मचारीहरूको विवरण अद्यावधिक गर्ने, अभिलेख राख्ने, कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, सेवा सुविधा अनुशासन र अवकाश सम्मका कार्यहरू गर्ने गर्दछ ।

## २. शाखाको संगठन संरचना/दरबन्दी विवरण




## ३. शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू

संघीय संसद सचिवालय कर्मचारी प्रशासन शाखाले नियमित तथा आकस्मिक रुपमा देहायका कार्यहरु सम्पादन गर्दै आएको छः-

- संघीय संसद सेवाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।
- कर्मचारी प्रशासन प्रणालीमा सुधार ल्याउने सम्बन्धमा अपनाउनु पर्ने नीति, नियम आदिको तर्जुमा गरी महाशाखा समक्ष पेश गर्ने ।

- सेवा अन्तर्गतका सेवा समूहको रिक्त पदहरुमा बढुवा तथा खुल्लाबाट पद पूर्ति गर्न लोक सेवा आयोगमा माग पठाउन पेश भएका विषयहरुमा राय ठहर सहित पेश गर्ने ।
- कर्मचारीहरुको विस्तृत नोकरी विवरण तथा अन्य अभिलेखहरु अद्यावधिक राख्ने ।
- सेवाभित्र बढुवा हुने सबै संभाव्य उम्मेदवारको सूची तयार गरी राख्ने ।
- कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहन पुरस्कार, वृत्ति विकास, विभागिय सजाय आदि सम्बन्धमा गरिने कारवाहीको राय ठहर साथ निर्णयको लागि महाशाखा समक्ष पेश गर्ने ।
- कर्मचारी प्रशासन सम्बन्धी निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
- कर्मचारीहरुको हाजिरी अभिलेख र विदा, सम्पत्ती विवरण सम्बन्धी काम गर्ने गराउने ।
- कर्मचारीहरुको परिचय पत्रको व्यवस्था गर्ने ।
- कर्मचारीहरुको आन्तरिक खटनपटन र कर्मचारी उपलब्ध गराई दिने सम्बन्धी काम गर्ने ।
- कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मर्यादापालन तथा सुरक्षा समन्वय सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।
- भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत तथा संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- शाखाका भौतिक सामाग्रीहरुको उचित संरक्षण सम्बन्धी कार्य गर्ने ।
- शाखाका सूचना तथा अभिलेखीकरण गरिनु पर्ने कागजातहरु सूचना तथा अभिलेख व्यवस्थापन शाखालाई नियमित रुपमा उपलब्ध गराउने ।
- शाखाको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।
- बढुवा समिति लगायत संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमायवली, २०६५ मा व्यवस्था भएका विभिन्न समितिहरुको सचिवालयको रुपमा कार्य गर्ने ।
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ४. संघीय संसद सेवा दिवस

संसद सेवा स्वायत्त सेवा भएको दिनको स्मरणमा वि.सं. २०६५ देखि प्रत्येक वर्ष मङ्सिर २८ गते "संसद सेवा दिवस" मनाउने र सो दिवस मनाउने क्रममा संसद सेवा दिवस मूल समारोह समिति गठन भई विभिन्न कार्यक्रमको आयोजना गर्ने प्रचलन रही आएको छ। यो सेवा अन्य सेवाभन्दा विशेष र भिन्न कार्यप्रकृतिको भएकाले छुट्टै सेवाको रूपमा संसद सेवाको परिकल्पना गरिएको र सोही बमोजिम यस सेवाको स्थापना भएको हो। प्रत्येक वर्ष सचिवालय सचिव (प्रशासन) को संयोजकत्वमा संसद सेवा दिवस मूल समारोह समिति गठन भई सो अवसरमा विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरू समेत सञ्चालन गरी उत्कृष्ट हुने कर्मचारीहरूलाई पुरस्कृत गर्ने, संघीय संसद सेवामा पच्चीस वर्ष पूरा गरेका कर्मचारीहरूको योगदानको कदर स्वरुप संसद सेवा दिवसको अवसरमा दीर्घ सेवा पदक प्रदान गर्ने, संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली,२०६५ को नियम ११३ बमोजिमको संघीय संसद सेवा पुरस्कार प्रदान गर्ने लगायतका कार्यहरु गर्ने प्रचलन रही आएको सन्दर्भमा समितिको सचिवालयको रूपमा कर्मचारी प्रशासन शाखाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

यसै सन्दर्भमा विसं २०८१ साल मंसीर २८ गते मनाइएको १८ औं संघीय संसद सेवा दिवसको अवसरमा संघीय संसद सेवा दिवस मूल समारोह समिति, २०८१ र सो समिति अन्तर्गत विभिन्न उपसमितिहरु गठन भई विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए। उक्त समिति र उपसमितिहरु देहायबमोजिम रहेका छन् :-

### संघीय संसद सेवा दिवस मूल समारोह समिति, २०८१

| क्र.सं. | सदस्यहरूको नामावली | पद |
|---|---|---|
| १. | डा. रोजनाथ पाण्डे, सचिवालय सचिव (प्रशासन) | संयोजक |
| २. | श्री सुरज कुमार दुरा, सहसचिव | सदस्य |

| क्र.सं. | सदस्यहरूको नामावली | पद |
|---|---|---|
| ३. | श्री मनोजकुमार गिरी, सहसचिव | सदस्य |
| ४. | श्री हृदयराम महर्जन, सहसचिव | सदस्य |
| ५. | श्री लक्ष्मी प्रसाद गौतम, सहसचिव (कानून) | सदस्य |
| ६. | श्री निर्मलादेवी लामिछाने (वस्ती), सहसचिव | सदस्य |
| ७. | श्री एकराम गिरी, सहसचिव | सदस्य |
| ८. | श्री सीता काफ्ले (वाग्ले), सहसचिव | सदस्य |
| ९. | श्री इन्द्रविलाश पौडेल, सहसचिव | सदस्य |
| १०. | श्री भोजराज पौडेल, प्रमुख लेखा नियन्त्रक | सदस्य |
| ११. | श्री गोविन्दप्रसाद वेल्वासे (जैसी), अध्यक्ष, संघीय संसद सचिवालय कर्मचारी युनियन | सदस्य |
| १२. | श्री बविता मिश्र, सहसचिव | सदस्य-सचिव |

**संघीय संसद सेवा दिवस २०८१ को अवसरमा गठित उपसमितिहरुः**

**क.** पुजा तथा सरसफाई कार्यक्रम उपसमिति

**ख.** अन्तरक्रिया कार्यक्रम उपसमिति

**ग.** मैत्रिपूर्ण फुटसल प्रतियोगिता उपसमिति

**घ.** ट्यालेन्ट शो व्यवस्थापन उपसमिति

**ङ.** रक्तदान कार्यक्रम व्यवस्थापन उपसमिति

**च.** हाजिरीजवाफ कार्यक्रम व्यवस्थापन उपसमिति

**छ.** का.स./ड्राइभर/बगैचें/मालीहरुको कार्यक्षमता मूल्यांकन उपसमिति

**ज.** मूल समारोह सञ्चालन तथा व्यवस्थापन उपसमिति

## ५. संघीय संसद सेवा दिवस, २०८१ का अवसरमा सञ्चालित कार्यक्रमहरु

२०८१ मंसिर २८ गते भएको संघीय संसद सेवा दिवस, २०८१ लाई भव्यताका साथ सम्पन्न गर्ने सन्दर्भमा देहाय बमोजिमका कार्यक्रमहरु देहायको मितिमा सञ्चालन भएका थिएः-

| क.सं. | कार्यक्रम | कार्यक्रम संयोजक | कार्यक्रम भएको मिति |
|---|---|---|---|
| १. | पुजा तथा सरसफाई कार्यक्रम | सहसचिव श्री सुरज कुमार दुरा | २०८१/०८/२१ |
| २. | अन्तरक्रिया कार्यक्रम | सहसचिव श्री सीता काफ्ले वाग्ले | २०८१/०८/२३ |
| ३. | ट्यालेन्ट शो | सहसचिव श्री निर्मलादेवी लामिछाने (वस्ती) | २०८१/०८/२४ |
| ४. | मैत्रिपूर्ण फुटसल प्रतियोगिता | सहसचिव श्री एकराम गिरी | २०८१/०८/२५ र २६ |
| ५. | रक्तदान कार्यक्रम | सहसचिव श्री हृदयराम महर्जन | २०८१/०८/२७ |
| ६. | हाजिरीजवाफ कार्यक्रम | सहसचिव श्री इन्द्र विलास पौडेल | २०८१/०८/२७ |
| ७. | का.स./ड्राइभर/बगैचें/मालीहरुको कार्यक्षमता मूल्यांकन | सहसचिव श्री लक्ष्मी प्रसाद गौतम | |
| ८. | स्मारिका प्रकाशन | सहसचिव श्री मनोजकुमार गिरी | |

| | | | |
|---|---|---|---|
| ९. | मूल समारोह व्यवस्थापन उपसमिति | सहसचिव श्री बविता मिश्र | २०८१/०८/२८ |

## ६. संघीय संसद सेवा पुरस्कार

संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ११३ बमोजिम आ.व. २०६४/२०६५ देखि प्रत्येक संसद सेवा दिवसको अवसर (मङ्सिर २८) मा संसद सेवा पुरस्कार सिफारिस समितिद्वारा सिफारिस गरिएका कर्मचारीलाई निजले गरेको उत्कृष्ट कार्यको लागि सर्वोत्कृष्ट संघीय संसद सेवा पुरस्कार एक जनालाई, उत्कृष्ट संघीय संसद सेवा पुरस्कार एक जनालाई र संघीय संसद सेवा पुरस्कार दुई जनालाई प्रदान गर्दै आइएको छ। हालसम्म संसद सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरूको विवरण देहाय बमोजिम रहेको छः-

| क्र.सं. | आर्थिक वर्ष | सर्वोत्कृष्ट संघीय संसद सेवा पुरस्कार | उत्कृष्ट संघीय संसद सेवा पुरस्कार | संघीय संसद सेवा पुरस्कार | |
|---|---|---|---|---|---|
| १. | २०६४/२०६५ | का.स. श्री डल्ले गुरुङ | ह.स.चा. श्री मचाकाजी डंगोल | प्रा.अ. श्री जगदीश्वरलाल श्रेष्ठ | का.स.(माली) श्री विन्दाकुमारी भट्टराई |
| २. | २०६५/२०६६ | का.स. श्री इन्द्र बहादुर खड्गी | शा.अ. श्री भवानी घिमिरे | ह.स.चा.श्री श्रीराम थापा मगर | का.स.(माली) श्री हरिप्रसाद अधिकारी |
| ३. | २०६६/२०६७ | का.स. श्री गणेश भट्ट | ह.स.चा. श्री इन्द्रबहादुर | शा.अ. श्री रत्नबहादुर | लेखापाल श्री हरिप्रसाद काफ्ले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पौडेल | मानन्धर | |
| ४. | २०६७/२०६८ | का.स. श्री गोपालबहादुर घर्ती | का.स. (कुचिकार) श्री चन्द्रकुमारी पोडे | उ.स. श्री हिराकाजी तण्डुकार | क. अपरेटर श्री सुरेश राज सेढाइ |
| ५. | २०६८/२०६९ | का.स. श्री लक्ष्मीप्रसाद गिरी | शा.अ. श्री मणिराम खनाल | ना.सु. श्री लालबहादुर चौहान | ह.स.चा. श्री राजभाई महर्जन |
| ६. | २०६९/२०७० | का.स. श्री रामशरण वानियाँ | का.स. श्री निसावु राजवंशी | टा.ना.सु. श्री सानुकाजी व्यञ्जनकार | उ.स. श्री आनन्द प्रसाद अधिकारी |
| ७. | २०७०/२०७१ | शा.अ. श्री रेखा उपाध्याय खनाल | ओभरसियर श्री केशवराज भट्टराई | ह.स.चा. श्री सानुकाजी महर्जन | ह.स.चा. श्री राजेन्द्र महर्जन |
| ८. | २०७१/२०७२ | शा.अ. श्री राजन घिमिरे | ह.स.चा. श्री राजाराम थापा | उ.स. श्री सुदर्शन कुईंकेल | का.स. श्री शिवहरी अधिकारी |
| ९. | २०७२/२०७३ | का.स. (माली) श्री नानीमैया धमनिया | का.स. श्री मदन गिरी | ह.स.चा. श्री नृपध्वज वस्नेत | ह.स.चा. श्री राजकुमार थापा |
| १०. | २०७३/२०७४ | उ.स. श्री अधिराज | रेकर्डिङ्ग अपरेटर श्री | ओभरसियर श्री नीलम | ह.स.चा. श्री रामनारायण महर्जन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | राई | कुबेर के.सी. | शाह | |
| ११. | २०७४/२०७५ | उ.स. श्री सीता काफ्ले वाग्ले | का.स. (रा.प.अनं.पाचौं) श्री गोबिन्दबहादुर भण्डारी | का.स. (रा.प.अनं.पाचौं) श्री केशव न्यौपाने | का.स.(पाचौं) श्री श्रीराम तिवारी |
| १२. | २०७५/२०७६ | उ.स. श्री दशरथ धमला | ना.सु. श्री रेणुका सुवेदी | सि.प्रे.टे. श्री गम्भीरमान सिंह | का.स.(रा.प.अनं.पाँचौं) श्री जंगबहादुर मगर |
| १३. | २०७६/२०७७ | उ.स. श्री कमला शाक्य | क.अ. श्री जगदिश न्यौपाने | ह.स.चा. श्री श्रीकृष्ण रानामगर | माली (पाँचौ) श्री बालकृष्ण न्यौपाने |
| १४. | २०७७/२०७८ | उ.स. श्री रामकुमार पौडेल | शा.अ. श्री दीपाकुमारी दुलाल | सि.प्रे.टे. श्री राजेन्द्रप्रसाद लामिछाने | बैठके (रा.प.अनं.पाँचौ) श्री श्रीजन खनाल |
| १५. | २०७८/२०७९ | उ.स. श्री सिर्जना बराल | शा.अ. श्री बाबुराम बस्याल | खरिदार श्री चन्द्रप्रसाद ढुङ्गाना | माली (पाँचौ) श्री चन्द्र बहादुर नगरकोटी |
| १६. | २०७९/२०८० | उ.स. श्री गोपाल सिग्देल | शा.अ. श्री जीवनकुमार निरौला | सि.प्रे.टे. श्री प्रेमबहादुर चन्द | ना.सु श्री चन्द्रा पौडेल |
| १७. | २०८०/२०८१ | उ.स. श्री ओमबहादुर कार्की | कम्प्युटर प्रोग्रामर श्री करन बहादुर भाट | ह.स.चा. श्री शंकर भण्डारी | का.स.(माली) श्री विन्दाकुमारी भट्टराई |

## ७. श्रेणीविहीन कर्मचारीहरुको कार्यक्षमता मूल्याङ्कनको आधारमा प्रदान गरिने पुरस्कार

आर्थिक वर्ष २०७६/०७७ देखि यस सचिवालयमा कार्यरत श्रेणीविहीन कर्मचारीहरू (कार्यालय सहयोगी, हलुका सवारी चालक, माली र कुचिकार) मध्ये कार्यक्षमता मूल्याङ्कनका आधारमा उत्कृष्ट हुने कर्मचारीहरुलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्ने गरिदै आएको छ। हालसम्म उक्त पुरस्कार प्राप्त कर्मचारीहरूको विवरण देहाय बमोजिम रहेको छः-

| क्र.सं. | आर्थिक वर्ष | कर्मचारीको नाम, थर | कैफियत |
|---|---|---|---|
| १. | २०७६/२०७७ | ह.स.चा. (पाँचौं) श्री तीर्थराम डंगोल<br>कुचिकार (पाँचौं) श्री बनदेवी पोडे<br>का.स. (पाँचौं) श्री राजबहादुर बस्नेत<br>माली (पाँचौं) श्री बालकृष्ण न्यौपाने<br>का.स. श्री सीता चनारा श्रेष्ठ<br>का.स. श्री सलमा पुन | |
| २. | २०७७/२०७८ | का.स. श्री बसन्त गिरी<br>का.स. श्री पूर्णसिंह गुरुङ<br>का.स. श्री कमला तिम्सिना | |
| ३. | २०७८/२०७९ | कुचिकार (पाँचौं) श्री विजय नेपाली<br>माली (पाँचौं) श्री हरिप्रसाद अधिकारी<br>ह.स.चा. श्री मोहन कृष्ण नेपाली<br>का.स. श्री रमेशराज गिरी<br>का.स. श्री सीता जि.सी. | |

| | | | |
|---|---|---|---|
| ४. | २०७९/२०८० | कुचिकार (पाँचौं) श्री सानुदेवी पोडे<br>ह.स.चा. श्री नुर बहादुर खड्का<br>कास. श्री नारायण कार्की<br>का.स. श्री इन्दिरा कुमारी चौलागाईं<br>माली श्री मिना थारू | |
| ५. | २०८०/२०८१ | ह.स.चा. (पाँचौ) श्री भरत सिंह लामा<br>का.स. (रा.प. अनं. पाँचौ) श्री हरिप्रसाद अर्याल<br>का.स. श्री देवित्रा राई<br>का.स. श्री बसन्त गिरी | |

### ३.१.३ संसदीय अध्ययन तथा अनुसन्धान शाखाको परिचय

संसदीय गतिविधिहरुको अध्ययन र अनुसन्धान गर्ने गराउने कार्यमा संसदीय अध्ययन तथा अनुसन्धान महाशाखालाई आवश्यक सहयोग पुऱ्याउनका लागि संसदीय अध्ययन तथा अनुसन्धान शाखाको गठन भएको हो। यस शाखाले संसदीय गतिविधिहरूको अध्ययन तथा अनुसन्धानसँगै संसदीय प्रक्रिया र अभ्यासहरूको सुधारका लागि निरन्तर काम गर्दै आएको छ।

**स्थापनाको उद्देश्य**

संसदको कार्यप्रणाली र प्रक्रियालाई प्रभावकारी बनाउने, संसदीय गतिविधिहरूको प्रचार प्रसार र समुचित प्रकाशनमा सहयोग पुऱ्याउने, र संसदीय अभ्यास र विधायिकासम्बन्धी जानकारीको संकलन र प्रसारलाई सुनिश्चित गर्ने उद्देश्यले शाखाको स्थापना भएको हो। शाखाको कार्यले सांसद र संसदीय पदाधिकारीलाई कानूनी र प्रक्रियागत जानकारी प्रदान गर्न, तुलनात्मक अध्ययनमार्फत अन्य मुलुकहरूको संसदीय प्रचलन र अभ्यासको जानकारी उपलब्ध गराउन, र विधायिकासम्बन्धी महत्वपूर्ण सामग्री र सूचना तयारी र प्रकाशनमा

योगदान पुऱ्याउँछ। यस शाखाले संसदीय पृष्ठभूमि, विधायिका र अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा महत्वपूर्ण कार्यहरू गरी संसदीय प्रणालीको सुदृढीकरणको भूमिका निर्वाह गर्दै आएको छ।

**शाखाको संगठन संरचना/दरबन्दी विवरण**




**कार्यक्षेत्र र जिम्मेवारीहरू**

संसदीय अध्ययन तथा अनुसन्धान शाखाले विभिन्न महत्वपूर्ण कार्यहरू गर्दै आएको छ। यस शाखाले गर्ने प्रमुख कार्यहरू निम्न छन्:

- संसदीय गतिविधिको प्रचार प्रसार र प्रकाशन कार्यको व्यवस्थापनमा सहयोग गर्ने,

- नेपाल र संसदीय व्यवस्था अपनाएका अन्य मुलुकहरुका सम्बन्धमा तुलनात्मक अध्ययन गरी संसदको इतिहास, संसदीय अभ्यास, प्रचलन र प्रक्रियासम्बन्धी प्रलेखहरु तयार गर्न सहयोग गर्ने,
- सांसद, संसदीय पदाधिकारी, संसद सचिवालयका कर्मचारी, मन्त्रालय, विभाग, संस्थान, विदेशी नियोग आदिको ठेगाना सम्पर्क नम्वर अद्यावधिक गर्ने,
- संसदीय अभ्यास र गतिविधिका सम्बन्धमा समाचार र विचारमूलक सामग्रीहरु तयार गरी प्रकाशन गर्ने,
- माननीय सदस्यहरुबाट माग भै आएका विषयहरुमा सूचना संकलन गरी आवश्यक जानकारी उपलब्ध गराउने,
- विधेयक माथिका छलफलमा अन्य मुलुकहरुमा भएका अभ्यासका बारेमा सदस्यहरुलाई उपलब्ध गराउने,
- संसदबाट निर्माण हुने नीतिका सम्बन्धमा विधायकहरुलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने,
- विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित सान्दर्भिक लेख रचना एवं सूचनाहरु संकलन तथा प्रशोधन गरी सम्बन्धित समितिमा पठाउने,
- माननीय सदस्यहरुलाई आवश्यक पर्ने अन्य कानूनी सूचना तथा खोजपूर्ण सामग्रीहरु तयार गर्ने,
- संसद वा समितिमा विचाराधीन रहेका विषयका सम्वन्धमा आवश्यक सूचना, सन्दर्भ सामग्री संकलन गरी उपलब्ध गराउने ।

**शाखाबाट सम्पादित कार्यहरूः**

संसदीय अध्ययन तथा अनुसन्धान शाखाले नेपालको संसदीय प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउने प्रयासमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। यस शाखाले सांसदहरूलाई आवश्यक संसदीय ज्ञान र जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ, जसले संसदको कामकाजी प्रक्रिया र निर्णयहरूको गुणवत्ता बढाउन मद्दत पुर्‍याउँछ। यस सन्दर्भमा शाखाद्वारा सम्पादित प्रमुख कार्यहरू देहायानुसार प्रस्तुत गरिएको छ।

क) अध्ययन तथा प्रकाशनतर्फः

**१. संसदीय निगरानीका औजार र नेपालको अभ्याससम्बन्धी अध्ययनः** संसदीय निगरानीको परिभाषा, निगरानी अन्तरगत रहने विषयहरू तथा निगरानीका प्रमुख औजारहरूको स्पष्टता सहित नेपालमा यस्ता औजारहरूको प्रयोगको अवस्थाका सम्बन्धमा यस शाखाबाट अध्ययन सम्पन्न भई प्रतिवेदन सम्पन्न भइसकेको छ।

**२. नेपालमा अध्यादेशः व्यवस्था र अभ्यास सम्बन्धमा अध्ययनः** नेपालमा अध्यादेशसम्बन्धी अभ्यास र यसले संवैधानिक मूल्य मान्यतामा पारेको प्रभावको विश्लेषण गर्ने तथा जनताको प्रतिनिधित्वविना संविधानले निर्दिष्ट गरेको सीमाभित्र रही जारी हुने अध्यादेशको अध्ययन गरी यससम्बन्धी कमी, कमजोरीहरूको पहिचान गर्ने तथा सुधारको लागि सुझाव प्रदान गर्नका लागि यस शाखाद्वारा अध्यादेशसम्बन्धी अध्ययन सम्पन्न भई प्रतिवेदन समेत पेश गरिसकिएको अवस्था छ।

**३. नेपालमा महाभियोगसम्बन्धी व्यवस्था र अभ्यासको अध्ययनः** नेपालमा महाभियोग प्रस्तावको सुरुवात तथा नेपालमा हालसम्मका महाभियोग प्रस्तावको सम्बन्धमा भएका निर्णयहरू समेतको आधारमा नेपालको महाभियोगसम्बन्धी मौजुदा व्यवस्था र विभिन्न समयक्रममा भएका प्रस्तावहरूको अध्ययन गर्ने कार्य सम्पन्न भई यससम्बन्धी जानकारीमूलक पुस्तिका समेत प्रकाशन भइसकेको छ।

**४. नेपालमा गैरसरकारी विधेयक अभ्यासको अध्ययनः** नेपालमा रहेका गैरसरकारी विधेयकहरुका सम्बन्धमा भएका अभ्यास एवं यससम्बद्ध संवैधानिक एवं कानूनी व्यवस्थाको प्रयोगमा रहेका कमी कमजोरी तथा सुधार गर्नुपर्ने विषयहरू अध्ययन गरी आगामी दिनमा अवलम्बन गर्नुपर्ने मार्गबारे सुझाव प्रदान गर्नका लागि यससम्बन्धी अध्ययन सम्पन्न भई प्रतिवेदन सम्पन्न भएको छ।

**५. संसदीय शब्दावलीको प्रकाशनः** संसदीय कार्य प्रक्रिया तथा प्रणालीमा प्रयोगमा आउने विभिन्न शब्दावलीहरूको अङ्ग्रेजी रूपान्तरण तथा अर्थसहित समावेश रहेको संसदीय शब्दावलीको प्रकाशन भएको छ।

**६. संसद जर्नल प्रकाशनको सुरुवात र निरन्तरताः** संसदीय प्रणाली तथा प्रक्रियासँग सम्बन्धित विविध विषयहरूसँग सम्बन्धित विभिन्न अनुसन्धानमूलक लेख रचनाहरू समावेश गरी संसद जर्नलको प्रकाशनको सुरुवात भएको छ।

**७. संसदीय कूटनीतिसम्बन्धी अध्ययनः** संसदीय कूटनीतिको अर्थ तथा नेपालमा संसदीय कूटनीतिको अभ्याससम्बन्धी विषयमा आधारित रहेर संसदीय कूटनीतिसम्बन्धी अध्ययन सम्पन्न भएको छ।

**ख) समझदारी पत्र (MOU) मा हस्ताक्षरः**

संसदीय अध्ययन तथा अनुसन्धान शाखाले संघीय संसद सचिवालयका तर्फबाट देहायका निकायहरूसँग समझदारीपत्रमा हस्ताक्षर गरी संसदीय अध्ययन तथा अनुसन्धानको कार्यमा सहयोग आदान प्रदान गर्न तथा संघीय संसद सचिवालयलाई आवश्यक समेत विभिन्न पक्षमा सहयोग प्राप्त गर्नका लागि समझदारी पत्रमा हस्ताक्षर गर्ने कार्य सम्पादन गरेको छ। साथै, काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमन्ट (KUSOM) सँग समझदारी पत्रमा हस्ताक्षर गर्नका लागि विभिन्न चरणमा बैठकहरू सम्पन्न भएका छन् ।

काठमाडौं स्कूल अफ ल (KSL) सँग समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको।

नीति अनुसन्धान प्रतिष्ठान (PRI) सँग समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको।

**ग) Intern हरूको व्यवस्थापनः**

संसदीय अध्ययन तथा अनुसन्धान शाखाले काठमाडौं स्कूल अफ लसँग समझदारीपत्रमा हस्ताक्षर गरेबमोजिम कानून संकायमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरू वार्षिक ५

जना र अन्य शैक्षिक संस्थाहरूमा अध्ययनरत Intern विद्यार्थीहरूलाई संसद सचिवालय अन्तरगतका शाखा तथा समितिहरूमा व्यवस्थापन गर्ने कार्य यस शाखाले गर्दै आएको छ।

**५. शाखाका समस्या र चुनौतीहरू**

**संसदीय अध्ययन तथा अनुसन्धानका लागि आवश्यक स्रोत साधनको अभाव रहनुः**

अध्ययन तथा अनुसन्धानको कार्यलाई प्रभावकारी बनाउनका लागि भौतिक प्रविधिजन्य तथा सूचना प्रविधि पूर्वाधार लगायतका स्रोत तथा साधनहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसक्दा कार्यप्रभावकारितामा अपेक्षित सुधार गर्न सकिएको छैन।

**जानकारीको अभाव र कम महत्त्व दिइनुः**

संसदीय अध्ययन तथा अनुसन्धान शाखाको काम, कर्तव्य, अधिकार र क्षेत्राधिकारको बारेमा जानकारीको अभाव रहनुका साथै संसदीय अध्ययन तथा अनुसन्धानको कार्यलाई कम महत्त्वका साथ हेर्ने गरी एको छ।

**विषय विज्ञ र पर्याप्त जनशक्तिको अभावः**

अनुसन्धानसँग विषय विज्ञ र सम्बन्धित क्षेत्रको ज्ञान रहेका जनशक्तिको अभाव छ भने संगठन संरचना अनुसार स्वीकृत जनशक्ति पनि निर्धारित कार्य सम्पादनका लागि न्यून रहेको देखिन्छ।

**क्षमता विकासमा न्यून लगानीः**

संसदीय अध्ययन तथा अनुसन्धान प्राविधिक कार्यसमेत रहेको सन्दर्भमा यस शाखाका कर्मचारीहरूको क्षमता विकासमा लगानी वृद्धि गर्नुपर्ने देखिन्छ। यसमा न्यून लगानी र चासो हुँदा संसदीय अध्ययन तथा अनुसन्धानको विषय प्रभावकारी बन्न नसक्ने सम्भावना रहन्छ।

## ६. आगामी मार्ग

संसदीय अध्ययन तथा अनुसन्धानका लागि आवश्यक भौतिक, प्राविधिक तथा आर्थिक स्रोत साधनको सुनिश्चतता गर्ने,

संसदीय अध्ययन तथा अनुसन्धान शाखाका कार्यहरूको प्रचार गरी यसको महत्त्व र आवश्यकतामाथि साझा धारणाको विकास गर्ने,

अध्ययन र अनुसन्धानका लागि विषय विज्ञ र पर्याप्त जनशक्तिको प्राप्ति र विकास गर्ने,

शाखामा मौजुदा जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूमा लगानी तथा चासो अभिवृद्धि गर्ने,

शाखाको समन्वयात्मक क्षमता विकास गरी अन्य सम्बन्धित निकायहरूसँगको सहकार्य अभिवृद्धि गर्ने।

□□□

मुद्रण: संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं